'सहकारीको दिगोपन: स्वनियमन र सुशासन'

गो.हु.का.द.नं. ०४/०७७/०७८

# सहकारी सन्देश

सहकारी अभियानको शिर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघको प्रकाशन: कार्तिक, २०८०



## सहकारीको सेवा प्रवाहमा डिजिटल प्रविधिको उपयोग

## नेपालको सहकारी व्यवस्थित कसरी गर्ने

## भिजनरी संस्था निर्माणको आवश्यक तत्व

## लघु उद्यम विकासमा सहकारी

## अभियानलाई केही भएकै छैन: यज्ञराज ढुंगेल



नेपालीहरुको महान चाड

# विजया दशमी २०८०

को पावन अवसरमा सहकारी अभियानका अग्रज, अभियन्ता, आवद्ध सदस्य एवम् अभियानका सरोकारवालाहरु लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**परितोष पौड्याल**

अध्यक्ष

एवं नेफस्कून परिवार

**नेफस्कून**

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

Nepal Federation of Savings and Credit Cooperative Unions Ltd.

# हार्दिक
# शुभकामना



## बडादशै तिहार छठ पर्व २०८०

को सुखद अवसरमा सम्पूर्ण देश-विदेशमा रहनुहुने
नेपाली आमा-बुबा, दाजु-भाई, दिदी-बहिनीमा
सुख, शान्ति, सुस्वास्थ्य एवम् दीर्घायुको मंगलमय
शुभकामना व्यक्त गर्दछु ।

**महेन्द्रकुमार गिरी**
कार्यकारी प्रमुख
**सहारा नेपाल साकोस**
बिर्तामोड-२, झापा




वडा
दशैं
२०८०
को
शुभकामना
संखधर
बचत तथा ऋण सहकारी संस्था लि.
Shankhadhar Saving and Credit Co-operative Ltd.
Madhyapur Thimi-4, Shankhadhar Chok
E-mail : shankhadhar_s@yahoo.com
saccos154@gmail.com
☎: 01-5093507, 01-5093576


महान चाड
दशैं
२०८० को
शुभकामना
मनासलु बहुउद्देश्यीय सहकारी सस्था लि.
Manasalu Multipurpose Cooperative Limited
ललितपुर उपमहानगरपालिका वडा नं. २०, पूर्णचण्डी मार्ग, ललितपुर, फोन नं.: ०६१-५५५५२६९, ५५४६२६९
इमेलः manasalucooperative1999@gmail.com, वेबसाइटः www.manasalucooperative.com.np

# यसभित्र...


सहकारीमैत्री भारतीय सरकार र महासम्मेलन — ३
केशव बडाल

सहकारीको सेवा प्रवाहमा डिजिटल प्रविधिको उपयोग — ९
सुरेन्द्र पाण्डे

नेपालको सहकारी व्यवस्थित कसरी गर्ने — १३
कैलाश भक्त प्रधानाङ्ग

सहकारीमा महिला तथा युवाको सन्दर्भमा वित्तीय र सामाजिक समावेशीकरण — २१
राधिका अर्याल

सहकारी क्षेत्रमा तरलता व्यवस्थापनः चुनौति, सवाल र समाधान — ३१
प्रकाशप्रसाद पोखरेल

भिजनरी संस्था निर्माणको आवश्यक तत्व — ३७
रामसूदन तिमल्सिना

बचत ऋण सहकारीलाई स्तरीय बनाउने सवाल — ४१
गणेश प्रसाद तिमल्सिना

लघु उद्यम विकासमा सहकारी — ४५
निर्मल सिग्देल

अभियानलाई केही भएकै छैनः यज्ञराज ढुंगेल — ४९

सहकारीमा पठन संस्कृति बढ्न थाल्यो — ५३
केदार बाँस्कोटा

'मर्यादित व्यवसाय र प्रविधिमा सहकारी'

सहकारी सन्देश

जि.प्र.का.,काठमाडौं द.नं.: ११५/०५८/५९
गो. हु. का. द.नं.: ०४/२०७७/०७८

वर्ष २०, अङ्क-१, २०८०, कार्तिक
(Oct/Nov, 2023)

**सल्लाहकार**
**मीनराज कँडेल**
अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ

**केशव प्रसाद वडाल**
निवर्तमान अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ

**दीपक प्रकाश बाँस्कोटा**
पूर्व अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ

**व्यवस्थापन**
सूचना तथा प्रकाशन उप-समिति
**संयोजक**
टेकप्रसाद चौलागाई
**सदस्य**
राजेन्द्र पौडेल

**प्रधान सम्पादक**
चित्रा कुमारी थाम्सुहाङ सुब्बा

**सम्पादक**
रामसूदन तिमल्सिना

**सह-सम्पादक**
केदार बाँस्कोटा

**मार्केटिङ**
ध्रुव रिजाल

**प्रकाशकः**
**राष्ट्रिय सहकारी महासंघ लि., नेपाल**
पो.ब.नं.: ११८५९, काठमाडौं
हरिहरभवन, पुल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०११६, ५०१००३३
E-mail: ncfcoop@gmail.com
Web site: www.ncfnepal.com.np
Facebook: facebook.com/ncf.nepal.9

**मुद्रणः**
जय लालीगुँरास इन्भेष्टमेन्ट एण्ड ट्रेडिङ कम्पनी
हरिहरभवन, ललितपुर
फोन नं.: ०१-५०१०७११

**सम्पादकीय**

# साँस्कृतिक उत्सवहरूलाई स्वस्थकर र मितव्ययी बनाऊ !

हिन्दू सनातन संस्कृतिमा पितृ पक्ष (सोऱ्ह श्राद्ध)को विधिवत बिर्सजनसंगै शुरू हुने दुर्गा पक्ष (बडादशैं)मा शक्तिरूपा नव दुर्गाहरूको विशेष पूजा आराधना हुने गर्दछ । दुर्गा भगवती वा भवानीलाई शक्तिका रूपमा पुजिन्छ । शक्तिको आराधनाबाट सुख र समृद्धि प्राप्त हुन्छ भन्ने जनविश्वास रहेको पाइन्छ । शक्ति (उर्जा)बाट नै मानव जीवन चलायमान हुनेहुँदा मानिसहरूले आफ्नो जीवनका लागि शक्तिको आराधना गर्नैपर्छ ! यही सामाजिक मनोविज्ञानबाट निर्देशित भएको हुँदा समाजमा सबै मानिसले आ-आफ्नो गक्ष(क्षमता, क्रयशक्ति) अनुसार बडादशैं लगायतका चाडपर्वहरू मनाउने गरिन्छ ।

बडादशैं, दीपावली, नेपाल सम्बत ११४४ र छठलगायतका चाडहरू हाम्रा महान साँस्कृतिक पर्व हुन् । चाडपर्व भन्नेबित्तिकै राम्रो लगाउने, मीठो खाने र आपसमा खुसी साटासाट गर्ने सुअवसरका रूपमा लिइन्छ । यी महान पर्वहरूमा स्रोत जुटाएरै भए पनि राम्रो लाउने र मीठो खाएर खुशी साटासाट गरिन्छ । अर्थात् बडादशैं लगायतका चाडपर्वहरूलाई सबै नेपालीले समान रूपले मनाउने गरिन्छ ।

पछिल्ला केही वर्ष यतादेखि भने अनपेक्षित महङ्गीले आम नागरिकको जनजीवन धान्नै नसक्ने बन्दै गएको प्रतित हुन्छ । महङ्गीले गर्दा चाडपर्वहरू कसैलाई पनि दशा नबनुन् ! मीठो खाना र राम्रो नानामा रमाउन चाहने हामी नेपालीका लागि बडादशैं, दीपावली, नेपाल सम्बत ११४४ र छठ पर्वहरू उल्लासपूर्ण अवसरमा नै रूपान्तरित गर्नका लागि विद्यमान महङ्गीलाई सरोकारवालाहरूले नियन्त्रण गर्नुको विकल्प छैन ! यद्यपि व्यवहारिक पक्षलाई नियाल्दा हाम्रा चाडपर्वहरू दिनप्रतिदिन महङ्गा मात्र नभएर आम नागरिकले धान्नै नसक्ने बन्दै गएका छन् ।

बडादशैंको महत्व नै पारिवारिक मिलन र सानालाई ठूलाले माया गर्ने, ठूलासंग टीका थाप्ने, मीठा खानेकुरा खाने र आशिश लिनु त विशेषता नै हो र साँस्कृतिक मौलिकता पनि ! मीठो खाने र राम्रो लगाउने पर्वमा स्वास्थ्य प्रतिकूल हुनेगरी आहारबिहारलाई सन्तुलित र व्यवस्थित गर्न नसक्दा उत्तिकै खतरा पनि रहन्छ । यद्यपि चाडपवहरूमा मीठो खाने, राम्रो लगाउने र आपसमा खुसी साटासाट गर्नु त छँदैछ । त्यति हुँदाहुँदै पनि वर्ष दिनमा आउने महान चाडपर्वहरूलाई कम खर्चिलो र बढी मितव्ययी बनाउनु बुद्धिमानी हुन्छ । चाडपर्वहरूलाई कम खर्चिलो बनाउन सकियो भने अनपेक्षित महङ्गीको सामना गर्न पनि सहज हुन्छ । यसै कुरालाई मध्यनजर गर्दै चाडपर्वजन्य हाम्रा महान वार्षिक साँस्कृतिक उत्सवहरू मनाउँदा आफ्नो क्रयशक्ति (आर्थिक हैसियत, क्षमता)मा सीमित गर्न सकियो भने सुनमा सुगन्धत थपिन्छ । अर्थात् खेतवारी केन्द्रित भन्दा पनि बजारकेन्द्रित खाद्यान्न आपूर्तिले गर्दा भए/नभएको स्रोत जुटाएर संग्रहित खाद्यपदार्थको अधिक अपचलनलाई नियन्त्रण गर्न सकियो भने आर्थिक, सामाजिक र साँस्कृतिक कोणबाट स्वास्थ्यकर हुन जान्छ । अर्थात् बडादशैं तिहार भन्नासाथ माछा-मासुको अधिक प्रयोग हुने हुँदा खानपानमा विशेष ध्यान पुऱ्याउन सकियो भने आम रूपमा नै स्वास्थ्यका लागि हीतकर हुने तथ्यलाई आत्मसाथ गरेर पर्व मनाऊ ! यसो गर्न सकियो भने बित्तीय कोणबाट समेत मितव्ययी हुनेमा दुईमत छैन ।

यसमा प्रकाशित सामग्रीका व्यक्ति विचारहरु सर्जकका निजी हुन् । प्रकाशित सामग्रीहरुको बारेमा आफ्ना सुझाव र प्रतिक्रिया पठाउनु हुन पाठकहरुमा हार्दिक अनुरोध गरिन्छ ।

# सहकारीमैत्री भारतीय सरकार र महासम्मेलन






**केशव बडाल**
पूर्वमन्त्री तथा निवर्तमान अध्यक्ष,
राष्ट्रिय सहकारी महासंघ

"सन् १९०४ बाट शुरु भएको भारतको सहकारी अभियानको लामो इतिहास छ । सहकारी बैंककै इतिहास ११७ वर्षको छ । हाम्रो समाजको हरेक तह र तप्कामा समग्र विकासका लागि सहकारीको महत्व मैले बताइरहनु पर्दैन । समृद्ध भारतका लागि टोल टोलमा, गाउँ गाउँमा, जिल्ला जिल्लामा र सबै राज्यमा सहकारीको महत्वपूर्ण भूमिका छ । विकसित भारतका लागि, समृद्ध भारतका लागि सहकारीका करोडौं सदस्य र लाखौ संस्थाहरूमा उत्साह र हौसला सिर्जना गर्न जरूरी छ । यसका लागि दसकौं देखिको तपाई सहकारी फार्म र एन.सि.यु.आई.को मांग अनुसार केन्द्रमा आफ्नै सहकारी मन्त्रालय स्थापना गरेका छौं, अब तपाईहरूले मेरो माग पूरा गर्नु पर्छ । तपाईहरूले सहकारीका सबै कारोबार क्यासलेस गरी दिनुस्, पूराका पूरा पारदर्शी गरिदिनुस्, डिजिटल कारोबारमा जोड दिनुस्, मेक इन इण्डियालाई सफल गरिदिनुस्, आयात प्रतिस्थापन र निर्यातमा बढोत्तरी गरिदिनुस् । अब एक देश एक कानून, प्रदेश र हरेक गाउँमा लागू गरिदिनुस् । हामीले अलग मन्त्रालय मात्र होइन, अलग बजेटको पनि व्यवस्था गरिदिएका छौं । प्लेट फर्म दिने, ठाउँमा कर्पोरेट सरह हर क्षेत्रमा सहकारीलाई प्लेटफर्म उपलब्ध गराएका छौं । करको दर सहकारीलाई निक्कै घटाएका छौं । सहकारी बैंकको शाखा खोल्ने व्यवस्था थिएन, अहिले शाखा खोल्ने व्यवस्था गरेका छौं । यता ९ वर्षमा हामीले गरेको निर्णय र लिएको नीतिले सहकारीको हर क्षेत्रमा प्रोत्साहन गरिएको छ । पहिले पहिले किसानलाई जाने सहयोग बिचौलियामार्फत पुग्थ्यो, अहिले सोझै किसानको खातामा जाने व्यवस्था मिलाएका छौं । यो सबै कार्यले साना किसानको जीवन स्तर उठाउन मद्दत पुगेको छ ।"

"अहिले हामीले २७० रूपैयामा एक वोरा युरिया मल किसानलाई दिएका छौं, यही मल चीनमा २००० पर्छ, पाकिस्तानमा ८ सय पर्छ, बङलादेशमा ७०० पर्छ, अमेरिका

(USA) मा २००० पर्छ, । हरेक वर्ष हरेक किसान परिवारमा वार्षिक ५० हजार पुग्ने गरी व्यवस्था गरेका छौं । यो मोदीको ग्यारेण्टी हो, यो आश्वासन मात्र होइन गरिरहेकै कामहरूको विवरण हो । उखु किसानका लागि प्रति क्विण्टल ३५० अनुदान दिएका छौं । विकसित र आत्मनिर्भर भारतका लागि सहकारी मार्फत यो सबै गरेका छौं । तर सहकारी पारदर्शी हुनुपर्छ, सहकारीमा सुशासन हुनुपर्छ, डिजिटल कारोबार हुनुपर्छ, क्यासलेस कारोबार हुनुपर्छ ।"

"समृद्ध भारतका लागि डेरी क्षेत्रमा सहकारीले विश्वको उत्पादनको २४ प्रतिशत दुध उत्पादन गरेर संसारको नम्बर एक भएको छ, यसका लागि सहकारी क्षेत्रको योगदान अत्यन्त सराहनीय छ । यसरी अमूल लगायत दुग्ध सहकारीले विश्वमा आफ्नो स्थान अव्वल कायम गरेको छ । यसैगरी चिनी उत्पादनमा संसारकै एक नम्बर उत्पादक देश भारत भएको छ, देशभरमा ५ सय ३५ चिनी मिलहरू मध्ये २ सय ५८ चिनी मिलहरू सहकारीबाट सञ्चालित छन् । विगतमा उँखु किसानले उँखुको भुक्तान नपाएर दुःख पाएका थिए, हामीले चिनी मिललाई २० हजार करोड दिएर सबै किसानको भुक्तान गर्ने काम गरेका छौं । गत वर्ष चिनी मिलबाट ७० हजार करोड मूल्यको इथानोल किनेर चिनी मिललाई प्रोत्साहन गरेका छौं । यो वर्ष सहकारी चिनी मिलका लागि १० हजार करोड बजेटको व्यवस्था गरेका छौं । यसले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा ठूलो योगदान गर्ने छ ।

खाद्य सुरक्षा केवल चामल र पिठो मात्र होइन, खाने तेल लगायतका खाद्य आवश्यकताका वस्तु र कोदो, फापर, जुनेलो, कागुनु, जौं लगायतका उत्पादन प्रोत्साहनका लागि विशेष प्रोत्साहन बजेट व्यवस्था गरेर सीमान्तीकृत समुदाय र पछाडि परेका जनताको जीवन उठाउन विशेष कार्यक्रम सञ्चालन गरेका छौं । यो वर्ष २५ हजार मत्स्य सहकारी संस्थालाई प्रवर्द्धन गरेर नयाँ रोजगारी सिर्जनामा आशा लाग्दो प्रगति गरेका छन् ।

अब हामी २ लाख बहुउद्देश्यीय सहकारी संस्था गाउँ गाउँमा स्थापना गरेर सहकारी नपुगेका सबै गाउँमा सहकारीको पहुँच पुऱ्याउने नयाँ कार्यक्रम लञ्च गर्दैछौं । अहिलेसम्म भारतभर १४०० लाख टन क्षमताका गोदाम घरहरू छन् । आउँदो ५ वर्षमा ७०० लाख टन क्षमताको नयाँ भण्डार बनाउने कार्यक्रम छ । यसमा सबैभन्दा बढी सहकारी क्षेत्रबाट संचालन हुने गरी निर्माण गरिनेछ, जसले गर्दा सहकारी क्षेत्र विकासको आधार भन्ने नारालाई व्यबहारमा उतार्न, सहकारीलाई विकासको मूल आधारको रूपमा स्थापित हुन सहयोग पुग्नेछ ।" यो सहकारीमैत्री मन्तव्य सन् २०२३ जुलाई १ देखि २ सम्म नयादिल्ली, भारतमा सम्पन्न भएको सत्रौं भारतीय सहकारी महासम्मेलनको उद्‌घाटन समारोहमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको हो ।

१० वर्षपछि सम्पन्न भएको सत्रौं भारतीय सहकारी महासम्मेलन विगतको भन्दा हरेक हिसाब (दृष्टिकोण) ले भिन्न ढङ्गले भारतीय राष्ट्रिय सहकारी संघबाट आयोजना भएको थियो । भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र बर्मा (म्यानमार) मा बृटिस उपनिवेसकै समयमा सन् १९०४ मा सहकारी ऐन बनेको थियो । नेपालको भन्दा ८८ वर्ष जेठो ऐन बनेर कृयाशील भएको, सहकारी अभियानको छाता संघ भारतीय राष्ट्रिय सहकारी संघ (NCUI) अर्थात् नेशनल कोअपरेटिभ यूनियन अफ इण्डिया हो । यसको १७ औं राष्ट्रिय महासम्मेलनमा संसारका विभिन्न देशका सहकारी अभियानलाई निमन्त्रणा गरिएको थियो । नेपालबाट राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ, नेपाल कृषि सहकारी केन्द्रीय संघ र राष्ट्रिय सहकारी बैंक लि.समेतलाई निमन्त्रणा गरिएको थियो । यसैगरी, बङलादेश, श्रीलंका, मलेसिया, जापान, फिलिपिन्स, इरान, थाइल्याण्ड लगायतका देशहरूको समेत सहभागिता रहेको थियो ।

उक्त महासम्मेलन अन्तर्राष्ट्रिय प्रदर्शनी सहसम्मेलन केन्द्र (IECC), प्रगति मैदान, नयाँ दिल्लीमा आयोजना भएको थियो । करीब तीन हजार (३०००) जनाको सिट व्यवस्था भएको हल, आकर्षक ढङ्गले सजाइएको थियो । सजाइएका मञ्चमाथि साइडमा र बाहिर बिभिन्न डिसप्ले बोर्डमा सहकारीको लोगो भन्दा अरू नै कुरालाई बढी प्रचारित गरेको देखिएको थियो । उक्त प्रचार प्रसारमा सहकारी अभियान भन्दा सरकारलाई प्राथमिकता दिइएको थियो । यो महासम्मेलनको थिम "अमृत काल-जीवन्त भारत हेतु सहकारिता से समृद्धि" थियो । भारतको राष्ट्रिय लोगो मात्र होइन 'G 20' त्यसपछि, "आजादीका अमृत महोत्सव" समेतलाई प्राथमिकतामा राखिएको थियो ।

समारोहको उद्‌घाटनको प्रमुख अतिथि प्रधानमन्त्री भएकोले कार्यक्रम शुरू हुनु भन्दा १ घण्टा पूर्व सवै सहभागी सिटमा बसिसकेका थिए । मञ्चबाट उद्‌घोषिका सिवानीले प्रधानमन्त्रीको उपस्थितिलाई महत्व दिंदै उद्‌घोषण गरिरहेकी थिइन् । उद्‌घोषण संगसंगै मंगल आरती धुन निरन्तर

समृद्ध भारतका लागि डेरी क्षेत्रमा सहकारीले विश्वको उत्पादनको २४ प्रतिशत दुध उत्पादन गरेर संसारको नम्बर एक भएको छ, यसका लागि सहकारी क्षेत्रको योगदान अत्यन्त सराहनीय छ । यसरी अमूल लगायत दुग्ध सहकारीले विश्वमा आफ्नो स्थान अव्वल कायम गरेको छ । यसैगरी चिनी उत्पादनमा संसारकै एक नम्बर उत्पादक देश भारत भएको छ, देशभरमा ५ सय ३५ चिनी मिलहरू मध्ये २ सय ५८ चिनी मिलहरू सहकारीबाट सञ्चालित छन् ।

बजिरहेको थियो । यसैबीच भारतीय भेषभुषामा सजिएकी युवतीले विश्व वातावरण बिग्रिँदै गएकोबाट अत्यन्त भावुक र चिन्तित भएर गीत गाउँदै-"यो पृथ्वी हाम्री आमा हुन, यो पृथ्वीको वातावरण बिगार्ने काम भयो, अब वातावरणको रक्षा गरौं !" भन्दै रूँदै गीत गाइन् । अझ भन्दै थिइन्-"धर्ती माताले तिमीलाई धेरै दिइन, तर धर्तीको रक्षाका लागि तिमीले के दियौं ? फर्टिलाजर हाल्यौं, पेष्ट्रिसाइड हाल्यौं, हर्बिसाइड हाल्यौं, रोडेन्टीसाइड हाल्यौं, माटोलाई वरवाद पार्‍यौं, खेतवारी बञ्जर बनायौं !" भन्दै रून थालिन् । उनले गीतमार्फत किसान र कृषिको महत्वबोध गराइन् ।

यो समयमा प्रमुख अतिथि प्रधानमन्त्री नरेन्द्र मोदी आइसकेका थिए । प्रमुख अतिथि प्रधानमन्त्री नरेन्द्र मोदी, सहकारी तथा गृहमन्त्री अमित साह, सहकारी राज्यमन्त्रि बि.एल. बर्मा, एनसियुआईका निवर्तमान अध्यक्ष डा. चन्द्रपाल सिंह र एनसियुआईका अध्यक्ष दीलिप सिहानी गरी ५ जना मञ्चमा आशिन थिए । सहकारी मन्त्री अमित साहले अध्यक्षता गरेका उक्त कार्यक्रमको स्वागत मन्तव्य राख्दै दीलिप सिहानीले भनेका थिए "महासम्मेलनमा सहभागी सबैलाई स्वागत छ । भारतमा सन् १९०४ बाट सहकारी ऐन पारित भएसंगै सहकारी अभियान शुरू भयो ।" अहिले आठ लाख ५० हजार सहकारी संस्था छन् । ३० करोड शेयर सदस्य छन् । सम्पूर्ण सहकारी संघ/संस्थाको तर्फबाट यो १७ औं सहकारी महासम्मेलनमा स्वागत गर्दछु । आज प्रधानमन्त्री, सबै मन्त्रीहरू, सबै प्रदेशका मुख्यमन्त्रीहरू सहकारीको गतिशिलताका लागि र वातावरणमैत्री कृषि सहकारीको विकास र विस्तारका लागि नीतिगत र व्यवहारिक रूपले प्रतिवद्धता जाहेर गर्दै आउनु भएको छ । प्रधानमन्त्री, मन्त्री समेत सबैमा स्वागत तथा धन्यवाद व्यक्त गर्दछु"।

स्वागत मन्तव्यपछि, कार्यक्रमको अध्यक्षता गरिरहेका सहकारी तथा गृहमन्त्री अमित साहले महत्वपूर्ण मन्तव्य राख्दै भन्नुभयो । "सबै सहकारीकर्मीहरूप्रति सम्मान व्यक्त गर्दछु । प्रधानमन्त्री मोदीजी दोस्रो पटक प्रधानमन्त्री भएपछिको कार्यकालमा सहकारी मन्त्रालय स्थापना गर्नुभयो । यसरी लामो समयदेखि सहकारीकर्मीहरूको प्रतिक्षारत अलग्गै मन्त्रालय मोदीजीले स्थापना गर्नु भएकोमा उहाँलाई धन्यवाद दिन्छु । (यसपछि सिङ्गै हलका सहभागीले उठेर ताली बजाएका थिए । कतिपयले मोदी-मोदीको नारा पनि लगाएका थिए ।) अहिले एन.सी.यू.आई.का अध्यक्ष दीलिप सिहानी अध्यक्ष भएपछि देशभरि नयाँ तरङ्ग आएको छ । सहकारी क्षेत्रबाट उत्पादित उर्वरक (रासायनिक मल) ले देशको ३५ प्रतिशत योगदान गरेको छ । चिनी उत्पादनमा ३५ प्रतिशत सहकारीको योगदान छ, गहुँमा १३ प्रतिशत योगदान छ, धानमा २० प्रतिशत योगदान छ । यसैगरी हाउजिङ्मा, मत्स्य पालनमा, सहकारी बैंक लगायत यावत क्षेत्रमा उल्लेखनीय योगदान रहेको छ । आजादीपछिको बिगत ७५ वर्षको योगदान भन्दा बढी अबको २५ वर्षे अमृत कालमा गर्नु छ । त्यसका लागि सहकारीले आजसम्म भए गरेका कामहरूमा अरू तीब्रता ल्याउँदै, सहकारी कम्यूनिकेशन, सहकारी आधुनिकीकरण र समग्र विकासमा सहकारीको अहम् भूमिका हुने गरी काम गर्नुपर्छ । मन्त्रालय तथा सरकारको तर्फबाट आवश्यक ऐन, कानून, नीति नियममा गर्नुपर्ने काममा कुनै कमी हुने छैन । कर सम्बन्धमा सवै २६ राज्यले ७५ प्रतिशत कर घटाउँने काम तुरुन्तै हुने छ ।" कर सम्बन्धी सवालमा यसले देशभरिका सहकारीमा सकारात्मक परिवर्तन ल्याउने छ, कृषि क्षेत्रको भण्डारण क्षमतामा सहकारी क्षेत्रको ३६ प्रतिशत क्षमता हुने गरी सबै काम हुने कुरा म सहकारी मन्त्रीको हैसियतले प्रतिवद्धता जाहेर गर्दछु ।

एक क्लिक गर्दा ३ लाख गाउँमा सबै सूचनाको पहुच पुऱ्याउने व्यवस्था गरिएको छ । एकै निर्णयबाट १५ हजार करोड रकम कर मुक्त गरेर सहकारीलाई प्रोत्साहन गरिएको छ । यसैगरी तालिम, प्रशिक्षण, पूर्वाधार आवश्यक सहयोग पुऱ्याउने अठोट गरेका छौं । सहकारी सम्वन्धी युवाहरूको क्षमता विकास र प्रोत्साहनका लागि ६२० संस्थालाई प्राथमिकतामा राखि विस्तार गर्न आवश्यक प्रबन्ध गरिएको छ । सरकारले सबै युनिभर्सिटीहरूमा सहकारी विषय सामेल गराउने निर्णय गरिएको छ । गरिबीको रेखामुनिका जनतालाई समेट्ने सहकारी संस्थाहरूलाई विशेष योगदान गर्ने अठोट गरिएको छ । वर्तमान प्रधानमन्त्रीको कार्यकाल सहकारीका लागि स्वर्ण कार्यकालको रूपमा स्थापित हुनेछ ।"

अध्यक्षको आसनबाट सहकारी मन्त्री तथा गृह मन्त्री अमित साहले बोलेपछि प्रमुख अतिथि प्रधामन्त्री नरेन्द्र मोदीले एन.सि.यु.आई.को अनलाइन पोर्टल स्वीच दबाएर उद्घाटन गरेका थिए । प्रमुख अतिथि प्रधानमन्त्री नरेन्द्र मोदीको उद्घाटन मन्तव्य आलेखको शुरूमै विश्लेषण गरिसकेको छु । उक्त बिचार प्रस्तुती पछि उद्घाटन सत्र समापन भएको थियो । प्रधानमन्त्रीको प्रस्तुतिको बीच बिचमा सिङ्गै हल गुञ्जायमान हुनेगरी, "मोदी-मोदी"... "मोदी" भनेर मोदीको बिचारलाई समर्थन जनाएका थिए, तर मोदीजी बाहिरिएसंगै हल भित्रका करीब ९० प्रतिशत सहभागीहरू बाहिरिएका थिए । उद्घाटनपछिको टेक्निकल सेसनमा सीमित व्यक्तिहरूको मात्र सहभागिता रहेको थियो ।

खानापछिको टेक्निकल सेसन थियो । यो सेसनको कार्यक्रम सञ्चालन सावित्री सिंहले गर्नु भएको थियो । अध्यक्षता दीलिप सिंहानीले गर्नु भएको थियो । यो टेक्निकल सेसनको शीर्षक **"कण्डुसिभ को अपरेटिभ लेजिस्लेसन एण्ड पोलिसी रिफर्म"** थियो । यो सेसनका प्यानलिष्टहरू सुरेश प्रभाकर प्रभू, वि.एल.भिना (पुरुष), यसा मुदगल, आलोक अग्रवाल र प्रकाश प्रसाद नल्कनाभारे, थिए भने मोडरेटर रूपमा बाबुलाल मिना थिए । सेसनमा सहभागीहरूको त्यति उत्साह देखिएन । सेसनका मोडरेटर बाबुलालजीको जोड सहकारीका सात सिद्धान्त पुरानो भयो भन्नेमा थियो । नयाँ ढङ्गले जानुपर्छ भन्नेमा उहाँको जोड थियो । उहाँको प्रस्तुतिका क्रमको ब्याख्याले सहकारीको आधारभूत सिद्धान्तप्रति शंकालु भएको बुझिन्थ्यो । सहकारीको सात सिद्धान्तका बारेमा अन्तर्राष्ट्रिय सहकारी महासंघले कार्यदल नै बनाएर व्याख्या सहितको दस्ताबेज प्रकाशित गरिसकेको अवस्थामा उहाँको बिचार सहकारीको आधारभूत दर्शन, सिद्धान्तबाट अलि बिचलित हुन खोजेको हो कि ? सहकारीको स्वायत्तता र स्वतन्त्रताप्रति शंका गरेको हो कि ? सहकारी सामाजिक व्यवसाय हो भन्ने मान्यताबाट अलि बिचलित हुन खोजेको हो कि जस्तो देखिन्थ्यो ।

यसपछिको प्यानलका अर्का विद्वान व्यक्ति थिए आलोक अग्रवाल । उनीको प्रस्तुतिले सिद्धान्त तर्फ भन्दा व्यवहारिकता तर्फ बढी जोड दिएको थियो । उनको भनाई यस प्रकार थियोः-

"भारत संसारकै सहकारीको घर हो । संसारकै मूल घर भन्नुको अर्थ भारतमा अमेरिका र चीनमा भन्दा बढी सहकारी संस्थाहरू छन् । सहकारी मन्त्रालय बनेपछि सहकारीको विकास र विस्तारका लागि नयाँ कानूनी र नीतिगत निर्णयहरु भएका छन् । अरू बन्ने क्रममा छन् । अहिले सहकारीको दायरा बढेको छ । मानवीय आवश्यकताका सबै क्षेत्रमा सहकारी कृयाशील हुन सक्ने आधार बन्दै गएको छ । पेट्रोल पम्प, गोदाम घर र कृषिसंग सम्बन्धित सबै क्षेत्रमा सहकारीका गतिशीलता बढेको छ । नीतिगत क्षेत्र र कानूनी क्षेत्रबाट व्यापक विस्तार हुँदै गएको छ ।"

अर्का प्यानलिष्ट, प्रकाश प्रसाद नल्कनाभारे, सुगर कोअपरेटिभ फेडरेशनका म्यानेजिङ डाइरेक्टरले विषयकेन्द्रित भई विचार प्रस्तुत गर्नु भएको थियो ।

सहकारीले अरूसंग सहकार्य गर्दा सहकारीको आत्मा स्वायत्तता र स्वतन्त्रता हराउने गरी सहकार्य गर्नुहुदैन । जो सुकैसंग र जुनसुकै शर्तमा सहकार्य गर्दा सहकारीको दर्शन, सिद्धान्त बिचलित हुने खतराबाट होसियार हुनुपर्छ । भर्खरै डा. चन्द्रपाल सिंह यादबले जुन कर्पोरेटसंग सहकार्य बारे जे भन्नुभयो, यसबारे सबै सहकारीकर्मी गम्भिर हुनुपर्छ ।

"सुगर कोअपरेटिभ फेडरेशनले देशका २५८ वटा सहकारी चिनी मिलहरूको नेतृत्व गर्दछ । यो सुगर कोअपरेटिभ फेडरेशन संसारकै ठूलो हो । यसमा ५२ लाख उँखु किसान सदस्य रहेका छन् । ती सामान्यतया एकदेखि डेढ हेक्टर जमिन भएका किसानहरू हुन् । यी किसानले ३६ हजार करोड टन उँखु उत्पादन गर्दछन् । सहकारीमा धेरै नीतिगत कानूनी र व्यवहारिक क्षेत्रका सुधार गर्न आवश्यकता छ । अमित साह सहकारी मन्त्री भएपछि सम्पूर्ण सहकारी क्षेत्रको प्रतिष्ठा उठेको छ । अहिले सहकारीका समस्या लिएर मन्त्रालयमा जाँदा अत्यन्त सम्मानपूर्ण व्यवहार हुने गरेको छ । समस्या समाधान गर्न तत्परता देखाउन थालिएको छ । सहकारीलाई हेर्ने दृष्टिकोणमा आएको परिवर्तन आर्थिक सहयोग भन्दा पनि ठूलो र महत्वपूर्ण छ । दशकौंदेखि जाम भएर बसेको सोंचमा व्यापक परिवर्तन गर्न जरूरी छ । आजको युग कम्प्युटरको युग हो । अब सहकारीले पनि आफूलाई डिजिटलाइज गर्नै पर्छ । डिजिटल प्रयोगबाट एक रूपैयाँ कम खर्च हुन्छ भने त्यो एक रूपैयाँ कमाएको सरह हुन्छ । चिनी मिलले केवल उत्पादन मात्र होइन, मार्केटिङ्ग पनि गर्नुपर्छ । मार्केटिङ्ग र ब्राण्डिङ्ग गर्न जरूरी छ । सहकारीको सम्बन्ध सबै तहमा तालिम, प्रशिक्षण, पूर्वाधार र ब्राण्डिङ्ग गर्ने व्यवस्था आजको आवश्यकता हो ।"

टेक्निकल सेसनमा आएका विचार हरूको निष्कर्ष प्रस्तुत गरिएको भए अफ सेसन प्रभावकारी हुन सक्थ्यो । यो अलि खड्कने विषय बन्यो ।

दोश्रो टेक्निकल सेशनको प्यानलिष्टमा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीको समेत सहभागिता रहेको थियो । ग्रस सेक्टरल कोल्याबरेशन फर् द स्ट्रेन्थेनिङ कोअपरेटिभ मूभमेण्ट विषयमा भएको छलफलको अध्यक्षता डा. चन्द्रपाल सिंह यादवले गर्नुभएको थियो भने अन्य प्यानलिष्टहरूमा प्रा.डा.मुकेश कंसाकार,.प्रसन्न प्रभु, डा. अनिस बत्रा र विद्याधर भि.अर्सकार थिए । अध्यक्षता गर्नुभएका डा. चन्द्रपाल सिंह यादबको संक्षिप्त मन्तव्यमा दिनुभएको विचार देहाय अनुसार थियो । "कोअपरेटिभ र कर्पोरेट क्षेत्र परिपूरक हुन् । सहकारिताले कर्पोरेट र निजी क्षेत्रबाट निर्णय प्रकृया सिक्नुपर्छ । विगतमा भन्दा अहिले सहकारीमा निर्णय क्षमता बढेको छ । जनता हाम्रो साथमा छन् । सञ्जाल हामीसंग छ । तर बजारमा जोडिन सकेको छैन । ब्राण्डिङ्ग हुनुपर्छ ।"

प्यानलिस्ट नेपाल सरकारका सचिव डा.दामोदर रेग्मीको लामो प्रस्तुतिमा दीगो विकास लक्ष्य केन्द्रित थियो । यसैगरी सार्कको विषयलाई पनि समेट्नु भएको थियो । नेपालबाट प्रतिनिधित्व गरी प्यानलिस्टमा रहुन भएका सचिवले प्रस्तुतिमा नेपालको सहकारी अभियानका असल अभ्यासहरूलाई समेट्न सकेको भए थप प्रभावकारी हुन्थ्यो । अर्को प्यानलिस्ट प्रा.डा.मुकेश कंसाकारको बिचार सैद्धान्तिक थियो । उहाँले भन्नुभयो-"सहकारीले अरूसंग सहकार्य गर्दा सहकारीको आत्मा स्वायत्तता र स्वतन्त्रता हराउने गरी सहकार्य गर्नुहुदैन । जो सुकैसंग र जुनसुकै शर्तमा सहकार्य गर्दा सहकारीको दर्शन, सिद्धान्त बिचलित हुने खतराबाट होसियार हुनुपर्छ । भर्खरै डा. चन्द्रपाल सिंह यादबले जुन कर्पोरेटसंग सहकार्य बारे जे भन्नुभयो, यसबारे सबै सहकारीकर्मी गम्भिर हुनुपर्छ ।

कोल्याबरेशन, कोल्याबरेशन भन्दै गर्दा सहकारीको मुटु नबिग्रियोस् । हामीले जोड दिने भनेको बालक, युवा, महिला र सीमान्तकृत समुदायलाई सहकारीमा संगठित गर्न तालिम, प्रशिक्षण दिंदै सहकारी भावनामा आवद्ध गर्दै लानुपर्छ । त्यो नै दीगो कोल्याबरेशन हुन्छ ।"

अर्का प्यानलिस्ट व्यक्ति विकास भारतका अध्यक्ष प्रसन्न प्रभुले भनेका थिए "जीवनका लागि कृषि उत्पादन चाहिन्छ । त्यसका लागि पानी चाहिन्छ । जमिन मुनिको पानी १५० फिट भन्दा तल पुगिसक्यो । पानी संरक्षणबारे हामी कति चिन्तित छौं ? सिङ्गो पृथ्वी, सिङ्गै मानव र प्राणीको हीतका लागि सहकारीले ध्यान दिनुपर्छ ।" त्यसैगरी सहकारी बैंकका प्रशासक विद्याधर भि.अंसाकारले आफ्नो प्रस्तुतीमा भन्नुभयो "कोल्याबरेशनका बारेमा, सरकारीले फरक सिद्धान्त भएकासंग गर्नका लागि प्राविधिक, नीतिगत र कानूनी समस्या छ । यसका लागि कसरी गर्ने ? म आफैंले बैंङलोरको एउटा कम्पनीलाई ऋण दिएको थिएँ । तर रिजर्भ बैंक अफ इण्डियाले त्यसलाई अस्विकार गऱ्यो । त्यसको भूक्तभोगि आफैं छु । सहकारीमा एक व्यक्ति एक भोटको व्यवस्था छ । यो विश्वव्यापी मान्यता हो । यही कारण अर्थात् एक व्यक्ति एक भोटको कारण कोल्याबरेशन सम्भव छैन जस्तो लाग्छ । यसबारे सहकारी संघ, सरकार र अन्तर्राष्ट्रिय सहकारी महासंघको पनि यही बिचार हो भने सोही अनुसारको ऐन, कानून बन्नुपऱ्यो, जसलाई रिजर्भ बैंक अफ इण्डिया लगायत सबैले स्वीकार गर्ने वातावरण निर्माण गर्नुपऱ्यो । यसबारे सहकारी मन्त्रालय के भन्छ ? सहकारी सीमान्तकृत तहका जनतामा सम्बृद्धि ल्याउन के कसरी

सकिन्छ ? व्यापक छलफल गरेर निष्कर्षमा पुग्नुपर्छ भन्ने मलाई लागेको छ ।"

यो सेसनमा फ्लोरबाट केही असन्तुष्टिसहित फरक ढङ्गले बिचारहरू आएका थिए । मूलतः उनीहरूको भनाई छ- "क्रस सेक्टरल कोल्याबरेशन भन्दा सहकारी सहकारी बीचको कोल्याबरेशनमा जोड दिनु पर्छ । विषयगत सहकारी छन्, तिनीहरूको बीचको कोल्याबरेशन आवश्यक छ र यसका लागि नीतिगत र कानूनी परिमार्जन आवश्यक छ । श्रमिकहरू, जसले यो कार्यक्रम भवन बनाएका छन् । तिनको जीवनमा परिवर्तन ल्याउन, के गर्ने, यसबारे यहाँ विमर्श हुनुपर्छ ।"अन्त्यमा डा.चन्द्रपाल सिंह यादबले भने, भारतीय राष्ट्रिय सहकारी संघले, त्यही निष्कर्ष निकाल्न यो महासम्मेलनको आयोजना गरेको हो भनेर यो सेसनको अन्त्य गरेका थिए ।

महासम्मेलनको दोस्रो दिन (२ जुलाई २०२३) शुरूमा ब्रेक आउट सेसन थियो । ब्रेक आउट सेसनपछि समापन समारोह संक्षिप्त रूपमा सम्पन्न भएको थियो । उक्त समारोहको अध्यक्षता ल्क्रग्क्ष का अध्यक्ष दीलिप सिंहानीले गर्नुभएको थियो भने प्रमुख अतिथि लोकसभाका सभामुख ओम बिरला, विशिष्ट अतिथि मत्स्यपालन, पसुपालन तथा डेरी मन्त्री परसोराम रूपाल, नेडाकका अध्यक्ष, डा. बिजेन्द्र कुमार र आईसिए एपीका अध्यक्ष डा. चन्द्रपाल सिंह यादब हुनुहुन्थ्यो ।

नेडाकका अध्यक्ष डा.बीजेन्द्र कुमारले संक्षिप्तमा भन्नुभयो "म विगत ४० वर्षदेखि सहकारीमा छु । दीलिप सिंहानीजी र डा. चन्द्रपाल सिंहबाट मैले धेरै कुरा सिकेको छु । भारतीय राष्ट्रिय सहकारी संघको अध्यक्षमा दीलिप सिंहानी आएपछि, प्रधानमन्त्री नरेन्द्र मोदीजीको नजरमा भारतीय राष्ट्रिय सहकारी संघ परेको छ । पुरूषोत्तम रूपाल र दीलिप सिंहानी जुम्लाहा भाई जस्तै हुन । यस कारण पनि एन.सि.यूआई. लाई सजिलो भएको छ ।" यसै गरी विशिष्ट अतिथि मन्त्री रूपालले भन्नुभएको थियो "सहकारी एक व्यवसाय हो । विरला भन्ने बित्तिकै सबैले व्यवसाय सिक्ने निकाय हो । आजको कार्यक्रमका प्रमुख अतिथि नै विरला हुनुहुन्छ । मोदीजी र ओम विरला, जहाँसुकै बोल्दा  सहकारीको महत्व बोध गराएर बोल्नुहुन्छ । नानो युरिया बनाउने विश्वमै इफ्को पहिलो हो । अमूलले दुग्ध सहकारीमा विश्वकै नेतृत्व गरेको छ । इफ्को, अमूल जस्ता संस्था विश्वमै नम्वर वान भएर स्थापित भएका छन् । नानो युरिया उत्पादनका लागि म इफ्कोलाई बधाई दिन्छु । राज्यले प्रतिबोरा २००० अनुदान दिने गरेको युरियाको हैसियत भएको नानो युरिया २६६ मा उपलब्ध गराएर इफ्कोले राज्यको अरबौं अरब जोगाएको छ । अब सहकारीले मानवीय आवश्यकताका सबै खाले उत्पादन, भण्डारन र वितरणमा सहकारीलाई अघि बढाउन सरकारले प्रोत्साहन गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । हाम्रो देशका मान्छे अरूले गरेको, देखेपछि मात्रै अनुकरण गर्ने गर्दछन् । यसले गर्दा सहकारीले अनुसन्धान, विकास र बचत गर्ने कामको अगुवाई गर्नुपर्छ । आज जसले बचत गऱ्यो, ऊ उठ्यो । आज कोदो, जुनेलो, कागुनू, फापरको महत्व बढेको छ । अर्थात् माटो, अनाज, अन्नको महत्व बढेको छ, यस बारे पनि सहकारीको ध्यान जानुपर्छ । मलाई विश्वास छ, दीलिप भाई सिहानीको नेतृत्वमा सहकारीले अरू उचाई चुम्ने छ ।"

यसपछि एन.सि.यु.आई.का कार्यकारी प्रमुख डा. सुधीर महाजनले धन्यवाद मन्तव्य दिएका थिए ।

अन्त्यमा, समापन समारोहका प्रमुख अतिथि श्रीओम विरलाले सम्वोधन गर्दै भन्नुभयो– "हाम्रो संस्कृति, संस्कार र व्यवहारमा सहकारी गाँसिएको छ । सहकारीलाई कुनै सीमा भित्र बाँधिएको हुँदैन । सबै क्षेत्रमा कृयाशील हुने सामाजिक व्यवसाय हो । संसदीय लोकतन्त्रको जग नै सहकारी हो । जीवन्त लोकतन्त्रको आधार सहकारी हो । अहिलेसम्म जे जति आर्थिक सामाजिक क्षेत्रको विकास भएको छ, त्यसमा सहकारीको ठूलो योगदान रहेको छ । आज इफ्को, नाफेद, अमूल लगायतले गरेका कामले मूल्य नियन्त्रणमा समेत ठूलो योगदान गरेकाले नै ऋणमा जन्मेर ऋणमै मर्नुपर्ने अवस्थालाई सहकारीले तोडेको छ ।"

यसरी १७ औं सहकारी महासम्मेलनको भव्य समापन भयो । समापन समारोहमा नेपाली सहकारीकर्मीहरूको टोली नेताको हिसावले प्रमुख अतिथि लगायत विशिष्ट अतिथिहरूलाई पशुपतिनाथको प्रसादको रूपमा रूद्राक्षको माला लगाईदिंदा वहाहरू हर्षित भई पटक पटक नेपाली सहभागीहरूलाई सम्वोधन गर्दा हामी उत्साहित भएका थियौं ।

१७ औं भारतीय सहकारी महासम्मेलनका केही महत्वपूर्ण पक्षहरूः–

- प्रमुख अतिथि प्रधानमन्त्री नरेन्द मोदीदेखि सबै मन्त्री र सभामुख समेत सबैको सहकारी बारे प्रस्तुतिमा एकरूपता थियो । प्रधानमन्त्री, सहकारी मन्त्री, मत्स्यपालन, पशुपालन र डेरी मन्त्री, लोकसभाका सभामुख सबैमा सहकारीबारे बुझाईमा एकरूपता भएको पाइयो । सहकारी प्रतिको निष्ठा र विश्वासमा प्रतिवद्ध पाइयो । प्रधानमन्त्री र सहकारी मन्त्रीमा सहकारीको स्थिति, समस्या र समाधानकाबारे एकमत देखियो र कृषि एवं सहकारी बारे गहिरो जानकारी प्रस्तुत भएको थियो । प्रस्तुति लिखित थिएन र पनि सबैको एकमत थियो । अमृत काल सफल पार्न सहकारीलाई मुख्य आधार मानेको र राज्य सहकारी विकास र विस्तारमा प्रतिवद्ध भएको पाइयो ।
- संयुक्त राष्ट्रसंघले २०१५ सालको सेप्टेम्बरमा अघि सारेको दीगो विकास लक्ष्य, भारतको स्वतन्त्रतापछिको ७५ वर्षदेखि सय वर्षसम्मका लागि तय गरेको अमृत काललाई मुख्य जोड दिने काम उक्त महासम्मेलनले गरेको थियो ।
- उद्घोषणदेखि विभिन्न सेसनका अध्यक्ष तथा कार्यक्रम सञ्चलकहरूले सन् २०१४ पछि स्वर्णकाल शुरू भएको अर्थ लाग्ने गरी अभिव्यक्ति दिएका थिए । मानौ भारतीय जनता पार्टीको कार्यक्रम जस्तो भयो भनेर कतिपय सहभागीहरूले प्रतिकृया दिएका थिए । कार्यक्रमको वीचमा सरकार समर्थनमा कविताहरु समेत वाचन भएका थिए ।
- भारतको सहकारी क्षेत्रको विकास र विस्तारमा राज्य पक्षको अत्यन्त सकारात्मक योगदान रहेको पाइयो । मन्त्रालय गठन, नीतिगत परिमार्जन र आर्थिक सहयोगको पक्ष वलियो रहेको पाइयो ।
- एक देश एक कानून, हर प्रदेश र हर गाउँमा एउटै कानून लागु गर्न खोजेको र अमृत काल सफल बनाउन सहकारीको अहम् भूमिका हुने कुरालाई राज्यका सबै मन्त्रीले महसूस गरेको पाइयो । यो कुरा भारतमा सहकारी ऐन आएको ११९ वर्षपछि राज्यले महसूस गरेको विषय राम्रो थियो ।
- विदेशी सहकारी प्रतिनिधिहरूलाई बस्ने, खाने लगायतका सबै व्यवस्थापन उच्च स्तरको र सम्मानजनक भएको कुरा इरानदेखि जापानसम्म, मलेसियादेखि नेपालसम्मका सबै सहभागीहरूले महसूस गरेका थिए ।

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरुमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**चन्द्रागिरि**
"दिगो साकोस, सुखी र समृद्ध सदस्य"
**बचत तथा ऋण सहकारी संस्था लि.**
**Chandragiri**
Saving and Credit Cooperative Ltd.
चन्द्रागिरि-७, महादेवस्थान, थानकोट, काठमाडौं
फोन नं.: ०१-४३१३०५८
इमेलः info@chandragiri.coop.np

**सिद्धि गणेश**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**Siddhi Ganesh**
Saving and Credit Cooperative Ltd.
भ.न.पा.-७, चोर्चा, भक्तपुर
फोन नं.: ०१-६६१३२०१, ६६२१२०१, ६६२१२०३
इमेलः sgsaccos@hotmail.com

**पोखरा रोयल**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**Pokhara Royal**
Saving and Credit Cooperative Ltd.
बुद्धचोक, पोखरा, कास्की
फोन नं.: ०६१-५३८८३३, ५८७८३३, ५७०९३३
इमेलः info@royalcooperative.com

**उदयदेव**
**बहुउद्देश्यीय सहकारी संस्था लि.**
**Udaydev**
Bahuudeshiya Sahakari Sanstha Ltd.
केन्द्रीय कार्यालयः महेन्द्रनगर, कञ्चनपुर
फोन नं.: ०९९-५२१६७१, ५२४१८८

# सहकारीको सेवा प्रवाहमा डिजिटल प्रविधिको उपयोग






**सुरेन्द्र पाण्डे**
पूर्व अर्थमन्त्री

अर्थतन्त्रमा देखा परेको मन्दी, वित्तिय क्षेत्रमा तरलता संकुचन, उच्च व्याजदर, न्यून पूँजिगत खर्च, घट्दो राजस्व संकलन, औद्योगिक उत्पादन तथा व्यवसायीक क्षेत्रमा आएको ह्रास, पूँजि बजारमा आएको गिरावट, घरजग्गा व्यवसायमा देखा परेको शिथिलता तथा अन्तराष्ट्रिय क्षेत्रमा देखा परेको वित्तिय संकटको कारण समेतले नेपालको सहकारी तथा बैंकिंग क्षेत्रमा गम्भीर चुनौतीहरू थपिएकाछन् । राष्ट्रिय र अन्तराष्ट्रिय प्रतिकूलको अवस्थामा हुन गईरहेको यो अधिवेशनले समस्याहरूलाई सूक्ष्म रूपले केलाएर छलफल गर्नेछ र समस्या समाधानका विभिन्न उपायहरूको खोजी गर्न सफल हुनेछ भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

संसारमा पूँजिवादको उदयसंगै सहकारी क्षेत्रको पनि आरम्भ भयो । नेपालको सन्दर्भमा भन्नु पर्दा सहकारी क्षेत्रले झण्डै सात दशकको यात्रा तय गरिरकेकोछ । अन्तरिम संविधान-२०६३ ले सरकार, सहकारी र नीजि क्षेत्रलाई संयुक्त रूपमा परिचालन गरेकोछ र यसले सहकारी क्षेत्र महत्वपूर्ण आर्थिक आधारसिला हुने उल्लेख गरेकोछ । राष्ट्रिय सहकारी नीति-२०६९ ले सहकारी पद्धतीमा आधारित उद्योग व्यवस्थाको थापना गरी देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्‍याउनु सहकारीको मुख्य उदेश्य हो भन्ने उल्लेख गरेकोछ ।

बिसं २०४६ तथा २०६३ सालको राजनीतिक परिवर्तनले नेपालको सहकारी क्षेत्र विस्तार तथा सुदृढ हुँदै आएकोछ । अहिले देशमा ३० हजार ८ सय ७९ सहकारी संस्थाहरू कृयाशिलछन् । ती मध्ये १ सय २५ सहकारी संस्थाहरू संघीय अधिनमा छन्, ६ हजार २ प्रदेशका अधिनमा छन् भने २३ हजार ७ सय ५९ स्थानीय सरकारका अधिनमा छन् । वित्तिय क्षेत्रमा काम गर्ने, बिशेषतः बचत

तथा ऋण सहकारीको संख्या झण्डै १३ हजार रहेकोछ । बचत तथा ऋण सहकारीमा ९४.२२ अरब रूपैयाको शेयर पूँजी छ भने ती सहकारीले ४ सय ७८ अरब निक्षेप संकलन र ४ सय २७ अरब ऋण लगानी गरेकाछन् । सहकारी क्षेत्रमा ७३ लाख मानिस आवद्धछन् र त्यसमध्ये ५६ प्रतिशत महिला रहेकोछ । सहकारी क्षेत्रले ९१ हजार भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी प्रदान गरेकोछ । सहकारी संस्थाहरू उत्पादन, सेवा तथा व्यवसाय र वित्तिय क्षेत्रमा कार्यरतछन् । कूल राष्ट्रिय आयमा सहकारी क्षेत्रको योगदान ३ प्रतिशत रहेको अनुमान छ । समग्रतामा हेर्दा वित्तिय क्षेत्रका सहकारीहरूको भूमिका र योगदान नै निर्णायक रहेकोछ र अधिकांश हिस्सा त्यसैले ओगटेकोछ । समाजमा हुँदै आएको परिवर्तन अनुसार वित्तिय क्षेत्रका सहकारीले आफ्नो सेवालाई विस्तार गर्न, सिघ्र, सुरक्षित, भरपर्दो र मितव्ययी बनाउन प्रविधिको प्रयोग अनिवार्य रहेकोछ ।

ईसं २००७ मा स्मार्टफोन प्रचलनमा आयो । ईसं २००७/०८ मा विश्वमा वित्तिय संकट देखा पर्‍यो । त्यसको दश बर्षको छोटो अवधिमा वित्तिय क्षेत्र वा बैंकिंग क्षेत्रका परम्परागत अभ्यासमा आधारभूत परिवर्तन देखा पर्‍यो । स्मार्टफोन लगायतको नयाँ प्रविधिले वित्त र प्रविधिको समागन गरी वित्तिय कारोवारका नयाँ तरिकालाई तीव्र ढंगले अघि बढायो । अहिले विश्वमा अनलाईन कारोबार, नगदरहित कारोबार र डिजिटल मुद्राको प्रयोग बढ्दोछ । यो अवधिको परिवर्तनलाई पहिलो वित्तिय क्रान्ति भन्ने गरिएकोछ । कोभिड-१९ को महामारीको बीचमा त्यस प्रकृयालाई थप तीव्र बनाएकोछ । अमेरिकी राष्ट्रिय आर्थिक परिषदका पूर्व निर्देशक ग्यारी कोहनले ३० अप्रिल २०२० को फाईनाईन्सियल टाईम्समा लेखेका थिए, "कोरोनाले नगद लोप हुने प्रकृयालाई तीव्रता दिएकोछ ।" उनले थपे, "मैले विगत पाँच हप्तासम्म एउटा पनि सिक्का वा बैंक नोट छोएको छैन र केवल अत्यधिक रूपमा विद्युतिय भुक्तानी र क्रेडिटकार्डमा भर परेकोछु र त्यो मात्र मैले छोएकोछु । म मात्र होईन ढिला विकासमा महामारीले राक्षसी धक्का दिएकोछ र सही दिशामा बढीरहेकोछ ।"

अहिले विश्वव्यापी रूपमा फिन्टेक फर्महरूले कम्प्युटर प्रोगाम र अरू प्रविधिको प्रयोगबाट वित्तिय सेवालाई सहज र सबल बनाईरहेकाछन् । एकातर्फ कोभिड महामारीले होटल, हवाईजहाज, यातायात, उत्पादन क्षेत्रका कम्पनीहरू जसको ग्राहकसंग सिधा सम्पर्क हुने गर्दथ्यो, ती व्यवसायहरू गम्भीर नोक्सानीमा परे भने अर्कोतिर ठूला टेक कम्पनीहरू जो अनट्याक्ट् व्यवसायमा थिए आर्थिक रूपले झनै सम्पन्न भए । फेसबुक, अमेजोन, नेटफिक्स, गूगल, माईक्रोसफ्ट, एप्पल, अलिबाबा, टेन्सेन्ट लगायतका कम्पनीहरू त्यसका उदाहरणहरू हुन् । मुद्रा र वित्तको क्षेत्रमा नयाँ अवस्था देखा पर्‍यो । अन्तराष्ट्रिय भुक्तानी बैंक सर्वेक्षण २०२० ले विश्वका झण्डै ८० प्रतिशत केन्द्रिय बैंकहरूले राष्ट्रिय डिजिटल मुद्रा सम्बन्धमा काम गरिरहेको जनाएकोछ । राष्ट्रिय डिजिटल मुद्राको प्रयोग पछि उपभोक्ता र व्यवसायीले मोबाईल वालेट डाउनलोड गर्ने र भुक्तानी लिने दिने गर्दछन् । यो प्रविधिको प्रयोगले कागजी मुद्रा विस्थापित हुनेछ । यो अवस्थालाई विश्वको दोश्रो वित्तिय क्रान्ति भनिएकोछ ।

> वित्तिय क्षेत्र र गैर वित्तिय क्षेत्रमा कार्यरत सहकारी संस्थाहरूले पनि आफ्नो कारोवारलाई अनलाईनद्वारा गर्नको निम्ति प्रोत्साहित गर्नु पर्दछ । यसको लागि सहकारी संघ/संस्थाहरूले आफ्नो प्राविधिक पूर्वाधार विकास गर्ने, जनशक्तिलाई आवश्यक तालिम र प्रविधिसँग परिचित गराउनु पर्दछ । आफ्ना सदस्य, निक्षेपकर्ता, ऋणी वा ग्राहकहरूलाई नयाँ प्रविधिसंग परिचित गराउने, प्रयोग बढाउने, खर्चलाई न्यून बनाउने र सेवालाई प्रभावकारी, सीघ्र र व्यापक बनाउनु पर्दछ ।

सन् २०१६ देखि चौथो औद्योगिक क्रान्ति आरम्भ भएको थियो । औद्योगिक क्रान्तिको विस्तार स्वरूप डिजिटल क्रान्तिको विकास सम्भव भएकोछ । डिजिटल प्रविधिमा कृतिम बौद्धिकता, डीप लर्निंग, ब्लकचेन, डाटा, ल्काउड र ईन्टरनेट अफ थिंक्स्को विकास गरेकोछ । फिन्टेक कम्पनीहरूले कृतिम बौद्धिकता, बिगडाटा, रोबोटिक प्रासेस अटोमेशन र ब्लकचेनको प्रयोग शुरू गरेकाछन् । कृतिम बौद्धिकताले परंपरागत बैकिंग सेवामा प्रयोग हुने स्वर पहिचान, प्राकृतिक भाषा प्रोसेसिंग र कम्प्युटर भिजन प्रोसेसिंगले खातावालाको खाता व्यवस्थापन, जाली कारोबार पत्ता लगाउन र जोखिम व्यवस्थापन गर्न मद्दत गर्दछ । यसैगरी ग्राहकका खर्चका बानी, ग्राहकबारे राम्ररी थाहा पाउन सघाउँदछ । वित्तिय संस्थाहरूले ग्राहक सेवाको निम्ति च्याटबटको प्रयोग शुरू गरेकाछन् । बिगडाटाले ग्राहकको लगानी र बजारको परिवर्तन अनुमान गर्दछ । जसबाट नयाँ रणनीति र पोर्टफोलियो श्रृजना गर्न सघाउँदछ र ग्राहकको खर्चको बानी बिश्लेषण गर्न, ठगी पत्ता लगाउन र बजार रणनीति बनाउन सहयोग गर्दछ ।

चीनले डिजिटल यूआनको कारोबारलाई राष्ट्रव्यापी बनाएकोछ । भारतले डिसेम्बर १, २०२२ बाट डिजिटल मुद्रा ईरूपीलाई मुम्बै, नयाँ दिल्ली, बैगलुरू र भुवनेश्वरबाट परिक्षण प्रयोग शुरू गरेकोछ । त्यसलाई भारतका आठवटा बैंकहरूले सघाईरहेकाछन् । फिन्टेकको प्रयोग लगातार बढ्दोछ । उमेर समूहको आधारमा हेर्दा पच्चिसदेखि चौंतिस बर्ष उमेर समूहका ४८ प्रतिशतले र पैत्तिस देखि चवालिस बर्ष उमेर समूहका व्यक्तिहरूले फिन्टेकको प्रयोग गरेको पाईएकोछ ।

नेपालमा समेत अनलाईन भुक्तानी प्रणाली लगातर बढिरहेकोछ । कतिपय सेवा प्रदायकहरूले नगद स्वीकार गर्न छोडेकाछन् र डिजिटल प्रयोगलाई बढावा दिन ग्राहकहरूलाई छुट जस्ता व्यवस्था गरिरहेकाछन् । तसर्थ वित्तिय क्षेत्र र गैर वित्तिय क्षेत्रमा कार्यरत सहकारी संस्थाहरूले पनि आफ्नो कारोवारलाई अनलाईनद्वारा गर्नको निम्ति प्रोत्साहित गर्नु पर्दछ । यसको लागि सहकारी संघसंस्थाहरूले आफ्नो प्राविधिक पूर्वाधार विकास गर्ने, जनशक्तिलाई आवश्यक तालिम र प्रविधिसँग परिचित गराउनु पर्दछ । आफ्ना सदस्य, निक्षेपकर्ता, ऋणी वा ग्राहकहरूलाई नयाँ प्रविधिसंग परिचित गराउने, प्रयोग बढाउने, खर्चलाई न्यून बनाउने र सेवालाई प्रभावकारी, सिघ्र र व्यापक बनाउनु पर्दछ ।

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य, देश तथा विदेशमा रहनुहुने नेपालीहरुमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।









# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरुमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## लक्ष्मी धारा
**बचत तथा ऋण सहकारी संस्था लि.**

**Laxmi Dhara**

Saving and Credit Cooperative Ltd.

प्रधान कार्यालय: का.म.न.पा.-१४, कुलेश्वर, काठमाडौं

फोन नं.: ०१-५१६५२२१, ५१६५१८०

इमेल: laxmidharasaccos@gmail.com



बिजया दशमीको
## शुभकामना

बिजयादशमी तथा शुभ दीपावली २०८० को पावन अवसरमा सम्पूर्ण संस्थाका शेयर सदस्य ज्यूहरु सहकारीकर्मी, शुभचिन्तक एवं नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**खोमप्रसाद बगाले**
प्रमुख कार्यकारी अधिकृत

**नारायणप्रसाद भट्टराई**
अध्यक्ष

एवं

**मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**Mechi Multipurpose Cooperative Society Limited**

**परिवार**

## बालकोट
**बचत तथा ऋण सहकारी संस्था लि.**

**Balkot**

Saving and Credit Cooperative Ltd.

सूर्यविनायक-२, बालकोट, भक्तपुर

फोन नं.: ०१-५६३९८०२

इमेल: balkotsahakari@yahoo.com

## कर्मशिल
**बचत तथा ऋण सहकारी संस्था लि.**

**Karmashil**

Saving and Credit Cooperative Ltd.

पोखरा-८, कास्की

फोन नं.: ०६१-५३०७९६

# नेपालको सहकारी व्यवस्थित कसरी गर्ने




आजकल नेपालको सहकारी अभियानमा कहिले सञ्चालक समितिका अध्यक्षले आत्महत्या गरे भन्ने, कहिले व्यवस्थापकले आत्महत्या गरे भन्ने र कहिले सदस्यले ऋण चुक्ता गर्न नसकेर आत्महत्या गरे भन्ने समाचारहरू पढ्न पाइरहेको छ । सहकारी जस्तो पवित्र संस्थामा यस्तो अवस्था आउनुको कारण कसरी बन्यो, कसरी भयो ? कतैबाट बास्तविक रूपमा चासो लिएको पाईंदैन र झारा टार्ने काम चाही भइरहेको पाइन्छ । तर त्यसको पनि अनुगमन र निरीक्षण निरन्तर भएको भने पाईंदैन ।

कोपोमिस (सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली) को दर्ताको लागि राजस्व कार्यालयले कर चुक्ता पुर्जी नदिने व्यवस्था गर्दा करीब २८ हजार सहकारी संस्थाहरू कोपोमिसमा दर्ता भएको भन्ने समाचार सुन्नमा आएको छ । सरकारले चाहँदा त उपाय हुँदो रहेछ वा इच्छा शक्ति भए हुने रहेछ ! यद्यपि सहकारी अभियानका सरोकारवालाहरूमा ईच्छा शक्ति नै नरहेको देखियो । जसरी कोपोमिसको दर्ता गर्ने सम्बन्धमा सहकारी विभागले उपाय निकाल्यो, त्यसरी नै जनताको पैसा खाएर भाग्ने सहकारी संस्थाहरूलाई नियन्त्रण गर्नका लागि पनि उपाय निकाल्न सकिन्छ । तर त्यतातिर प्रयास नै भएन । अब सरोकारवालाहरूलाई पनि जिम्मेवार वनाई कानून निर्माण गर्नु जरूरी भएको छ । यसका लागि नियामक निकायहरू र सरोकारवालाहरूमा सकारात्मक सोंचको आबश्यकता पर्छ । सो सोच छ कि छैन ? हाल यसको पनि परीक्षण गर्न आबश्यक देखिन्छ ।

वि.सं.२०७० सालमा नियामक निकाय र सहकारी अभियान बसेर आइन्दा बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्था दर्ता नगर्ने सहमती भएको थियो । तर आजभोलि वागमती प्रदेश सरकारले बचत तथा ऋणको कारोवार गर्ने गरी बहुउद्देश्यीय सहकारी संस्थाहरू धेरै दर्ता गरेको पाइन्छ । यसको छानवीन हुनु पर्ने हो । तर विडम्बना सरोकारवालाले आवाजसम्म उठाएको पाईंदैन । सहकारी संस्था दर्ता गर्नको लागि विशेष गरेर बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्था दर्ता गर्न सहकारी नियमावली २०७५ को नियम ७ मा भएको व्यवस्था विपरित सहकारी संस्था दर्ता गर्ने काम प्रदेश सरकारबाट भइरहेको पाइन्छ । नियम ७ को व्यवस्था यस प्रकार रहेको पाईन्छ । "महानगरपालिका वा उपमहानगरपालिकाको हकमा प्रत्येक वडामा रहेको जनसंख्याका आधारमा प्रत्येक पाँच हजार जनसंख्यामा एउटा संस्था नवढ्ने गरी, नगरपालिकाको हकमा प्रत्येक दुई हजार जनसंख्यामा एउटा संस्थामा नबढ्ने गरी र गाउँ पालिकाको हकमा प्रत्येक पाँच



**कैलाश भक्त प्रधानाङ्ग**
पूर्व अध्यक्ष
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

सय जनसँख्यामा एउटा संस्थामा नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्था दर्ता गरिने छ ।"

तर ६ वटा घरमा ५ वटा बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको साईनबोर्ड भएको स्थानमा अर्को वचत तथा ऋणको कारोवार गर्ने बहुउद्देश्यीय सहकारी संस्थाको साईनवोर्ड राख्न ल्याएको मैले आफैले देखेको छु । के दर्ताको लागि निवेदन दिने व्यक्तिले फिजिविलिटी अध्ययन सम्बन्धी कागज पत्र राखेको होला ? दर्ता गर्ने निकायले फिजिविलिटी अध्ययन हेऱ्यो होला ? कागजै राखेको छैन भने के हेर्न सक्थ्यो । यस्तो अनियमित लापरवाही अराजकता अरू कहाँ हेर्न पाइन्छ ? के यो देशमा सरकार छैन ? तर सहकारी अभियानलाई हेर्दा छैन जस्तो लाग्छ ! सरकार छ भने देखाउनको लागि राज्यले केही गर्न ढिला भई सक्यो । तसर्थ अहिलेको अबस्थालाई ध्यान दिदा तुरून्तै अलि कठोर कदम अगाडि बढाउनु पर्छ ।

वि.सं.२०७९ फागुन महिनामा मेचीको पुलमा आयोजना गरेको मेची महाकाली अभियानका आयोजक दुर्गा, प्रसाईले लघुवित्त वित्तीय संस्थाहरूको विरूद्धमा अभियान नै चलाउने घोषणा गरे । नेपाल राष्ट्र बैंकको नियन्त्रण भित्र रहेको वित्तीय संस्थामा पनि कसरी विकृतिले विकराल रूप लियो ? त्यसपछि नेपाल राष्ट्र बैंक समेत सरोकारवालाहरू बैठक वसी लघुवित्तले लिएको बढी सेवा शुल्क सम्बन्धित ऋणीहरूलाई फिर्ता दिने निर्णय भएको समाचार प्रकाशन भयो । सो बढी लिएको सेवा शुल्क रू.१ अर्व ६० करोड रकम फिर्ता दिने कुरा विभिन्न मिडियाहरूमा समाचार सम्प्रेशन भएको देखिन्छ । यस्तो अवस्था हुँदा पनि नेपाल राष्ट्र बैंकले किन कार्वाही गरेन ? यसमा नेपाल राष्ट्र बैंकको पनि भित्रभित्र संलग्नता छ कि भन्ने शंका हुन्छ कि हुँदैन ? जबसम्म सरोकारवालाहरूमा पारदर्शीता र ईमान्दारिता रहँदैन तबसम्म सहकारी वा अन्य क्षेत्रमा राम्रो परिणाम प्राप्त हुन गाऱ्हो हुन्छ । हाल सहकारी क्षेत्रमा एक प्रकारको अराजकता नै व्याप्त भएको आभाष भइरहेको छ ।

बहुउद्देश्यीय लगायत अन्य विषयगत सहकारी संस्थाहरूले सहकारी ऐन २०७४ को दफा ५० को उपदफा (२) को प्राबधान विपरित बचत तथा ऋणको कारोवार भैरहेको छ । तर कतैबाट पनि ऐन अनुसार कार्य गर्न गराउन प्रयास भैरहेको पाईंदैन । के नेपालमा जसले जे गरे पनि हुने ? यस आधारमा भन्दा सहकारी अभियानमा एक प्रकारको अराजकताले नै राज गरिरहेको देखिन्छ ।

### नेपाल राष्ट्र बैंकको नियन्त्रणबाट सुधारको आशाः

हाल सहकारी अभियानमा देखिएको अराजकतालाई नियन्त्रण र व्यवस्थित गर्न नेपाल राष्ट्र बैंकबाट अनुगमन र निरीक्षण गरेमा सुधार होला भन्ने एक प्रकारका सहकारीकर्मीहरूको धारणा रहेको पनि पाइन्छ । तर यो पूर्ण रूपमा समाधानको वाटो होइन । सहकारी ऐन, २०४८ को दफा २६ को उपदफा (२) मा संस्था वा संघले आफ्ना सदस्यहरूबाट बचत निक्षेप स्वीकार गर्न र आफ्ना सदस्यहरूलाई कर्जा (ऋण) दिने लगायतका अन्य बैकिङ्ग कारोवार गर्न नेपाल राष्ट्र बैंकको पूर्व स्वकृति लिनु पर्नेछ । यस्ता संस्था वा संघले नेपाल राष्ट्र बैंकले "तोकेको शर्त तथा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।" भन्ने उल्लेख गरिएको पाइन्छ । सो प्राबधान अनुसार केही सहकारी संस्थाहरूले नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर कारोवार गरेको पनि देखिन्छ । यस्तो कारोवार गर्ने सहकारी संस्थालाई सीमित बैकिङ्ग कारोवार गर्ने सहकारी संस्था भनेर परिचय गर्ने गरिन्छ । मिति २०५६।०२।२३ गतेको गोरखा पत्रमा काठमाडौ विजुली बजारमा सञ्चालनमा रहेको "युनियन कोअपरेटिभको कार्यालय बन्द गरी सञ्चालक भागे !" अब प्रश्न उठ्छ, नेपाल राष्ट्र बैंकको नियन्त्रण रहेको काठमाण्डौ व्यस्त स्थानबाट कसरी संस्था बन्द गरी सञ्चालक भागे ? यद्यपि डिभिजन सहकारी कार्यालयको झ्यालबाट युनियन कोअपरेटिभ संस्थाको कार्यालय प्रष्ट देखिन्थ्यो । जाबो एउटा सहकारी संस्थालाई त त्यो बेला नेपाल राष्ट्र बैकले नियन्त्रणमा राख्न सकेन भने आज सरोकारवाला नियामक निकायहरूले ३० हजार भन्दा बढी सहकारी संस्थाहरूलाई कसरी अनुगमन, निरीक्षण र व्यवस्थित गर्न सक्छन् ? अर्थात् जबसम्म गभरमेण्ट र मुभमेण्ट मिलेर संगसंगै अगाडि बढ्न सक्दैन तबसम्म सहकारीलाई सुव्यवस्थित गर्न गाऱ्हो पर्छ । अहिले त राजनैतिक पार्टीको भातृ संगठनको रूपमा सहकारी संस्था सञ्चालन हुँदै आएको अवस्था छ भने कसरी नेपाल राष्ट्र बैंकले सहकारी संघ/संस्थाहरूलाई नियन्त्रण गर्न सक्छ ? समस्या न्युनिकरणको लागि अहिले तुरन्तै सहकारी संस्था दर्ता बन्द गरी, भएका सहकारी संस्थाहरूलाई व्यवस्थित गर्नेतिर सरकार र अभियानले प्रतिबद्धता जाहेर गरी कार्ययोजना तयार गरी कार्यान्वयनतर्फ अग्रसर हुनुपर्छ । सञ्चालनमा रहेको सहकारी संस्थाहरूलाई व्यवस्थित गरी सकेपछि अनि आबश्यक सहकारी सिद्धान्त अनुसार सञ्चालन हुने सहकारी संस्था दर्ता

नेपाल राष्ट्र बैकको नियन्त्रण रहेको काठमाण्डौ व्यस्त स्थानबाट कसरी संस्था बन्द गरी सञ्चालक भागे ? यद्यपि डिभिजन सहकारी कार्यालयको झ्यालबाट युनियन कोअपरेटिभ संस्थाको कार्यालय प्रष्ट देखिन्थ्यो । जाबो एउटा सहकारी संस्थालाई त्यो बेला नेपाल राष्ट्र बैकले नियन्त्रणमा राख्न सकेन भने आज सरोकारवाला नियामक निकायहरूले ३० हजार भन्दा बढी सहकारी संस्थाहरूलाई कसरी अनुगमन, निरीक्षण र व्यवस्थित गर्न सक्छन् ? अर्थात् जबसम्म गभरमेण्ट र मुभमेण्ट मिलेर संगसंगै अगाडि बढ्न सक्दैन तबसम्म सहकारीलाई सुव्यवस्थित गर्न गाऱ्हो पर्छ ।

गर्ने गर्नु उपयुक्त हुन्छ । दोष एक अर्कालाई पन्छाएर समस्या समाधान हुन सक्दैन । अर्को शब्दमा सहकारी अभियानमा समस्या आउनुमा दोष सबैको छ । सरकारको नियमन निकाय, सहकारी अभियानमा संलग्न व्यक्तिहरू, राजनैतिक पार्टीहरू, र अन्य सरोकारवालाहरूले जिम्मेवारी स्वीकार गर्नुपर्छ । उदाहरणका लागि राष्ट्रिय सहकारी बैंकको निर्वाचनको नालीबेली र काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघको विगतको निर्वाचनको गतिविधिलाई अध्ययन गरेमा स्पष्ट हुनेछ ।

**२५ लाखसम्म निक्षेप जम्मा गर्न सक्ने:**

हाल सरकारले प्रतिनिधि सभामा केही नेपाल ऐन संशोधनको विधेयक पेश गरेको समाचार प्रकाशन भएको छ । सो विधेयकमा एक सदस्यको निक्षेप २५ लाख सम्ममात्र जम्मा गर्न पाउने भन्ने प्रावधान पनि रहेकोले सो २५ लाखको प्रावधानको सम्बन्धमा सहकारी क्षेत्रले विरोध गरेको पाईयो । राष्ट्रिय सहकारी महासंघको अगुवाईमा बिरोध प्रदर्शन पनि भयो । यस घटनाले सहकारी अभियान कतातिर उन्मुख भइरहेछ भन्ने थाहा पाउन पनि सजिलो भएको हुनुपर्छ । अर्थात् सरोकारवालाहरूले नै सहकारी ऐन, २०७४ को प्रस्तावना अध्ययन नगरेको वा आत्मसात् नगरेको आभाष हुन्छ ।

सहकारी संगठनले जनतालाई गरिवीबाट उकास्ने काम गर्दछ । यसैले अभियानले सहकारी ऐनको प्रस्तावनामा तोकिएका लक्षित वर्गको जीवनयापनमा सुधार ल्याउन गरिवी निवारणको कार्यक्रम तयार गरी त्यसको लागि बढी पुँजीको आबश्यकता भएको पुष्टि गरेको भए यो समस्या सहज रूपमा समाधान गर्न सकिन्थ्यो । साथै सरकारले पनि सहयोग गर्नुपर्ने परिस्थिति सिर्जना हुन्थ्यो ।

२५ लाखको सीमा हाल स्थगित भएतापनि अर्को पटक फेरि यो कुरा आउन सक्छ । प्रतिनिधि सभाले पारित नगरेता पनि यस्तो प्रावधान पुनः दोहरिन सक्छ । किन भने सहकारी ऐन, २०७४ को दफा ४१ को प्रतिवन्धात्मक बाक्यॉंशमा कारोवारको अधिकतम सीमा दफा ५१ बमोजिमको समितिले समय समयमा तोक्ने छ भन्ने ऐनमा व्यवस्था गरेको पाइन्छ । सन्दर्भ व्याज तोक्नेले कारोवारको सीमा पनि तोक्न सक्छ । यस कारण सहकारी ऐनमा नै संशोधन गराउन प्रयास गर्नुपर्छ । अन्यथा पटके उपचार मात्र हुन जान्छ । स्थायी समाधान हुन सक्दैन । समस्या आयो भनेर चिच्याएर मात्र समाधान हुँदैन । समस्या निराकरणको लागि अभियानले गरेको प्रयास पनि उल्लेख गरी सरकार सामु सहयोगको माग गर्न सक्नु पर्छ । तर केवल सहयोग मात्र माग गर्दा त्यसको औचित्यतामा प्रश्न उठ्न सक्छ, कार्यक्रम पनि चाहिन्छ ।

सहकारीमा निम्न बमोजिम व्यवस्था तत्काल गरेको खण्डमा केही सुधारको आशा गर्न सकिन्छ ।

**१. दर्ता गर्ने निकायको जिम्मेवारी**

दर्ता गर्ने निकायले दर्ता गरेको एकवर्ष भित्र कम्तिमा एक पटक अनुगमन कार्यलाई अनिवार्य रूपमा गर्नु पर्ने व्यवस्था गर्नुपर्छ । अनुगमन नभएको कारणले संस्था बन्द गरी सञ्चालक भागेमा दर्ता गर्ने निकाय र दर्ता गर्ने कर्मचारी जिम्मेवार हुने व्यवस्था भएमा दर्ता गर्ने कर्मचारी सम्बेदनशील हुन सक्छन् । यसले जथाभाबी दर्ता गर्ने कार्यमा नियन्त्रण हुन सक्छ । अनुगमन गर्न नसक्नेले किन संस्था दर्ता गर्ने ? सस्था दर्ता नगरेको भए सर्वसाधारण जनतासंग बचत उठाउन सकिंदैन थियो र जनतासंग बचत उठाउन पाउने काम कसले अधिकार दियो भन्नाले दर्ता गर्ने निकायले दिएको हो नि ! त्यो दर्ता गर्ने निकायले केही जिम्मेवारी नलिने जनताको पसिनाको बचत रकम खाएर वेपता हुँदा कहीबाट कार्वाही नहुने, यस्तो पनि कहि हुन्छ ? तसर्थ दर्ता गर्ने कर्मचारीलाई जिम्मेवार हुने कानूनी प्राबधान हुनु जरूरी छ । तर दर्ता गर्ने निकायले हेर्नुपर्ने डकुमेण्टहरू हेरेको नै छैन जस्तो देखिन्छ । बागमती प्रदेश ऐनमा उल्लेख गरिएको प्राबधान विपरितका सञ्चालक राखी संघ दर्ता गरेको देखिन्छ । अर्को कुरा बागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ३७ को उपदफा ७ मा कुनै तल्लो तहको सहकारी संघको सञ्चालक माथिल्लो तहको संघमा निर्वाचित भएमा तल्लो तहको सहकारी संघको सञ्चालक छोड्नु पर्ने छ । प्रावधानको विपरित हुँदा पनि प्रदेशको सहकारी विभाग किन मौन रहेको छ ? जरूर भित्रि रहस्य हुन सकिन्छ । बाहिर जिल्लाका व्यक्तिहरू सञ्चालक समितिको पदाधिकारी रहेको भए पनि संस्था दर्ता गर्ने र एक परिवारको एक जना भन्दा बढी सञ्चालक हुन नसकिने कानूनी व्यवस्थाको विपरित सञ्चालक कायम गरी संस्था दर्ता गर्नुको मनसाय र अभ्यासलाई असल अभ्यास भन्न सकिने अवस्था हुन्न ।

**२. सञ्चालक समिति पूर्ण रुपमा जिम्मेवार हुने व्यवस्था गर्ने:**

सञ्चालक समितिमा रहने पदाधिकारी र सञ्चालकहरूले अन्य सदस्य भन्दा बढी संस्थामा अनिवार्य रूपमा लगानी गर्नु पर्ने

दर्ता गर्ने निकायले दर्ता गरेको एकवर्ष भित्र कम्तिमा एक पटक अनुगमन कार्यलाई अनिवार्य रूपमा गर्नु पर्ने व्यवस्था गर्नुपर्छ । अनुगमन नभएको कारणले संस्था बन्द गरी सञ्चालक भागेमा दर्ता गर्ने निकाय र दर्ता गर्ने कर्मचारी जिम्मेवार हुने व्यवस्था भएमा दर्ता गर्ने कर्मचारी सम्बेदनशील हुन सक्छन् । यसले जथाभाबी दर्ता गर्ने कार्यमा नियन्त्रण हुन सक्छ । अनुगमन गर्न नसक्नेले किन संस्था दर्ता गर्ने ? सस्था दर्ता नगरेको भए सर्वसाधारण जनतासंग बचत उठाउन सकिंदैन थियो र जनतासंग बचत उठाउन पाउने काम कसले अधिकार दियो भन्नाले दर्ता गर्ने निकायले दिएको हो नि ! त्यो दर्ता गर्ने निकायले केही जिम्मेवारी नलिने जनताको पसिनाको बचत रकम खाएर वेपता हुँदा कहीबाट कार्वाही नहुने, यस्तो पनि कहि हुन्छ ?

व्यवस्था गर्ने । संस्थामा हिनामिना भएमा दामासाहीले चुक्ता गर्नुपर्ने कानूनी व्यवस्था गर्नुपर्छ । दर्ता गर्ने निकायले प्रत्येक सञ्चालकलाई यो कुराको जानकारी गर्नु पर्ने व्यवस्था गर्नु पर्छ । यसको लागि संघीय सहकारी विभागबाट मिति २०७९।७।२६ गते एउटा निर्देशन जारी भएको छ । संस्थाको सञ्चालक वेपता हुनासाथ सञ्चालकहरूको सम्पति रोक्का हुने व्यवस्था हुनुपर्ने व्यवस्था आवश्यक छ । सम्पति रोक्का राखी कार्वाही चलाउने व्यवस्था हुनु पर्छ । संस्थाको कार्य क्षेत्र बाहिरको सञ्चालक रहेमा सजाय गर्ने प्रावधान रहनु पर्छ । कार्य क्षेत्र जिल्ला भन्दा बाहिर दिनु हुँदैन । जिल्ला सहकारी संघको कार्यक्षेत्र जिल्लाभरि मात्र हुने र जिल्ला संघ भन्दा तल्लो तहको प्रारम्भिक सहकारी संस्थाको कार्यक्षेत्र जिल्ला भन्दा बाहिर कसरी भयो ? यो कुरा सोचनीय छ ।

### ३. व्यवस्थापनमा रहेका पहिलो कर्मचारी जिम्मेवार हुने:

सहकारी संस्थाका व्यवस्थापक वा पहिलो कर्मचारीको पनि सञ्चालक समिति जस्तै जिम्मेवारी हुने व्यवस्था गर्नु पर्ने खाँचो देखिएको छ । संस्था भित्रका कर्मचारीलाई गलत कामको विवरण निजलाई थाहा हुन्छ । सो विवारण थाहा भएर पनि सञ्चालकहरूसंगको मिलोमतोले संस्था बन्द भएमा वा हानी नोक्सानी भएमा निजलाई पनि सजाय हुने व्यवस्था हुनु पर्छ ।

### ४. लेखा सुपरीवेक्षण समिति जिम्मेवार हुने:

सहकारीमा चेक एण्ड वालेन्सको लागि लेखा सुपरीवेक्षण समिति गठनको अनिवार्य प्रावधान गरिएको हुन्छ । सहकारी ऐन, २०७४ को दफा ४९ को उपदफा (१) मा ८ वटा खण्डहरूमा लेखा सुपरीवेक्षण समितिले गर्नुपर्ने कामहरू उल्लेख गरिएको छ । तर लेखा सुपरीक्षण समितिले यी कुराहरू पढेको जस्तो लाग्दैन । नपढी कसरी व्यवहारमा आउँछ ? यसैले संस्था बन्द भएमा संस्थामा हिनामिना भएमा लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्यहरूलाई सञ्चालक समितिको आधा सजाय हुने व्यवस्था हुनु आबश्यक देखिन्छ ।

हाल भक्तपुर नगरपालिकाले एउटा सूचना प्रकाशित गरी सहकारी ऐन,२०७४ को दफा ४९ को उप दफा (१) को खण्ड (क) बमोजिम लेखा सुपरीवेक्षण समितिले प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने गराउने व्यवस्था भए बमोजिम लेखा परीक्षण गरी चौमासिक प्रतिवेदन नगरपालिकामा पनि बुझाउनु पर्ने व्यवस्था गरेको छ । यसले लेखा सुपरीवेक्षण समितिलाई बाध्यात्मक आन्तरिक लेखा परीक्षण गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यो नगरपालिकाबाट भएको सकारात्मक कार्य हो ।

### ५. शिखर सहकारी संघमा आबद्धता रहे शिखर संघ जिम्मेवार हुने:

सहकारीको सिद्धान्तको छैठौं सिद्धान्त सहकारीहरू वीच सहयोग (Cooperation Among Cooperatives) को सिद्धान्त बमोजिम र सहकारी ऐन, २०७४ को दफा ४, ५, ६, ७, र ८ बमोजिम उपल्लो सहकारी संघमा आबद्धता हुनुपर्ने व्यवस्था गरेको पाइन्छ । यो व्यवस्था अनुसार प्राईमरी सहकारी संस्था उपल्लो जिल्ला विषयगत संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत संघ, प्रदेश सहकारी संघ र केन्द्रीय विषयगत संघमा आबद्ध हुन सक्ने प्रावधान रहेको पाइन्छ । कुनै अमुक संस्था अमुक संघमा आबद्ध रहेको भए सो संस्था बन्द भई सञ्चालक भागेमा आबद्ध संघलाई पनि जिम्मेवार बनाउने व्यवस्था हुनु आबश्यक देखिन्छ । आबद्धताबाट भएको कारण सदस्यता शुल्क लिने तर संस्थाको गलत कामको जिम्मेवार नलिने व्यवस्था अन्त गर्नुपर्छ । त्यसैले उपल्लो संघहरू पनि जिम्मेवार बनाउनु आबश्यक छ ।

### ६. लेखा परीक्षकको जिम्मेवारी:

सहकारी ऐन, २०७४ को दफा ७५, दफा ७६ र दफा ७७ मा गरेको व्यवस्था अनुसार लेखा परीक्षकलाई कारोवारलाई बढी व्यवस्थित गर्न र पारदर्शी बनाउन लेखा परीक्षकको भूमिकाबाट ठोस उपलब्धी हुने विश्वास ऐनले गरेको प्रतित हुन्छ । अतः साविकको सहकारी ऐनमा भएको व्यवस्था भन्दा प्रचलित ऐनमा बढी व्यवस्था गरेको पाईएतापनि व्यवहारमा लेखा परीक्षकबाट खास उपलब्धी भएको देखिंदैन । अतः सहकारी संस्था दुर्घटना भएमा लेखा परीक्षकलाई पनि जिम्मेवार बनाई सजायको भागीदार बनाउनु पर्छ ।

### ७. साधारणसभाका सदस्यहरुको जिम्मेवारी:

कुनै व्यक्तिले कुनै सहकारीमा सदस्य हुनु वा रकम जम्मा गर्नको लागि संस्थाको सम्बन्धमा केही बुझेर मात्र रकम जम्मा गर्नुपर्छ । सञ्चालकहरू स्थानीय हो कि होइन भन्ने बुझ्नु पर्छ । सञ्चालकहरूको चाल चलन असल छ कि छैन भनेर बुझ्नु पर्छ । सो केही नगरी बढी व्याजको लोभमा रकम जम्मा गर्दा निक्षेप रकम डुब्न सक्छ । यस्तो अवस्थामा निजले जम्मा गरेको रकममा भन्दा एक प्रतिशत रकम कम गरेर मात्र उपलब्ध हुने व्यवस्था गर्नुपर्छ । असुल उपर भएको रकम बाँकी भएमा गरिवी निवारण कोषमा जम्मा गर्ने व्यवस्था गर्ने वा असुल उपरमा संलग्न व्यक्तिहरूलाई पारिश्रमिकको रूपमा खर्च हुने व्यवस्था गर्नु पर्छ ।

### ८. वजार प्रतिनिधिको अभिलेख सम्बन्धी पालिकामा सूचीकरण गर्नु पर्ने:

राजश्व कार्यालयको कर्मचारी भनि नक्कली कर्मचारीले ठगी गरेको भन्ने समाचार हामीले पढ्न पाएका छौं भने सहकारीको पनि अमुक सहकारी संस्थाको कर्मचारी भनि दैनिक बचत संकलन गरी कर्मचारी भागेमा को जिम्मेवारी हुने ? तसर्थ जुन पालिकामा बचत संकलन गर्ने हो, सोही पालिकाको नियमन निकायमा अभिलेख राख्नै पर्ने व्यवस्था गर्नु पर्छ । वजार प्रतिनिधिलाई पनि परिचयकार्ड राख्ने अनिवार्य व्यवस्था गर्नु पर्छ । अन्यथा दैनिक बचत संकलनमा प्रतिबन्ध लगाउनु पर्छ ।

### ९. विचौलियालाई सजायको व्यवस्था हुनुपर्ने:

हाल नेपालको सहकारी अभियानमा विचौलिया लगाएर निक्षेप संकलन गर्ने र संकलित निक्षेपको केही प्रतिशत कमिशन दिने गरेको पनि चर्चा परिचर्चा भएको सुन्नमा आएको छ । यसैले यस्तो विचौलिया मार्फत रकम जम्मा गरिएको रकम डुव्यो भने निज विचौलिया पनि सजायको भागीदार हुनुपर्ने कानूनी व्यवस्था हुनु आबश्यक भएको छ ।

### १०. जिल्ला प्रशासन कार्यालयबाट पनि कार्वाही गर्ने अधिकारको कानूनी व्यवस्था हुनुपर्ने:

सहकारी संस्था बन्द गरी सञ्चालकहरू भागेमा सम्बधित जिल्ला प्रशासन कार्यालयले सञ्चालक समितिका सञ्चालकहरू लगायतको सम्पति रोक्का गरी कार्वाही गर्ने अधिकार जिल्ला प्रशासन कार्यालयलाई पनि कानूनी अधिकार प्रदान गर्नु पर्छ । हाल सहकारी अभियानमा देखिएका विकृतिहरूलाई नियन्त्रण गर्न जरूरी भएको छ । अन्यथा सर्वसाधारण व्यक्तिहरूले जम्मा गरेको निक्षेपमा जोखिम बढ्नु बाहेक घट्ने छैन । तसर्थ केही कदम तुरून्त थालनी हुन आबश्यक छ । सहकारीमा देखिएको विकृतिको दोष एउटा पक्षलाई मात्र दिएर पन्छिन सकिंदैन । नियमन निकाय, राजनैतिक दल र सहकारी अभियानमा संलग्न सहकारीकर्मीहरू र विचौलियाहरू पनि दोषबाट मुक्त हुँदैनन् । यसतर्फ स्वतन्त्र रूपमा अनुसन्धान गरेको खण्डमा स्पष्ट हुने छ ।

सहकारी दर्ता गर्नको लागि निवेदन दिंदा निवेदकहरू सबैले सहकारी सम्बन्धी तालिम लिनु पर्ने व्यवस्था पहिले भएको थियो । डिभिजन सहकारी कार्यालय खारेज भएपछि हाल यो व्यवस्था कार्यान्वयन भएको देखिंदैन । यसको विकल्प नदिईकनै हतारमा डिभिजन सहकारी कार्यालय खारेज गरियो । खारेज गरेपछि दर्ता गर्ने निकायले वा नेपाल सरकारले यसको विकल्प दिनु पर्ने हो । तर सो कार्य भएको पाईंदैन ।

बगमती प्रदेशको सहकारी मापदण्ड २०७७ जारी गर्दा नै नियत गलत राखी मापदण्ड तर्जुमा गरेको पाइन्छ । बहु शब्दको अर्थलाई अनर्थ गरेको पाइन्छ । नेपाली व्याकरण अनुसार एक वचन, दुई वचन र बहुबचन अनुसार तीन काम गर्नु पर्ने हुन्छ । अँग्रेजी व्याकरण अनुसार Singular र Plural एक र बहु भन्दा कम्तिमा २ वटा काम गर्नु पर्ने हुन्छ । तर प्रदेश सरकारको सहकारी ऐन अनुसार दर्ता गरेको 'सहकारी संस्थाको हकमा यो व्यवस्था लागु हुने छैन' भनेपछि बहुउद्देश्य सहकारी संस्थाले एक्कल उद्देश्य विषयगत सहकारी संस्थाले जस्तै बचत तथा ऋणको मात्र काम गर्ने गरी बहुउद्देशीय सहकारी संस्था दर्ता गर्ने व्यवस्था गरेको पाइन्छ । यो व्यवस्थामा निहित स्वार्थ रहेको प्रतित हुन्छ ।

बागमती प्रदेशको यो नियमन सम्बन्धी मापदण्ड २०७७ को दफा ४ को उपदफा (३) मा गरेको व्यवस्था यस्तो रहेको छ । यो मापदण्ड जारी हुनु अघि दर्ता भएका बहुउद्देशीय सहकारी संस्थाले एक भन्दा बढी विषयको काम गर्नुपर्नेछ । अन्यथा कुनै एउटा विषयको मात्र कारोवार गरेको भए जुन विषयको कारोवार गरेको हो, सोही विषय जनाउने गरी यो मापदण्ड लागु भएको २ वर्ष भित्र प्रकृति परिवर्तन गर्नु पर्नेछ । तर प्रदेश सहकारी ऐन बमोजिम दर्ता भएका बहुउद्देशीय सहकारी संस्थाको हकमा यो व्यवस्था लागु हुने छैन । यसबाट के कुरा स्पष्ट हुन्छ भने सहकारी संस्था दर्ता गर्दा आ-आफ्नो स्वार्थ पुर्ति गर्न सकिने भयो । यस्तो व्यवस्था गरेकोमा अभियानको तर्फबाट किन बोलिएन ? यो बडो सोचनीय कुरा छ ।

**११. निर्वाचन प्रणाली निर्धारण हुनुपर्ने:**

प्रारम्भिक सहकारी संस्थाको निर्वाचन र संघहरूको निर्वाचन प्रणाली सम्बन्धमा ऐनमा नै व्यवस्था तोकिनु पर्ने देखिन्छ ।

क) **स्थानीय पालिकालाई जानकारी दिनुपर्ने:** प्रारम्भिक सहकारी संस्थाको समितिको निर्वाचनमा स्थानीय पालिका र सम्बन्धित जिल्लाको जिल्ला सहकारी संघ समेतलाई निमन्त्रणा गरी निर्वाचन सम्पन्न गर्नुपर्ने कानूनी व्यवस्था भएको खण्डमा बाहिरको जिल्लाको व्यक्तिलाई जथाभावि तरिकाले सञ्चालक समितिमा राखेर चुनाव गर्ने परिपाटीमा कमी आउने विश्वास गर्न सकिन्छ ।

ख) **संघको निर्वाचनलाई समानुपातिक एकल संक्रमणीय मत प्रणालीबाट निर्वाचन गर्नुपर्ने:** तीनै तहको संघहरूको निर्वाचनमा Proportional Representation Single Transferable Vote । समानुपातिक प्रतिनिधि एकल संक्रमणीय मत प्रणाली बमोजिम निर्वाचन गरिएको खण्डमा राजनैतिक पार्टीहरूको हस्तक्षेपमा केही कमी जरूर आउने छ । सबै पद भागबन्डाबाट निर्वाचित गराउन नसक्ने हुन्छ ।

ग) **निर्वाचन वर्ष निर्धारण गर्ने:** अर्को कुरा निर्वाचन वर्ष निर्धारण गरेको खण्डमा निर्वाचनलाई स्वच्छ र सदस्यमुखी बनाउन टेवा पुग्ने छ । सहकारीको निर्वाचन वर्ष २०८० साललाई तोकिने । जुन सुकै वर्ष निर्वाचन भएको खण्डमा पनि सो वर्षको पौष मसान्तमा कार्यअवधि समाप्त भएको मान्ने व्यवस्था गर्ने । उदाहरणको लागि २०८० साल साउन महिनामा एउटा प्रारम्भिक सहकारी संस्था दर्ता भएको थियो । सो संस्थाको दर्ता पछि सहकारी ऐन २०४८ को दफा ३९ को उपदफा (१) बमोजिम तीन महिनाभित्र प्रारम्भिक साधारणसभाबाट सञ्चालक समितिको निर्वाचन भयो । २०८० आश्विन महिनामा भएको निर्वाचनबाट सहकारी ऐन, २०७४ को दफा ४१ को उपदफा (७) खण्ड (क) बमोजिम चार वर्ष पदावधि रहेको भएतापनि २०८० सालको पौष महिनासम्ममा पदावधि समाप्त हुने व्यवस्था गर्ने । यदि २०८१ साल बैशाख महिनामा दर्ता गरी ३ महिना भित्र सञ्चालक समितिको निर्वाचन भएको भए त्यस्को कार्यावधि २०८४ पौष महिनामा समाप्त हुने प्राबधानको व्यवस्था गर्ने । २०८४ साललाई निर्वाचन वर्षको

सहकारी दर्ता गर्नको लागि निवेदन दिंदा निवेदकहरू सबैले सहकारी सम्बन्धी तालिम लिनु पर्ने व्यवस्था पहिले भएको थियो । डिभिजन सहकारी कार्यालय खारेज भएपछि हाल यो व्यवस्था कार्यान्वयन भएको देखिंदैन । यसको विकल्प नदिईकनै हतारमा डिभिजन सहकारी कार्यालय खारेज गरियो । खारेज गरेपछि दर्ता गर्ने निकायले वा नेपाल सरकारले यसको विकल्प दिनु पर्ने हो । तर सो कार्य भएको पाईंदैन ।

रूपमा कार्य गर्ने । त्यस्तै २०८८ साललाई निर्वाचन वर्ष रूपमा लिने ।

घ) **उम्मेदवारको योग्यता तोक्नु पर्नेः** सहकारी संघको निर्वाचनको उम्मेदवार हुनको लागि कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एक भन्दा बढी संस्थाको सदस्य रहेको व्यक्ति उम्मेदवार हुन नपाउने व्यवस्था गर्नु पर्छ ।

**१२. कार्यक्षेत्र सीमित हुनपर्नेः**

प्राईमरी सहकारी संस्थाको कार्यक्षेत्रलाई जिल्ला भित्र सीमित पार्नुपर्छ । सहकारी ऐन, २०४८ को दफा १९ को खण्ड (क) बमोजिम जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघको हकमा एक जिल्ला कार्यक्षेत्र हुने प्राबधान रहेको पाइन्छ । तर प्राईमरी सहकारी संस्थाको कार्यक्षेत्र जिल्ला सहकारी संघ भन्दा बढी कार्यक्षेत्र प्रदान गर्नु हुन्छ वा हुँदैन ? विवेक पुऱ्याउनु पर्ने विषय भएको छ । हाल देखा परेको समस्या ठुला सहकारी संस्थाले जिल्ला भन्दा बाहिर कार्यक्षेत्र रहेको वा सेवा केन्द्र बढी भएकोबाट सिर्जना भएको देखिन्छ । अतः समुदायमा आधारित सहकारी संस्थाको समस्या नभएकोले समुदायमा आधारित सहकारी संस्थासंग कारोवार गर्न सदस्यलाई शिक्षा दिने व्यवस्था गर्नु पर्छ । समुदायमा आधारित सहकारी संस्थामा समस्या आएमा समाधानको लागि शिखर संघले जिम्मा लिन सक्नु पर्छ । अन्यथा शिखर संघमा आबद्धता निरर्थक मान्नु पर्ने हुन्छ ।

**१३. संस्था बन्द गरी सञ्चालक भागेमा सञ्चालकहरु लगायतको सम्पति रोक्का गर्ने नियमन निकायलाई कानूनी अधिकारले सम्पन्न गर्नुपर्छः**

हाल देखा परेको सहकारी संस्थाहरूको समस्याबाट सञ्चालकहरूको नियत नै खराव भएको पाइएकोले संस्था बन्द गरी सञ्चालक बेपत्ता भएमा निजको सम्पति रोक्का गरी कार्वाही चलाउने नियमन निकायलाई स्पष्ट अधिकारको प्राबधान रहनु पर्ने देखिन्छ ।

**१४. सहकारीको नियमन निकायको सम्पर्क कार्यालय तोकिनु पर्नेः**

सहकारीको नियमन निकाय पहिले ३८ जिल्लामा मात्र रहने गरी नेपाल सरकारले व्यवस्था गर्दा प्रत्येक जिल्लामा कार्यालय स्थापना हुनुपर्ने भनि हरेक कार्यक्रममा आवाज उठाउने सहकारी अगुवाहरू आज ७ वटा प्रदेशको कार्यालय र एउटा सघीय कार्यालयमा कागज पत्र बुझाउनु पर्दा किन चुपचाप रहेका छन् ? यसको निराकरणका लागि किन आवाज उठाउँन सकिरहेका छैनन् ? यसबाट सरकारको विरोधमा बोल्ने बाहेक कुनै प्रष्ट दृष्टिकोण नरहेको आभाष भएको छ । यस सम्बन्धमा मैले वागमती प्रदेश सहकारी विभागका रष्जिट्रारसंग प्रदेश सरकारको सम्पर्क कार्यालयको रूपमा जिल्ला सहकारी संघ भक्तपुरलाई तोकिने काम गर्‍यौ भनेँ । सहकारी संस्थाले प्रतिवेदन हेटौडासम्म बुझाउन पुग्नु नपर्ने हुन्छ । संस्थाको खर्च कम हुन्छ भनेर भन्दा उहाँले जिल्ला सहकारी संघले निर्णय गरेर पठाउनु भन्नु भएको थियो । उहाँबाट अधिकार प्रत्यायोजित गर्छु भन्नु भयो । यसबारे उहाँ सकारात्मक हुनु हुन्थ्यो । यो भन्दा प्रत्येक पालिकामा सहकारीको नियमन निकाय रहेको हुँदा प्रदेशमा बुझाउने सबै कागज पालिका भित्र नियमन निकायमा बुझाउने व्यवस्था भएमा अझ सहज हुने छ । सरकारी निकाय सबै पालिकामा हुने भएको एउटा नीतिगत निर्णय भएको खण्डमा सबै सहकारी संस्थाहरूलाई सहज र किफायत हुनेछ । यस तर्फ शिखर संघहरू किन आवाज उठाउँन चाहँदैनन् ?

हाम्रो परिपाटी समस्या नआओस् भनेर पूर्व काम गर्ने बानी नै छैन । समस्यामा पनि क्रोनिक भएपछि मात्र ध्यान दिने नेपालको प्रवृति देखिनु खेदजनक छ । यस प्रकारको हाम्रो परिपाटिलाई हामीले सुधार गर्नै पर्छ । अन्यथा अझ समस्यामा विस्तार हुनेमा शँका गर्ने स्थान हुँदैन । अतः हामीले संबेदनशील भएर सोचौं, सहकारी अभियानलाई लक्षित वर्गको आर्थिक, सामाजिक र सांस्कृतिक उत्थानको लागि अगाडि बढाऔं । सहकारीलाई सेवामुखी रूपमा सञ्चालन गरौं । यसैमा हामी सबैको कल्याण हुनेछ ।

**उपसंहारः**

हाल नेपालको समग्र वित्तीय सहकारी संस्थाहरू, बैंक वित्तीय संस्थाहरू, सहकारी र लघुवित्त संस्थाहरूको विरोधमा सडक आन्दोलन आवाज उठेको पाईन्छ । नेपाल उध्योग बाणिज्य संघ  लगायतले बैंकले अचाक्ली ब्याज बढायो । यसमा सरकार र नेपाल राष्ट्र बैंकले नियन्त्रण गर्नु पऱ्यो भन्ने आवाज सडकबाट उठाई आएको कुरा मेडिया मार्फत सम्प्रेशन भएको पाइन्छ । जव दुर्गा प्रसाईको नेतृत्वमा सडक संघर्ष थालियो । लघुवित्त संस्थाका कर्मचारीहरुलाई कालोमासो दलियो अनि सरकार र नेपाल राष्ट्र बैंकले सुधारको कदम चलाउन बाध्य भयो । नेपाल राष्ट्र बैकले लघु वित्त संस्थाबाट लिएको बढी सेवा शुल्क फिर्ता गराउने निर्णय गराइयो । देशको प्रमुख कार्यकारी प्रधानमन्त्री सम्माननीय पुष्प कमल दाहाल प्रचण्डले बैंक, वित्तीय संस्था, सहकारी र लघुवित्त संस्थाको सुरक्षामा मेरो ध्यान गएको छ भनि भन्नुपऱ्यो । यो अवस्था कसरी आयो ? गृह मन्त्रालयबाट ७७ वटा जिल्लाका सि.डी.ओ. कार्यालयलाई शान्ति सूरक्षाको लागि पत्राचार नै भयो । यो अवस्था नआओस् भनी सरोकारवालाहरूले समयमा नै सोचेको भए यस्तो अबस्था सिर्जना हुने थिएन । हाम्रो परिपाटी समस्या नआओस् भनेर पूर्व काम गर्ने बानी नै छैन । समस्यामा पनि क्रोनिक भएपछि मात्र ध्यान दिने नेपालको प्रवृति देखिनु खेदजनक छ । यस प्रकारको हाम्रो परिपाटिलाई हामीले सुधार गर्नै पर्छ । अन्यथा अझ समस्यामा विस्तार हुनेमा शँका गर्ने स्थान हुँदैन । अतः हामीले संबेदनशील भएर सोचौं,  सहकारी अभियानलाई लक्षित वर्गको आर्थिक, सामाजिक र सांस्कृतिक उत्थानको लागि अगाडि बढाऔं । सहकारीलाई सेवामुखी रूपमा सञ्चालन गरौं । यसैमा हामी सबैको कल्याण हुनेछ । जय सहकारी  !

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरूमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्राकृतिक**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**Prakritik**
**Saving and Credit Cooperative Ltd.**
**प्रधान कार्यालय:** गोदावरी न.पा.-१०, चापागाउँ, ललितपुर
**फोन नं.:** ०१-५२६५०९८, ५२६५०९९
**इमेल:** prakritiksaccos@gmail.com

**रत्नाकार**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**Ratnakar**
**Saving and Credit Cooperative Ltd.**
हखबहाल, ललितपुर
**फोन नं.:** ०१-५५४८६०९

**आईडियल**
**सहकारी संस्था लि.**
**IDEAL Cooperative Society Ltd.**
**केन्द्रीय कार्यालय:** राजविराज-४, सप्तरी
**फोन नं.:** ०३१-५२१३९९
**इमेल:** idealcooperativerjb@gmail.com

"प्रतिस्पर्धाको लागि होइन, प्रगतिको लागि सहकारी"

**अभ्युदय**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**Avyudaya**
**Saving and Credit Cooperative Ltd.**
**मुख्य कार्यालय:** सूर्यविनायक-२, बालकोट, भक्तपुर
**फोन नं.:** ०१-५६३९५१६, ५६३९७१३
**इमेल:** avyudayans510@gmail.com

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरूमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## कर्मणा
बचत तथा ऋण सहकारी संस्था लि.

**KARMANA**

Saving & Credit Co–operative Ltd.

सातदोबाटो, ललितपुर
फोन नं.: ०१–५१५१८०१, ५१५१७०३
इमेलः karmanasahakari@gmail.com

## एट्लस
बचत तथा ऋण सहकारी संस्था लि.

**ATLAS**

Saving & Credit Cooperative Ltd.

पो.ब.नं. २६५२६ अन्सु कम्प्लेक्स कुलेश्वर, काठमाडौं
फोन नं.: ०१-५१६५१६५, ५३७७१९२, ५१६५०७८
Email : info@atlassaving.com.np
www.atlassaving.com.np

## दर्पण
बचत तथा ऋण सहकारी संस्था लि.

**DARPAN**

Saving and Credit co-operative Ltd.

मध्यपुर थिमि–१५, कौशलटार, भक्तपुर
फोन नं. : ०१–६६३८७४४

## उत्तरगंगा बहुउद्देश्यीय सहकारी संस्था लि.

**Uttarganga Multipurpose Co-operative Ltd.**

एकान्तकुना, जावलाखेल, ललितपुर
फोन नं. ०१-५५५३०२८, ५५५३०२९
E-mail: uttarganga.coop@yahoo.com

# सहकारीमा  महिला तथा युवाको सन्दर्भमा वित्तीय र सामाजिक समावेशीकरण





**राधिका अर्याल**
उपसचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**कार्यकारी सारांश**

सहकारी क्षेत्रलाई नेपालको आर्थिक विकासको लागि सार्वजनिक, निजी क्षेत्र सहितको प्रमुख आधार स्तम्भको रूपमा नेपालको संविधानले नै मान्यता दिएको छ। नेपालको कुल सहकारी संस्थाको संख्या करीव २९८८६ रहेका छन् भने ती संस्थामा रहेका कूल ७३ लाख सदस्य मध्ये ४२ लाख महिला सदस्य रहेका छन् । देशको कूल जनसंख्याको करिव २८ प्रतिशत जनसंख्या सहकारीमा आवद्ध भएका छन् । त्यसैगरी दीगो विकासको लक्ष्य कार्यान्वयन खासगरी महिला, युवा तथा लक्षित समूहको वित्तीय पहुँच वृद्धि, नेतृत्व विकासमा सहयोग तथा सहभागिता अभिवृद्धि सहित सामाजिक समावेशीकरणको लागि सहकारी संस्थाहरू प्रभावकारी देखिएका छन् ।

## १. विषय प्रवेश

### १.१ सहकारी

सहकारी (Co–operation) ल्याटिन भाषाको Co–operative भन्ने शब्दबाट ल्याइएको हो। जसमा Co भन्नाले With (संगसंगै) र Operative भन्नाले Work भन्ने बुझिन्छ। अत: Co–operative  भन्नाले साझा उद्देश्य प्राप्त गर्न अरूसंग मिलेर संगै काम गर्नु भन्ने बुझिन्छ। अन्तर्राष्ट्रिय सहकारी महासंघका अनुसार "सहकारी संस्था संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा सञ्चालित स्वयात्त उद्यम हो, जसमा आफ्नो साझा आर्थिक–सामाजिक तथा सांस्कृतिक आवश्यकता एवम् आकांक्षा प्राप्तिका लागि व्यक्तिहरू स्वेच्छाले एकतावद्ध रूपमा संगठित हुन्छन्।

नेपालमा सहकारी ऐन, २०७४ ले स्वेच्छिक तथा खुला सदस्यता, र सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वयात्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, पारस्परिक सहयोग र समुदाय प्रतिको चासोलाई सहाकारी सिद्धान्तको रूपमा परिभाषित गरेको छ भने स्वालम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाहलाई

सहकारीको मूल्य-मान्यताको रूपमा स्पष्ट पारेको छ। सहकारी व्यवसाय सहकारी मूल्य  र सिद्धान्तलाई आत्मसात गरी सञ्चालन गरिने व्यवसायिक क्रियाकलापलाई जनाउँदछ। विश्व इतिहासमा सहकारिताको इतिहास सन् १८४३ देखि बेलायतबाट शुरू भएको मानिन्छ। नेपालमा सहकारिताको अभ्यास प्राचिनकाल देखि नै शुरू भएको मान्न सकिन्छ। परम्परादेखि चल्दै आएको कृषिक्षेत्रको पर्मप्रथा, धार्मिक तथा सामाजिक क्षेत्रको गुठी प्रथा, थकाली समुदायमा रहेको ढिकुरी प्रथा, राई-लिम्बु समाजमा रहेको किपट प्रथा आदिलाई परम्परागत सहकारीको रूपमा लिन सकिन्छ। नेपालमा आधुनिक सहकारीको शुरूवात वि.सं. २०१० सालमा कृषि विकास र योजना मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापनाबाट भएको पाइन्छ। वि.सं.२०१३ सालमा चितवन जिल्लामा 'वखान बहुद्देश्यीय सहकारी संस्थाको स्थापना भएको थियो । निश्चित उद्देश्य लिएर खोलिएका यी सहकारी संस्थाको अनुभवबाट शिक्षा लिएर सरकारले देशभर सहकारी संस्था  खोल्ने लक्ष्य निर्धारण गरी सो को लागि आवश्यक कानूनी व्यवस्था समेत जारी गरेको थियो। सहाकरी क्षेत्रको विकासको लागि विभिन्न समयमा भएका नीतिगत तथा कानूनी सुधार तथा संस्थागत प्रवन्धबाट यो क्षेत्र अर्थतन्त्रको एउटा दरिलो खम्बाको रूपमा स्थापित भएेको छ। नेपाल संविधानले अर्थतन्त्रको खम्बाको रूपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई उल्लेख गरेको छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति लिएको छ। अर्थतन्त्रमा निजीक्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकत्तम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने र सो को लागि सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा परिचालन गर्ने कुरालाई संविधानले जोड दिएको छ।

### १.२ समावेशीकरण

समावेशीकरण शब्द राज्यको अवधारणासँगै शुरू भएको हो। खासगरी राज्यको मूलधारमा आउन नसकेका वर्ग, समुदाय तथा क्षेत्रलाई मूलधारमा ल्याउने प्रयत्न समावेशीकरण हो। यो राज्यमा वञ्चितीकरण र वहिष्करणमा परेका वर्ग, समुदाय, क्षेत्रलाई मूलप्रवाहमा समावेश गर्न प्रभावकारी वातावरण सिर्जना गर्ने महत्वपूर्ण आधार हो। राज्यका सबै  क्षेत्र, वर्ग, लिङ्ग र समुदायका नागरिकले राज्य सञ्चालनका विभिन्न क्षेत्रमा समान रूपले सहभागी हुन सक्ने अवस्थाको सिर्जना गर्ने विषय समावेशीकरणको आधारभुक्त पक्ष हो। समावेशीकरणले समाजको वास्तविकता र विविधतालाई शक्त्ति संरचनामा प्रतिविम्वित गर्नुपर्ने मान्यता राख्दछ । ग्रिक दार्शनिक टाकिस फोटोपाउलसले समावेशीकरण शब्दलाई लोकतन्त्रसँग जोडेर उनको प्रसिद्ध कृति Toward an Inclusive Democracy मार्फत समावेशीकरणको वकालत गरेका थिए। समावेशीकरणलाई समावेशी लोकतन्त्रसँग पनि मिलाएर व्याख्या गर्ने गरेको पाइन्छ। त्यसैले समावेशी राज्य स्थापना गर्ने महत्वपूर्ण आधारको रूपमा समावेशीकरणलाई प्रयोग गर्ने गरेको पाइन्छ।

समावेशीकरणलाई विभिन्न स्वरूप वा विषयको आधारमा प्रयोग गर्ने देखिन्छ। उदाहरणको लागि राजनीतिक, सामाजिक तथा सांस्कृतिक, धार्मिक तथा भाषिक, जातीय, लैङ्गिक, भौगोलिक, प्रशासनिक समावेशीकरण आदि। समावेशीकरणका विधि तथा प्रक्रिया विभिन्न प्रकारका छन्। जस्तै सकारात्मक विभेद, विशेष व्यवस्था, आरक्षण, समानुपातिक सहभागिता तथा प्रतिनिधित्व आदि। विभिन्न मुलुकमा रहेको वहिष्करण वा वञ्चितीकरण तथा विभेदको आधारमा विभिन्न तरिका अवलम्बन गरिएको पाईन्छ। ऐतिहासिक रंगभेदले पिल्सिएको देश युरोप तथा अमेरिकामा सकारात्मक विभेदको नीति अपनाइएको छ। क्यानडा, अष्ट्रेलिया जस्ता देशले आदिवासीका लागि विशेष व्यवस्था गरेका छन् भने जातीय, भौगोलिक विभेद रहेको नेपाल, भारत लगायतका देशमा आरक्षण, कोटा प्रणाली  तथा राजनैतिक क्षेत्रमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिएको छ। शासनको मूलधारमा आउन नसक्नुका विभिन्न कारण, स्वरूप तथा आयाम हुने भएकोले एउटा मात्र विधिले सारभूत रूपमा समावेशीकरण हुन सक्दैन । त्यसैले समावेशीकरणको लागि एक भन्दा बढी विधिको अवलम्बन गरेको पाईन्छ। हाल विश्वका सबै मुलुकहरूले समावेशीकरणको सवाललाई कुनै कुनै स्वरूपमा प्राथमिकतामा राखेको पाइन्छ। नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक विविधता भएको देश भएकोले यी सबै किसिमका विविधताहरूको व्यवस्थापन सहित समावेशी विकासको लागि समावेशीकरणलाई महत्वपूर्ण साधनको रूपमा लिन सकिन्छ।

> समावेशीकरणको लागि एक भन्दा बढी विधिको अवलम्बन गरेको पाईन्छ। हाल विश्वका सबै मुलुकहरूले समावेशीकरणको सवाललाई कुनै न कुनै स्वरूपमा प्राथमिकतामा राखेको पाइन्छ। नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक विविधता भएको देश भएकोले यी सबै किसिमका विविधताहरूको व्यवस्थापन सहित समावेशी विकासको लागि समावेशीकरणलाई महत्वपूर्ण साधनको रूपमा लिन सकिन्छ।

#### १.२.१ सामाजिक समावेशीकरण

समावेशीकरणलाई विभिन्न पक्षहरूका आधारमा व्याख्या तथा विश्लेषण गर्ने गरिन्छ । यस मध्ये सामाजिक समावेशीकरणलाई महत्वपूर्ण मानिन्छ । समावेशीकरण र सामाजिक समावेशीकरणलाई पर्यायको रूपमा पनि व्याख्या गरेको पाईन्छ । समाजको हरेक पक्षलाई मिहिनरूपमा विश्लेषण गर्दा समावेशीकरणका सबैपक्षहरू जस्तैः आर्थिक, राजनैतिक, शैक्षिक आदि सामाजिक समावेशीकरणमा समेटिन सक्दछ। समाजका प्रत्येक व्यक्ति तथा समुदायको पहिचान, प्रतिनिधित्व र पहुँचलाई सुनिश्चित गरी समाजमा समान हैसियत र सम्मानकासाथ जीवन गुजार्न सक्ने वातावरण बनाउने प्रक्रिया नै सामाजिक समावेशीकरण हो । यो समाजमा विभिन्न कारणवाट पछाडि परेका वर्ग र समुदायलाई समाजको मूलप्रवाहमा समावेश गराउने विधि हो । समाजमा विद्यमान लैंगिक असमानता र विभेद, जातीय विविधता,  धार्मिक विविधता, भाषिक विभेद, भु राजनैतिक जटिलता तथा लैंगिक तथा यौनिक अभिमुखीकरणसंग सम्वन्धित असमानता तथा विभेदका कारण समाज खण्डीकृत भएको छ ।यो खण्डीकृत समाजलाई एकीकृत तथा ऐक्यवद्ध बनाउने साधनको रूपमा सामाजिक समावेशीकरण लिन सकिन्छ । समाजमा विद्यमान विभिन्न समुह तथा समुदायमा रहेको असमानता तथा विभेदलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| वर्ग तथा समुदाय | विभेद तथा असमानताको अवस्था |
|---|---|
| महिला तथा बालिका | ❍ महिला र पुरूषको शैक्षिकस्तरमा रहेको विभेद<br>❍ महिलाको सम्पत्ति प्राप्ति तथा सम्पत्तिको हस्तान्तरणमा रहेको सीमितता<br>❍ कमजोर स्वास्थ्य तथा प्रजनन स्वास्थ्य<br>❍ श्रम बजार, रोजगारी तथा उत्पादनमूलक स्रोत तथा साधनमा न्यून पहुँच<br>❍ महिला तथा बालिका उपर हुने लैंगिक हिंसाको विद्यमानता<br>❍ निर्णय निर्माण तथा नेतृत्व तहमा महिलाको अर्थपूर्ण सहभागिता हुन नसक्नु |
| दलित | ❍ सांस्कृतिक रूपमा - जातीय छुवाछुत तथा भेदभाव<br>❍ आर्थिक तथा सामाजिक - न्यून साक्षरता, उच्च बेरोजगारी, भूमिहिन<br>❍ राजनैतिक - कमजोर सहभागिता |
| जनजाति | ❍ सांस्कृतिक रूपमा - धार्मिक तथा भाषिक विभेद<br>❍ आर्थिक तथा सामाजिक - न्यून साक्षरता, बेरोजगारी<br>❍ राजनैतिक - न्यून सहभागिता, सरकारी संयन्त्रमा कमजोर प्रतिनिधित्व |
| मधेशी | ❍ सांस्कृतिक रूपमा - भाषिक विभेद<br>❍ आर्थिक तथा सामाजिक - रोजगारीमा विभेद<br>❍ राजनैतिक - कमजोर सहभागिता, नागरिकताको समस्या |
| अपांगता भएका व्यक्ति | ❍ सांस्कृतिक रूपमा - शिक्षामा विभेद<br>❍ आर्थिक तथा सामाजिक - रोजगारीमा सीमितता, पहुँच योग्य सञ्चार तथा पूर्वाधार<br>❍ राजनैतिक - न्यून प्रतिनिधित्व |
| लैंगिक तथा यौनिक अल्पसंख्यक | ❍ आर्थिक तथा सामाजिक - रोजगारीमा विभेद, विवाह तथा सामाजिक अस्वीकार्यता<br>❍ राजनैतिक - न्यून सहभागिता |

समाजमा विद्यमान उल्लेखित विभेद र बञ्चितीकरण तथा सोसंग सम्वन्धित संरचनात्मक अवरोधहरू हटाई सबै व्यक्ति, समुदाय तथा वर्गको पहिचान, समान चासो, आत्मसम्मान प्राप्त गर्न, अवसर तथा लाभमा पहुँच सुनिश्चित गर्दै सारभुत समानता हासिल गर्न, सामाजिक सुरक्षा सहितको सामाजिक न्याय सुनिश्चितताको लागि सामाजिक समावेशीकरण महत्वपूर्ण मानिन्छ।

सामाजिक समावेशीकरणको अवस्था (महिला तथा युवा) लाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

**तालिका: नेपालमा महिलाको वर्तमान अवस्था**

| सि.नं. | विवरण | सूचक |
|---|---|---|
| १. | महिलाको संख्या | ५१.५% (कूल जनसंख्याको) |
| २. | महिला साक्षरता | ५७.५% (पुरूष- ८१%) |
| ३. | सार्वजनिक क्षेत्रको नीति निर्माण तहमा महिला सहभागिता | निजामती सेवा - २६% (पुरूष- ७४%)<br>न्याय सेवा - १४ % (पुरूष- ८४%)<br>स्थानीय तह - ४१% (पुरूष- ५९% )<br>प्रदेश सभा - ३६.३६% (पुरूष- ६३.६४%)<br>संघीय संसद -३३.०९% (पुरूष- ६६.९१%) |
| ४. | सहकारी क्षेत्रमा महिला | ५६ % (पुरूष- ४४ %) |
| ५. | घर र जग्गामा महिलाको स्वामित्व | २६ % |
| ६. | महिला स्वास्थ्य | शिशु मृत्युदर - २८ प्रति हजार<br>५ बर्षमुनी शिशु मृत्युदर - ३८ प्रतिहजार<br>मातृमृत्युदर - २३९ प्रतिलाख<br>प्रजनन दर - २.१<br>गर्भ निरोधक साधन प्रयोगदर ५७<br>औषत आयु - ७१.५ बर्ष |
| ७. | महिला तथा बालिका उपर हुने हिंसाको विद्यमानता (उजुरीको संख्या आ.व. २०७७।०७८) | १८,९६० वटा |

**तालिका: नेपालमा युवाको वर्तमान अवस्था**

| सि.नं. | विवरण | सूचक |
|---|---|---|
| १. | युवा संख्या | ४०% (कूल जनसंख्याको) |
| २. | युवा साक्षरता | ७१% महिला ६३% पुरुष ७२% |
| ३. | विवाहको औषत उमेर | महिला २०.६ वर्ष पुरूष २३.८ वर्ष |
| ४. | पूर्ण वेरोजगार युवा | १९.२% |
| ५. | कृषिमा संलग्न | ५०.५% |
| ६. | स्वरोजगार युवा(१५-१९ वर्ष समूह) | ५८.८% |
| ७. | अर्ध वेरोजगार युवा | २८.३% |
| ८. | प्रतिवर्ष श्रम बजारमा प्रवेश गर्ने संख्या | ४ लाख ५० हजार |
| ९. | सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएका युवाको बेरोजगारी दर | २३% |
| १०. | रोजगारीमा महिला असमानता अनुपात | ०.५ |
| ११. | घरायसी कामकाजमा युवा | ३६% |
| १२. | प्रतिवर्ष रोजगारीका लागि विदेशिने नेपाली युवा | ५ लाख ३८ हजार |
| १३. | अपांगता भएका युवा | १.५२% |

| सि.नं. | विवरण | सूचक |
|---|---|---|
| १४. | उच्च शिक्षा लैंगिक विभेद | ०.७० |
| १५. | स्नातक युवा वेरोजगारी प्रतिशत | २६.१ % |

*स्रोतः युवा भिजन, २०२५ तथा दश वर्षे रणनीतिक योजना, युवा तथा खेलकुद मन्त्रालय*

### १.२.२ वित्तीय समावेशीकरण

औपचारिक वित्तीय प्रणालीको उपलब्धता, त्यसमा जनताको पहुँच र त्यसको उपयोग प्रक्रिया नै वित्तीय समावेशीकरण हो। वित्तीय समावेशीकरणले सबै वर्ग र तहका मानिसहरूलाई औपचारिक वित्तीय प्रणालीमा समावेश गरी आधारभूत वित्तीय सेवाहरू जस्तै भूक्तानी, वचत, ऋण र वीमा जस्ता सेवाहरूको उपलब्धता गराउने कुरालाई जनाउँछ। यसले जनताको जीवनस्तर उकास्न, गरिवी न्यूनीकरण गर्न र आर्थिक विकासको गतिलाई बढाउन सहयोग गर्छ।

विश्ववैंकका अनुसार वित्तीय समावेशीकरणलाई देहाय बमोजिम परिभाषित गरेको छः

'Financial Inclusion means that individuals and business have access to useful and affordable financial products and services that meet their need transactions, payment, saving, credit and insurance delivered in a responsible and sustainable way' त्यसैगरी Katoroogo (2016) ले वित्तीय समावेशीकरणलाई बहु-आयामिक अवधारणाको रूपमा उल्लेख गरी देहाय बमोजिम परिभाषित गरेको छः-

Financial Inclusion is a multi–dimensional concept that contains access, usage and quality of financial services like saving, credit, insurance and remittance.

वित्तीय पहुँचले चार प्रकारका वित्तीय सेवा जस्तै वचत, भुक्तानी, कर्जा र विमालाई समेट्छ। यसका साथै वित्तीय सेवाको गुणस्तर, ग्रहणशिलता, उपलब्धता, स्थायित्व र उपभोक्ता संरक्षण जस्ता पक्ष पनि महत्वपूर्ण हुन्छन्। वित्तीय समावेशीकरण स्थायित्वको आधार हो।

नेपालमा वित्तीय समावेशीकरणको महत्वपूर्ण भूमिका निर्वाह गर्ने निकायहरू बैंक तथा वित्तीय संस्थाहरू हुन्। नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाको संख्या १५५ रहेका छन् जसमा २७ वटा वाणिज्य बैंक, २० वटा विकास बैंक, २२ वित्त कम्पनी, ८५ लघुवित्त वित्तीय संस्था र १ वटा पूर्वाधार विकास बैंक छन्। बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ४४३६, विकास बैंकको १०२९, वित्त कम्पनीको २४३ र लघुवित्त वित्तीयसंस्थाको ४०५७ रहेको छ। सबै नेपालीको बैंक खाता खोल्ने अभियान अन्तर्गत सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुऱ्याउने नीति अनुसार हालसम्म ७५३ स्थानीय तह मध्ये ७४७ स्थानीय तहमा बैंकको शाखा विस्तार भैसकेको छ। वाणिज्य वैंक, विकास बैंक र वित्त कम्पनीमा निक्षेप खाता संख्या ३ करोड २५ लाख, कर्जा खाता संख्या १५ लाख ४४ हजार पुगेको छ। मोवाइल बैंकिङ्का ग्राहक संख्या १ करोड १३ लाख, इन्टरनेट बैंकिङ् ग्राहक संख्या १० लाख ३१ हजार, जारी डेविट कार्ड संख्या ७३ लाख २९ हजार तथा क्रेडिट कार्डको संख्या १ लाख ६० हजार पुगेको छ।

लघुवित्त संस्थाबाट पनि वित्तीय समावेशीकरणको लागि महत्वपूर्ण कार्य भैरहेको छ। लघुवित्त अवधारणाले वित्तीय पहुँच बढाई गरीवी न्यूनीकरण गर्न, महिला सशक्तीकरण गरी लैंगिक अन्तर घटाउन मद्दत गरेकोछ। लघुवित्तका विभिन्न मोडेल जस्तै ग्रामिण बैंकिङ् मोडेल, विपन्न कर्जा मोडेल, साना किसान सहकारी मोडेल, लघु कर्जा प्रवाह मोडेलले वित्तीय पहुँचका वचत परिचालनमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। त्यसैगरी सहकारी क्षेत्रले वित्तीय पहुँच बढाई वित्तीय समावेशीकरणको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

वित्तीय समावेशीकरणको लागि योगदान पुऱ्याउने अर्को महत्वपूर्ण क्षेत्र मध्ये सहकारी क्षेत्रलाई लिन सकिन्छ । यस क्षेत्रले बैंक तथा वित्तीय संस्थामा पहुँच नपुगेका विपन्न एवं पिछडिएका वर्ग तथा दुर्गम क्षेत्रका आमसमुदायलाई वित्तीय सेवाका साथै महिला सशक्तीकरण र नेतृत्व विकासमा योगदान पुऱ्याएको छ । नेपालको कूल जनसंख्याको २८ प्रतिशत जनसंख्या शहरी क्षेत्रमा आवद्द छन् । नेपालमा सहकारी संस्थाको अवस्था देहाय बमोजिम रहेको छः

**तालिकाः नेपालमा सहकारी संस्थाको अवस्था**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | कूल सहकारी संस्था | २९८८६ |
| २. | कूल सदस्य संख्या | ७३०७४६२ |
| ३. | महिला सदस्य | ४०९२३९५ |
| ४. | पुरूष सदस्य | ३२१५०६७ |
| ५. | संघ स्तरका सहकारी संस्था | १२५ |
| ६. | प्रदेश स्तरका सहकारी संस्था | ६००२ |
| ७. | स्थानीय तह स्तरका सहकारी संस्था | २३७५९ |
| ८. | कूल शेयर पुँजी | ९४ अर्व |
| ९. | कूल बचत | ४ खर्व ७७ अर्व |
| १०. | ऋण लगानी | ४ खर्व २६ अर्व |
| ११. | प्रत्यक्ष रोजगारी | ८८३०९ जना |

*स्रोतः दीगो विकास लक्ष्य स्थानीयकरण र उपलब्धि ट्र्याकिङ्मा सहकारी संस्थाहरूको वर्तमान अवस्थाको अध्ययन प्रतिवेदन चैत्र, २०७८*

## २. नेपालमा समावेशीकरणको लागि भएका नीतिगत प्रयासहरु

### १. नेपालको संविधान

नेपालको संविधानले समावेशी राज्यको परिकल्पना गरेको छ। यस संविधानको प्रस्तावनामा समाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। राज्यको परिभाषा अन्तर्गत समावेशी शब्द उल्लेख भएको, समानताको हक अन्तर्गत सकारात्मक विभेदको कुरा स्वीकार गरेको, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हकलाई मौलिकहकको रूपमा राखिएको, नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली भएको उल्लेख गरेको, राजनैतिक दलका विभिन्न कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रलाई समावेशी बनाउने व्यवस्था गरिएको, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, समावेशी आयोग, थारू, मधेशी तथा दलित आयोग जस्ता संवैधानिक आयोगको व्यवस्था भएको, विभिन्न संवैधानिक नियुक्तीहरूमा समावेशी सिद्धान्तलाई स्वीकार गर्ने व्यवस्था राखिएको, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख( प्रदेश स्तरमा समेत) चयनमा समावेशी सिद्धान्तलाई अवलम्वन गर्ने व्यवस्था राखिएको छ। त्यसैगरी राज्यको नीति अन्तर्गत छुट्टै सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति उल्लेखक गरी विशेष प्राथमिकता, सशक्तीकरण, संरक्षण तथा सम्बर्धन, विशेष व्यवस्था, सहभागिता विकास आदि माध्यमबाट समावेशीकरण हासिल गर्ने नीतिको अंगिकार नेपालको संविधानमा गरिएको छ ।

**२. राष्ट्रिय लैंगिक समानता नीति,२०७७**

राष्ट्रिय लैंगिक समानता नीतिमा सबै क्षेत्रमा महिलाको सारभूत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रूपान्तरणद्वारा लैंगिक समानता कायम गर्ने सोच सहित महिलाको आर्थिक, सामाजिक र राजनीतिक रूपमा सशक्तीकरण सहित कानूनी तथा व्यवहारिक समानता स्थापित गर्ने लक्ष्य राखेको छ।

**३. आवधिक योजना:**

चालु पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)मा अन्तरसम्बन्धित विषय क्षेत्र अन्तर्गत समावेशीकरण विषय उल्लेख छ। यस योजनाले राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकासको सोच सहित आर्थिक, सामाजिक तथा राजनैतिक अवसरबाट वञ्चितीमा परेका लक्षित वर्गका लागि मुलुकमा उपलब्ध साधन-स्रोत तथा सुविधामा समानुपातिक समावेशी पँहुच सुनिश्चित गर्ने उद्देश्य तय गरेको छ। या योजनाको कार्यान्वयनबाट निर्णय प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित भएको हुने, उपलब्ध स्रोत साधनमा समुदायको पहुँच बढेको हुने, राजनीतिक, प्रशासनिक, शैक्षिक क्षेत्रमा अर्थपूर्ण र देखिने सहभागिता भएको हुने अपेक्षा गरिएको छ।

**४. अन्य कानूनी व्यवस्था**

निजामती सेवा ऐन तथा नियमावली, लगायतका लगभग सबै क्षेत्रगत कानूनमा आरक्षण, विशेष व्यवस्था, सकारात्मक विभेद, समानुपातिक प्रतिनिधित्व, छुट तथा सहुलियतको व्यवस्था सहित लक्षित समुदाय, वर्ग तथा क्षेत्रको सहभागिता तथा पहुँचमा वृद्धि, क्षमता विकास तथा सशक्तीकरण र मूलप्रवाहीकरण सहित समावेशीकरणका नीति अवलम्बन गरिएको छ।

**५. दीगो विकासको लक्ष्य (सन् २०१६-२०३०) :**

संयुक्त राष्ट्र संघको महासभाले सन् २०१६ देखि २०३० सम्म विश्वको रूपान्तरण र विकासका हरेक आयाममा कसैलाई पनि पछाडि नछोड्ने (Leave No One Behind) प्रतिवद्धताका साथ सन् २०१५ सेप्टेम्बर मा दीगो विकास लक्ष्य घोषणा गरेको थियो। यस अन्तर्गत गरिवी र भोकमरी अन्त्य गर्ने, सबैलाई शिक्षा र स्वास्थ्य उपलब्ध गराउने, लैंगिक समानता, सबैमा उर्जाको पहुँच, रोजगारी प्रवर्द्धन, आर्थिक वृद्धि, उद्योग, पूर्वाधार विकास र दीगो शहरी विकास जस्ता विषय समावेश गरी १७ वटा लक्ष्य निर्धारण गरिएको छ। यसमा विश्वव्यापी २३२ सूचक सहित नेपालले तयर गरेको २४७ सूचक सहित जम्मा ४७९ सूचक छन्। दीगो विकास लक्ष्यका प्रमुख तीन आयाम आर्थिक, सामाजिक र पर्यावरणीय आयाम छन्। यी आयामहरूमा सबैलाई समावेश गर्ने अर्थात कसैलाई पछाडि नछोड्ने नीति आफैंमा समावेशीकरण हो। त्यसैले दीगो विकास लक्ष्य प्रति नेपालको प्रतिवद्धता र स्थानीयस्तरसम्म यसको प्रभावकारी कार्यान्वयन समावेशीकरणको राम्रो प्रयास हो।

**३. दीगो विकासको लक्ष्य तथा लैंगिक समावेशीकरण लागि सहकारी क्षेत्रको योगदान**

दीगो विकासका १७ वटा लक्ष्यहरू मध्ये लक्ष्य नं. ५ मा लैंगिक समानता हासिल गर्ने र सबै महिला र बालवालिकालाई सशक्त बनाउने रहेको छ। यस लक्ष्यका परिमाणत्मक लक्ष्यहरू देहाय बमोजिम रहेका छन् ।

क) सबै महिला र बालिका विरूद्ध जुनसुकै स्थान र क्षेत्रमा हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने।

ख) बेचविखन, यौन र अरू प्रकारका शोषण लगायत सार्वजनिक एवम् निजी क्षेत्रहरूमा महिला र बालिका विरूद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने।

ग) बालविवाह, कम उमेरको विवाह, जवर्जस्ती विवाह र महिला ज्ञानेन्द्रिय अंगभंग गर्ने जस्ता हानिकारक व्यवस्थाहरूको अन्त्य गर्ने।

घ) पारिश्रमिक वेगरको हेरचाह गर्ने तथआ घरायसी कामलाई कदर गर्ने र महत्व दिने।

ङ) राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको निर्णय- निर्माणका सबै तहहरूको नेतृत्वमा महिलाहरूको पूर्ण तथा प्रभावकारी सहभागिता र समान अवसरको सुनिश्वितता गर्ने।

च) यौन तथा प्रजनन स्वास्थ्य र प्रजनन अधिकारहरूमा विश्वव्यापी पहुँच सुनिश्चित गर्ने रहेका छन् ।

त्यसैगरी माथि उल्लेखित परिमाणात्मक लक्ष्य हासिल गर्न आर्थिक साधनहरूमा समान अधिकार प्रदान गर्ने, जमिन र अरू प्रकारका सम्पत्तिहरू वित्तीय सेवाहरू, पैतृक र प्राकृतिक स्रोतसाधनमा पहुँच प्रदान गर्न आवश्यक सुधार गर्ने, महिला सशक्तीकरणको लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिने, लैंगिक समानता प्रवर्द्धन गर्न तथा सशक्तीकरणको लागि विवेकसम्मत नीतिहरू र कार्यान्वयन योग्य कानून बनाउने तथा सुदृढ गर्ने व्यवस्था गरिएको छ।

दीगो विकास लक्ष्य ५ अन्तर्गत समान कामको लागि ज्याला/पारिश्रमिकमा हुने असमानता हटाउने, शारीरिक तथा यौनिहिंसा अन्त्य गर्ने, सबै हानिकारक प्रथाहरूको अन्त्य गर्ने, संसदमा महिलाको प्रतिनिधित्व बढाउने, सार्वजनिक सेवाको नीति निर्माणका पदहरूमा महिलाको सहभागिता बढाउने, सहकारी क्षेत्रमा महिलाको सहभागिता बढाउने सूचकहरू रहेका छन् ।

यसैगरी दीगो विकासका लक्ष्य अन्तर्गत भएका समावेशीकरणका विषयहरू देहाय बमोजिम रहेको छन्

**लक्ष्य नं. १: सबै क्षेत्रबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने**

- अति गरिवीलाई ५ प्रतिशत भन्दा कममा झार्ने
- गरिवी अन्तरलाई २.८ प्रतिशतामा ल्याउने
- बार्षिक प्रति व्यक्ति्त आय २५०० अमेरिकी डलर पुर्याउने
- बहुपक्षीय गरिवी सूचकांकलाई १० प्रतिशत भन्दा कम बनाउने
- सामाजिक सुरक्षा व्ययलाई १५ प्रतिशत पुऱ्याउने

**लक्ष्य नं. २: भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दीगो कृषि प्रवर्धन गर्ने**

- न्यून पोषणको उपस्थिति ३ प्रतिशत पुर्याउने
- ५ बर्ष मुनिका वालवालिकाको तौलमा हुने कमीलाई ५ प्रतिशतमा झार्ने
- अपर्याप्त खानाको उपभोग गर्ने परिवार संख्या ३ प्रतिशतमा ल्याउने
- प्रजनन उमेरका महिला र बालबालिकामा हुने रक्त्त अल्पता १० प्रतिशतमा झार्ने

**लक्ष्य नं. ३: सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्धन गर्ने**

- मातृमृत्यदर प्रति लाख जीवित जन्ममा ७० भन्दा कम गर्ने
- नवजात शिशु र ५ बर्षमुनिका बालबालिकाको रोक्न सकिने मृत्युदर १ प्रतिशत भन्दा कम गर्ने
- नवजात शिशु र ५ बर्षमुनिका बालबालिकाको मृत्युदर क्रमशः १२ र २० प्रतिहजार जीवित जन्ममा ओराल्ने
- आधुनिक परिवार नियोजनको प्रयोगदर ६० प्रतिशत पुऱ्याउने
- संस्थागत प्रसुति सेवा तथा प्रसुति पछिको सेवा ९० प्रतिशत पुऱ्याउने

**लक्ष्य नं. ४: समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैकालागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने**

- खुद भर्नादर तथा प्राथमिक शिक्षा पुरा ९९.९ प्रतिशत र माध्यमिक शिक्षा भर्नादर ९९ प्रतिशत पु¥याउने
- काम गर्ने उमेरका जनसंख्याको अनुपात (प्राविधिक तथा व्यवसायिक दक्षता मर्यादित रोजगारी तथा उद्यमशीलता समेत) ७५ प्रतिशत पुर्याउने
- उच्च शिक्षामा छात्र तथा छात्राको भर्नाको अनुपात १ पु¥याउने ।

**लक्ष्य नं. ५: लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने**

- समान कामको लागि समान ज्यालामा रहेको विभेदको अन्त्य
- शारीरिक तथा यौनजन्य हिंसाको अन्त्य
- बाल विवाह कम उमेरमा हुने विवाह तथा जबरजस्ति हुने विवाह जस्ता सामाजिक कुरीतिको अन्त्य
- संघीय संसदमा ४० प्रतिशत महिलाको सहभागिता
- सार्वजनिक सेवाको नीति निर्माण गर्ने तहमा महिला सहभागिता ३३ प्रतिशत पुर्याउने

**लक्ष्य नं. ६: सबैकालागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दीगो व्यवस्थापन सुनिश्चित गर्ने**

- आधारभुत खानेपानीमा पहुँच ९९ प्रतिशत घरपरिवारमा पु¥याउने
- पाइपलाइन तथा सुधारिएको स्वास्थ्य सेवा ९० घरपरिवारमा पु¥याउने
- ९९ प्रतिशत समुदायलाई खुला दिशामुक्त्त बनाउने
- ९५ प्रतिशत घरपरिवारमा एकल सुधारिएको सरसफाई तथा ९८ प्रतिशत जनसंख्यालाई शौचालय प्रयोगमा सक्षम बनाउने

**लक्ष्य नं. ७: किफायती, विश्वसनीय, दीगो र आधुनिक ऊर्जामा सबैका लागि पहुँच सुनिश्चित गर्ने**

- ९९ प्रतिशत घरपरिवारलाई विद्युतको सुनिश्चितता

**लक्ष्य नं. ८: भरपर्दो, समावेशी र दीगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनशिल रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने**

- अर्ध वेरोजगारी १० प्रतिशत भन्दा कम गर्ने
- निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्ने
- पर्यटन क्षेत्रमा रोजगारी बढाउने

**लक्ष्य नं. ९: उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दीगो औद्योगीकरणको प्रवर्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने**

- सबै जिल्ला तथा गाँउ सडकले जोड्ने
- सबै जनसंख्यालाई मोवाइलको सेवा सुनिश्चित गर्ने गरी टेलिफोन सेवाको आवद्धता गर्ने
- उद्योगमा १३ प्रतिशत रोजगारी बढाउने

**लक्ष्य नं. १०: मुलुकभित्र तथा मुलुकहरुबीचको असमानता घटाउने**

- तल्लो ४० प्रतिशत जनसंख्याको आयको अंश वृद्धि गरी राष्ट्रिय आयको १८ प्रतिशत पु¥याउने
- आर्थिक सामाजिक तथा राजनैतिक सूचकांक वृद्धि गरी प्रत्येकको ०.७ पु¥याउने

**लक्ष्य नं. ११: सहर तथा मानव बस्तिहरु समावेशी, सुरक्षित, उत्थानशील र दीगो बनाउने**

- विश्व मानक अनुसार ५० प्रतिशत सडक सुरक्षित बनाउने
- सुरक्षित घरमा बसोवास गर्ने घरपरिवारको संख्या ६० प्रतिशत पु¥याउने

**लक्ष्य नं. १५: पारिस्थितिकीय प्रणालीको संरक्षण, पुर्नस्थापना र दीगो उपयोगको प्रवर्धन गर्ने, वनको दीगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने**

- पारिस्थितकीय प्रणाली तथा बन क्षेत्रको दीगो उपयोग गर्ने
- सामुदायिक व्यवस्थापनको माध्यमवाट वन क्षेत्र वृद्धि गर्ने

**लक्ष्य नं. १६: दीगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने**

- महिला विरूद्ध तथा बालबालिका विरूद्धको हिंसाको अन्त्य गर्ने
- सबैमा न्यायको पहुँच पु¥याउने

दीगो विकासको लक्ष्य लैंगिक समानता र महिला सशक्तीकरणको लक्ष्य प्राप्तिमा सहकारी क्षेत्रको भूमिकालाई महत्वपूर्णरूपमा लिन सकिन्छ। यसको परिमाणात्मक सूचक अन्तर्गत सहकारी क्षेत्रमा महिलाको सहभागिता ५० प्रतिशत पु¥याउने लक्ष्य रहेकोमा हाल यस क्षेत्रमा महिलाको सहभागिता ५६ प्रतिशत पुगिसकेको छ। त्यसैगरी निजी क्षेत्रको निर्णायक तहमा महिलाको सहभागिता सन् २०२२ को लागि ३८.३ प्रतिशत तोकिएकोमा सहकारी क्षेत्रको निर्णायक तहमा ३९ प्रतिशत महिलाको सहभागिता भैसकेको छ। त्यसैगरी सार्वजनिक सेवामा नीति निर्णामका पदहरूमा रहेका महिलाको संख्या सन् २०२२ को लागि २५.७ प्रतिशत तोकिएकोमा सहकारी क्षेत्रमा सो लक्ष्य ४३ प्रतिशत हासिल  भैसकेको अवस्था छ।

यसैगरी सहकारी संस्थाहरू विशेष गरी महिलाहरूद्वारा सञ्चालित सहकारी संस्थाहरूले वित्तीय स्रोत परिचालनको अतिरिक्त समाजमा लैंगिक हिंसा तथा मानव वेचविखन विरूद्ध सचेतना, जागरण तथा हिंसा विरोधी पहलहरूको सामुदायिक नेतृत्व लिने साथै हिंसा पीडितहरूको संरक्षण र न्यायमा पहुँचको लागि आवश्यक दवाव तथा आर्थिक सहयोग गर्ने गरेका छन्। यसबाट दीगो विकास लक्ष्य  ५ अन्तर्गतको परिमाणात्मक लक्ष्य हासिल गर्ने सघाउ पु¥याएको छ। यसैगरी बालविवाह, बहुविवाह, जवर्जस्ती विवाह जस्ता सामाजिक कुरीति तथा सानिकारक अभ्यास विरूद्ध पनि सहकारी संस्थानहरूले समुदायमा दवावमूलक कार्यक्रमहरू सञ्चालन गर्ने गरेका छन्।

सहकारी संस्थानहरूले महिला तथा युवाको क्षमता विकास गरी उनीहरूलाई लागि तयार गर्ने गरेको छ। यसर्थ सहकारी संस्थाको नेतृत्व विकासको कारणबाट महिला तथआ युवाको राजनीतिक क्षेत्रमा प्रवेश आशालाग्दो देखिएको छ। वि.स.२०७४ तथा वि.सं.२०७९ मा सम्पन्न भएको स्थानीयतहको निर्वाचनमा निर्वाचित अधिकांश जनप्रतिनिधिहरू सहकारी क्षेत्रमा आवद्ध थिए। यसका साथै प्रदेश तथा संघीय सांसदमा समेत सहकारी क्षेत्रको प्रतिनिधित्व भएको छ। यस उपलब्धीले राजनीतिक जीवनको सबै निर्णय तहहरूको नेतृत्वमा महिलाको सहभागिताको लागि सन् २०२२ सम्मको तोकिएको लक्ष्य हासिल भैसकेको छ।

त्यसैगरी सहकारी संस्थाहरूको बचत गर्ने बानीको विकास गरी महिलाको वित्तीय पहुँच वृद्धि गरी गरिवी निवारण गर्न, उद्यमशीलता विकास गरी आयआर्जन वृद्धि गर्न तथा सशक्तीकरण मार्फत लैंगिक विभेद कम गर्न समेत महत्वपूर्ण योगदान पु¥याएको देखिन्छ।यसका साथै शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगानी गरी आउँदो पुस्ता सुधारमा समेत योगदान पु¥याउ मद्दत गरेको छ। त्यसै सहकारी क्षेत्र लैंगिक समानता र महिला सशक्तीकरणको लागि महत्वपूर्ण मानिएको छ। सहकारीले सदस्यलाई सीप तथा क्षमता विकास,  उद्यमशीलता विकास तथा व्यवसायिक क्रियाकलाप मार्फत आर्थिक तथा सामाजिक हैसियत उकास्न मद्धत गरेको छ । संस्थाको सदस्यलाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराएर दीगोपनाको आधार तय गरेको छ । वित्तीय सहकारी सेवा मार्फत सदस्यलाई साना व्यवसायमा संलग्न गराई आय सुनिश्च्तित गरेको छ। यसले गरीवि तथा जीविकोपार्जनको जोखिममा रहेका जनसंख्याको क्षमता विकासमा योगदान पु¥याएको छ । कृषि सहकारीले खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्त गर्ने र दीगो कृषि

प्रवर्द्धनमा योगदान पुऱ्याएको छ ।

सहकारीले स्वास्थ्य सम्वन्धी सेवा प्रवाह गराउन पूर्वाधार व्यवस्था देखि सुलभ उपचारको व्यवस्था सम्मका सुविधा प्रवाह गरेका छन् । सहकारीहरूले सवैका लागि गुणस्तरीय शिक्षामा पहुँचका साथै प्राविधिक तथा व्यवसायिक सीप विकासको लागि सबै तहमा समान अवसरका लागि सहयोग पुऱ्याएको छ। सबैको लागि खानेपानी र सरसफाईको उपलब्धताको सचेतना बढाउने, खानेपानी वितरणमा सहजीकरण तथा लगानी गर्ने गरेको छ । नवीकरणीय तथा बैकल्पिक उर्जाको प्रयोग तथा उत्पादनमा सहयोग गरेको पाइन्छ । सहकारीले आफ्ना सदस्यहरूलाई रोजगारी तथा स्वरोजगारी सिर्जना तथा आयआर्जनमा सहयोग गर्नुको साथै प्रविधिको प्रयोग तथा विस्तारमा सहयोग गर्न सक्दछ । स्थानीय कच्चा पदार्थमा आधारित घरेलु साना तथा लघु उद्योगमा लगानी गरी ती उद्योगको प्रवर्धन गर्न सहयोग गर्न सक्दछ । सदस्यहरूको नेतृत्व क्षमता वृद्धि, व्यवसायमा सहभागिता प्रोत्साहन र सदस्यको सक्रियता बढाउदै असमानता कम गर्न मद्दत गरेको छ । सुरक्षित र वातावरणमैत्री मानववस्तीको विकासका लागि सहकारी संस्थाले सहयोगीको भूमिका निर्वाह गर्दै समुदाय भित्रको संस्कृति र सम्पदा सम्वन्धी कार्यमा योगदान दिन सक्दछ । बृक्षारोपण तथा प्राकृतिक स्रोत संरक्षणमा अभियान सञ्चालन, जलवायु अनुकूलन तथा समुत्थान सम्मान कार्यक्रम सञ्चालन गरेर सहकारी संस्थाले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा योगदान दिन सक्दछ ।

## ४. महिला, युवा तथा लक्षित समुहलाई सहकारी क्षेत्रमा आकर्षण गर्ने तत्वहरु

सहकारी क्षेत्रलाई समावेशी बनाउन सहकारी संस्थामा लैंगिक दृष्टिकोणले पछाडि परेका वर्ग तथा समुदायको सहभागितालाई सुनिश्चित गर्दै संस्था सञ्चालनको व्यवस्थापकीय पक्ष, सदस्यता प्रदान, सहकारी शिक्षा एवं सेवा सुविधा माथि पहुँच वृद्धि र उद्यमशीलता विकास गर्ने अवसरमा युवा तथा महिलाको समानताको स्थिति सिर्जना गर्न आवश्यक हुन्छ। सहकारी संस्थाले महिला तथा युवालाई संगठनमा आवद्ध गराई उनीहरूको सामुहिक सक्षमता बढाउन योगदान दिन सक्दछन् । यसका साथै महिला, युवा तथा लक्षित समुहको क्रियाशीलता बढाउन उनीहरूको आवाजलाई बलियो तथा प्रभावकारी बनाउन मद्दत गर्दछ ।

सहकारी क्षेत्रमा महिला, युवा तथा लक्षित समुहलाई आकर्षण गर्ने तत्वहरू देहाय बमोजिम प्रस्तुत गरिएको छः

१. सदस्यता वितरणमा प्रोत्साहन
२. लगानीमा प्राथमिकता
३. नेतृत्वमा अवसर
४. तालिम तथा क्षमता विकासमा अवसर
५. आय आर्जन तथा उद्यमशीलता विकास सम्वन्धी लक्षित कार्यक्रम सञ्चालन
६. सहकारी शिक्षा, सचेतना तथा जागरण सम्वन्धी कार्यक्रम सञ्चालन
७. संस्थावाट प्रदान गरिने सेवा तथा सुविधाको वितरणमा समानता
८. सहकारी सम्वन्धी राम्रा अभ्यास तथा योगदानको बारेमा प्रचारप्रसार
९. सहकारी क्षेत्रमा वृत्तिको सुनिश्चितता
१०. महिला तथा युवावाट सहकारी संस्था सञ्चालनको लागि प्रक्रिया सरलीकरण तथा आवश्यक सहजीकरण

> सहकारी क्षेत्रलाई समावेशी बनाउन सहकारी संस्थामा लैंगिक दृष्टिकोणले पछाडि परेका वर्ग तथा समुदायको सहभागितालाई सुनिश्चित गर्दै संस्था सञ्चालनको व्यवस्थापकीय पक्ष, सदस्यता प्रदान, सहकारी शिक्षा एवं सेवा सुविधा माथि पहुँच वृद्धि र उद्यमशीलता विकास गर्ने अवसरमा युवा तथा महिलाको समानताको स्थिति सिर्जना गर्न आवश्यक हुन्छ। सहकारी संस्थाले महिला तथा युवालाई संगठनमा आवद्ध गराई उनीहरूको सामुहिक सक्षमता बढाउन योगदान दिन सक्दछन् ।

## ५. वित्तीय एवम् सामाजिक समावेशीकरणको असल अभ्यासहरु: नेपालको सफलताको अध्ययन

नेपालमा महिला संस्थाको विकास र परिचालनलाई वित्तीय समावेशीकरण तथा सार्वजनिक सेवामा महिलाको सहभागितालाई सामाजिक समावेशीकरणको सफल अभ्यासको रूपमा देहाय बमोजिम प्रस्तुत गरिएको छः

### ५.१ नेपालमा महिला संस्थाको विकास र परिचालन

वि.सं. २०३९ सालमा शुरू भएको ग्रामीण महिलाको लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम (Production Credit for Rural Women–PCRW) नै महिला संस्था स्थापनाको आधार हो । यो कार्यक्रम शुरुमा ५ जिल्ला (धादिङ्, तनहुँ, स्याङ्जा, नवलपरासी र सुर्खेत) मा नमूना परियोजनाको रूपमा सञ्चालनमा आएको थियो । पछि यो कार्यक्रम विस्तार भई ७५ जिल्लामा महिला विकास कार्यक्रमको रूपमा परिणत भएको थियो । महिला संस्थाको गठन गर्दा ग्रामीण क्षेत्रका २० बर्ष माथिका विद्यालय नगएका वा विद्यालय शिक्षा परीक्षा उत्तीर्ण नगरेका महिला र आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतवाट बर्ष दिन खान नपुग्ने परिवारका आर्थिक रूपमा कमजोर महिला सदस्य रहने गर्दछन । वस्तीस्तरका ४ देखि ७ जना सम्मका साना समुह गठन गरी न्यूनतम ६ वटा समुह भएपछि समिति निर्माण गर्ने र ५ वटा समितिवाट महिला संस्था गठन गर्ने व्यवस्था रहेको र यी  महिला संस्था सहकारी ऐन बमोजिम दर्ता गरी परिचालन गरिने व्यवस्था थियो । महिला संस्थाका सदस्यलाई व्यक्तित्व विकास सहित निर्णय गर्ने र नेतृत्व लिने र आर्थिक तथा व्यवसायिक क्रियाकलाप सम्वन्धी तालिम प्रदान गर्ने मुख्य क्रियाकलाप हुन् । यस संस्थाका सदस्यहरूले नियमित बचत गर्ने, सदस्यहरूको आर्थिक उपार्जनलाई व्यवसायीकरण गर्न स्व लगानी, ऋण तथा टेवा पुँजी र अनुदानको व्यवस्था गरी कृषि, पशुपालन तथा सेवा सम्वन्धी व्यसाय छनौट गरी रोजगारीको अवसर गर्ने र सामाजिक कुरीति विरूद्धको अभियान सञ्चालन गरी समाजलाई एकजुट बनाउने कार्यमा संस्था सक्रिय रहने काम गर्दछ । त्यसैगरी समुदायमा आधारित संरक्षण प्रणाली स्थापना गर्न सहयोग गर्ने र राजनीतिमा महिला सहभागिता बढाउन पनि महिला संस्थाहरूको भूमिका महत्वपूर्ण मानिएको छ। साथै यी संस्थाहरूले गरीवि विरूद्ध महिला अभियान सञ्चालन पनि महत्वपूर्ण मानिन्छ । आ.व. २०७५।०७६ सम्म ११ लाख ५४ हजार भन्दा वढी ग्रामीण विपन्न महिलालाई समूहीकरण गर्न सफल भएको, दर्ता तथा तदर्थ गरी २००० भन्दा बढी संस्था गठन भई ६ अर्ब बचत संकलन गरिएको र ५.५ अर्ब भन्दा वढी ऋण  परिचालन गरिएको थियो । यस कार्यक्रमवाट ग्रामीण ऋण ग्रस्तता निवारण, गरीवि निवारण, लैंगिक हिंसा निवारण, प्रजनन स्वास्थ्य सुधारमा सहयोग पुगेको छ। यस कार्यक्रमले महिलाको समुहीकरण, समावेशीकरण र सशक्त्तीकरणमा मद्धत पुऱ्याएको छ ।

### ५.२ सार्वजनिक सेवामा वि.सं. २०६४।६५ देखि लागु गरिएको आरक्षण (कोटा) प्रणाली तथा समानुपातिक प्रतिनिधित्व अन्तर्गतको महिला सहभागितामा उपलब्धी

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा दलको सङ्गठनात्मक संरचना विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी आफ्ना सदस्यहरू मध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नु पर्ने र दलको सबै तहको समितिमा कम्तिमा एक तिहाई महिला सदस्य हुने व्यवस्था गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय तह निर्वाचन ऐन २०७३ मा निर्वाचन प्रणालीमा गाउँपालिका वा नगरपालिकाको वडा समितिका एक जना दलित महिला सहित दुई वडा सदस्य महिला हुनुपर्ने व्यवस्था छ । प्रतिनिधि सभा निर्वाचन सम्बन्धी ऐन, २०७४ मा प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तिमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नु पर्ने, समानुपातिक निर्वाचन प्रणाली तर्फ निर्धारण गरिएको कुल सदस्य सत्याको दश प्रतिशतभन्दा कम सिट प्राप्त गर्ने दलले कम्तीमा एक तिहाई महिला निर्वाचित हुने गरी यथासम्भव अन्य समावेशी आधार समेत मिलाई निर्वाचित हुने उम्मेदवारको सूची पठाउनु पर्ने, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा धरौटी रकम पचास प्रतिशत छुट हुने व्यवस्था छ । कानूनमा भएको यो बाध्यकारी व्यवस्थाले संसदमा महिला सहभागिता कम्तिमा ३३ प्रतिशत निश्चित भएको छ । स्थानीय तहमा महिला सहभागिताको अवस्था देहाय बमोजिम रहेको छः

**तालिकाः स्थानीय तहमा महिला सहभागिता**

| स्थानीय तहको निर्वाचन | लिङ्ग | प्रमुख/अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष | महिला सदस्य | दलित महिला सदस्य | सदस्य खुला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २०७४ | महिला | १८ (२.३९ %) | ७०० (९२.९६%) | ६१ (०.९०%) | ६७४२ | ६५६७ | २६४ | १४३५३ (४०.९६%) |
| | पुरूष | ७३५ (९७.६१%) | ५३ (७.०४%) | ६६८१ (९९.१%) | - | - | १३२२० | २०६८९ (५९.०४%) |
| २०७९ | महिला | २५ (३.३२%) | ५६७ (७५.३%) | ६९ (१.०२%) | ६७३२ | ६६१० | ४४२ | १४४४५ (४१.२३%) |
| | पुरूष | ७२७ (९६.६८%) | १८५ (२४.७%) | ६६६४ (९८.९८%) | - | - | १३०२४ | २०६०० (५८.७८%) |

*स्रोतः निर्वाचन आयोग, स्थानीय तहको निर्वाचन २०७४ र २०७९ को निर्वाचन नतिजा*

**तालिकाः प्रतिनिधि सभामा महिला सहभागिता**

| निर्वाचन वर्ष | महिला संख्या (प्रतिशत) | पुरुष संख्या (प्रतिशत) |
|---|---|---|
| २०४८ | ७ (३.४) | १९८ (९६.६) |
| २०५१ | ७ (३.४) | १९८ (९६.६) |
| २०५६ | १२ (५.९) | १९३ (९४.१) |
| २०६८ | १९७ (३२.८) | ४०४ (६७.२) |
| २०७१ | १७५ (२९.१) | ४२६ (७०.८) |
| २०७४ | ९० (३२.७) | १८५ (७०.८) |
| २०७९ | ९१ (३३.००) | १८४ (६७.००) |

*निर्वाचन आयोग, प्रतिनिधि सभाको निर्वाचन २०७४ र २०७९ को निर्वाचन नतिजा*

निजामती सेवा ऐन, २०४९ मा विक्रम संवत् २०६३ सालमा भएको संशोधनबाट निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई त्यस्तो पदमा महिलालाई ३३ प्रतिशत, आदिवासी, जनजातिलाई २७ प्रतिशत, मधेशीलाई २२ प्रतिशत, दलितलाई ९ प्रतिशत अपाङ्गलाई ५ प्रतिशत पिछडिएको क्षेत्रलाई ४ प्रतिशत पद छुट्याई त्यस्तो पदमा सम्बन्धित समूहका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था गरिएको छ । यस व्यवस्था बमोजिम निजामती सेवामा भएको महिलाको सहभागिता क्रमशः वृद्धि हुदै गएको देखिन्छ । निजामती सेवाको महिला समावेशीकरणलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

**तालिकाः निजामती सेवाको महिला सहभागिता**

| बर्ष | महिला प्रतिशत | पुरुष प्रतिशत |
|---|---|---|
| २०५२ | १० | ९० |
| २०७१ | १७ | ८३ |
| २०७९ | २६ | ७४ |

*स्रोतः निजामती कितावखाना*

### ६. सहकारी क्षेत्रमा युवा तथा महिलाको समावेशीकरणमा देखिएका समस्या तथा चुनौतिहरु

सहकारी क्षेत्रमा युवा तथा महिलाको समावेशीकरणमा देखिएका समस्या तथा चुनौतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

#### क. सहकारी संस्थासंग सम्वन्धित समस्या तथा चुनौति

१. सहकारीको प्रचलित सिद्धान्त तथा मूल्य मान्यताको अवस्था कमजोर हुदै जानु।सहकारी सिद्धान्त तथा मूल्य मान्यतामा आएको अवमूल्यनका कारण सहकारी क्षेत्रमा महिला तथा युवाको सहभागिता , संलग्नता तथा आवद्धता क्रमशः घट्दै जानु ।

२. नेपालको संविधान बमोजिम सहकारी क्षेत्रको विकास, प्रवर्द्धन तथा नियमन संघ, प्रदेश तथा स्थानीय तहसम्म पुगेको छ । ७ वटा प्रदेश र ७५३ वटा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सहकारीको विकास र प्रवर्द्धनमा आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गर्न सक्दछन । सहकारीको प्रचलित सिद्धान्त र मूल्य एवं राम्रा अभ्यासका आधारमा सहकारी सम्वन्धी नीतिगत र कानूनी व्यवस्था गरी प्रदेश र स्थानीय तहका नीति र कानूनमा सामाञ्जस्यता कायम गर्नु ।

३. सहकारी संस्थाको संख्या अत्याधिक रूपमा बढ्दै जानु, दोहोरो सदस्यता तथा वित्तीय सुशासनको अभावका कारण वित्तीय जोखिम बढ्दै जानु ।
४. सहकारी क्रियाकलापको सघनता उत्पादन तथा स्वरोजगारको क्षेत्रमा भन्दा बचत तथा ऋण कारोवारमा केन्द्रित हुनु ।
५. सहकारी संस्थाहरू नवप्रवर्तन तथा नवीन प्रविधिलाई आत्मासात युवाहरूको अपेक्षानुकूल सञ्चालनमा आउन नसक्नु ।
६. महिला, युवा तथा लक्षित समुहवाट सञ्चालनमा रहेका सहकारी संस्थाहरूको संख्या न्यून हुनु ।

**ख. नीतिगत तथा कानूनसंग सम्वन्धित समस्या तथा चुनौतीहरु**

१. संघ, प्रदेश र स्थानीय तहमा रहेका सहकारी संस्थाहरूलाई युवा तथा महिला मैत्री बनाउने गरी तर्जुमा गर्नु ।
२. सहकारी ऐन,२०७४ ले सहकारी मार्फत हुने बचत तथा ऋणको कारोवारलाई मान्यता दिएको तर सहकारीको अन्य क्षेत्रमा गरिने लगानीलाई ती निकायको नीतिमा निर्भर बनाइदिएको छ जस्ले गर्दा अन्य निकाय सहकारी मोडेल कार्यान्वयनमा बाध्यकारी नहुने भई सहकारीको लगानी प्रभावित हुनु ।
३. सहकारी सम्वन्धी नीति तथा कानूनमा भएका महिला, युवा पछाडि परेका समुदाय लगायतका समावेशी प्रावधानहरूको कार्यान्वयनमा संवेदनशीलता नदेखिनु ।

**ग. कार्यगत तथा व्यवहारगत समस्या**

१. देश भित्र स्वरोजगारी, रोजगार सिर्जना गर्ने तथा उद्यमशीलता विकास गर्ने साना तथा मझौला उद्योगको विकास हुन नसकेको कारण नेपालवाट ठुलो संख्यामा युवाहरू रोजगारीको खोजीमा विदेशिने गरेका ।
२. महिलाको शिक्षा, स्वास्थ्य तथा रोजगारीको अवस्था पुरुषको दाँजोमा कमी नै रहनु । महिलाको लैंगिक भूमिका परिवर्तन हुन नसक्नु । समाजमा पितृसत्तात्मक सोंच र संरचना कायमै रहनु ।
३. महिला तथा बालिकाउपर हुने शारीरिक, मानसिक तथा यौनजन्य हिंसा विद्यमान रहनु ।
४. नीति निर्माण तथा नेतृत्व तहमा महिलाको अर्थपूर्ण सहभागिता नहुनु । श्रम बजारमा महिला र पुरुषवीचको विभेद कायमै रहनु । महिलाको घरेलु श्रम तथा स्याहारसंग सम्वन्धित कामलाई पहिचान गरी आर्थिक मूल्य नदिनु ।
५. विद्यालय शिक्षा देखि नै सहकारिताको अवधारणा, आवश्यकता र महत्वको वारेमा पर्याप्त ज्ञान नदिइनु ।
६. सहकारी सम्वन्धी शिक्षा तथा तालिममा कमी हुनु तथा महिला तथा युवा लक्षित सीप तथा क्षमता विकास सम्वन्धी पर्याप्त कार्यक्रम सञ्चालन नहुनु ।

## ७. निष्कर्ष तथा सुझावहरु

### ७.१ निष्कर्ष

सहकारी संस्थाहरू देशको आर्थिक विकास तथा सामाजिक रूपान्तरणको सम्वाहक हुन् । नेपालको संविधानले पनि देशको अर्थतन्त्रको विकासको लागि सार्वजनिक र निजी क्षेत्र सहित सहकारी क्षेत्रलाई प्रमुख स्तम्भ मानेको छ । सहकारी संस्थाहरू वित्तीय तथा सामाजिक समावेशीकरणको लागि महत्वपूर्ण आधारको रूपमा स्थापित भएका छन्। सहकारी संस्थाको कूल सदस्य मध्ये ५६ प्रतिशत महिला सदस्य रहनु, त्यसमा पनि युवाहरूको संलग्नता करिव ५० प्रतिशतको हाराहारीमा हुनु, यसले सिर्जना गरेको वित्तीय पहुँच, वचत संकलन, ऋण लगानी, रोजगारी सिर्जना र सामाजिक सुरक्षाको फराकिलो आधारमा महिला तथा युवाको संलग्नता बढी हुनुलाई पनि सहकारितालाई समावेशीकरणको महत्वपूर्ण साधनको रूपमा लिन सकिन्छ। यसका साथै मुलुकले सन् २०३० सम्ममा हासिल गर्ने गरी तय गरेको दीगो विकासको लक्ष्य हासिल गर्न पनि सहकारी संस्थाले महत्वपूर्ण योगदान पुऱ्याएको छ। आगामी दिनहरूमा सहकारिताको सिद्धान्त र मूल भावना अनुसार सहकारी संस्थाहरूको परिचालन तथा सञ्चालन गर्न सकेमा प्राप्त गर्न बाँकी रहेका दीगो विकास लक्ष्यका सूचकहरूको उपलब्धी हासिल गर्न पनि यी संस्थाहरूले सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

### ७.२ सुझाव:

सहकारी संस्थाहरूलाई वित्तीय तथा सामाजिक समावेशीकरण सहित दीगो विकासका समावेशीकरण सम्बन्धी लक्ष्य कार्यान्वयनमा सहयोगी बनाउन देहाय बमोजिमका सुझावहरू प्रस्तुत गरिएको छः-

१. वि.सं.२०३९ सालदेखि सञ्चालनमा आएको महिला संस्थाहरूको वित्तीय परिचालन तथा सामाजिक सशक्तीकरण सम्बन्धी कार्यलाई संघ, प्रदेश र स्थानीय सरकारको क्षेत्र छुट्टाई तिनै वटा तहको सरकारले स्वामित्व लिने गरी पुनः सञ्चालनमा ल्याउने,
२. सहकारी संस्थाहरूको कार्यक्षेत्र तीन तहको सरकारको नियमन, अनुगमन तथा मूल्याङ्कनको दायरा भित्र परेको हुनाले संघ, प्रदेश र स्थानीय तहको लागि आवश्यक पर्ने नीति तथा कानून निर्माण गर्ने र उक्त नीति तथा कानून वीच सामञ्जस्यता कायम गर्ने। हाल कार्यान्वयनमा आइरहेका सहकारी सम्बन्धी नीति तथा कानूनमा रहेका अस्पष्टताहरूलाई परिमार्जन संशोधन गर्ने।
३. महिला, युवा तथा लक्षित समूहलाई गरी सहकारी संस्थाहरूको स्थापना, सञ्चालनमा प्राथमिकता दिने।
४. सहकारिताको सिद्धान्त तथा मूल्य मान्यता कायम राख्दै युवाहरूलाई केन्द्रित गरी नवप्रवर्तन तथा प्रविधिमा आधारित व्यवसायिक सीप तथा उद्यमशीलता विकास गर्ने। यस्ता सहकारी संस्थाको पहिचान गरी सो मार्फत प्रविधि हस्ताण्तरणको कार्य गर्ने।
५. दीगो विकासका लक्ष्य कार्यान्वयन गर्ने गरी सहकारी संस्थाहरूलाई सचेतनामूलक अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने। सहकारी संस्थाहरूको नीति तथा कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्दा दीगो विकासको लक्ष्यलाई योगदान दिने गरी आवश्यक सहजीकरण गर्ने।
६. विद्यालय शिक्षा देखि नै सहकारिताको अवधारणा, आवश्यकता र महत्वको वारेमा पर्याप्त ज्ञान दिने गरी विद्यालय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउने ।
७. सहकारिताका सफल क्रियाकलाप तथा सु-अभ्यासहरूको बारेमा प्रचारप्रसार गर्ने । यसको लागि सहकारी संघ तथा महासंघहरूलाई परिचालन गर्ने ।

**सन्दर्भ सामग्रीहरु**


१. नेपालको संविधान, नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय कानून किताव व्यवस्था समिति
२. राष्ट्रिय योजना आयोग २०७८, दीगो विकास लक्ष्य स्थानीयकरण र उपलब्धि ट्र्याकिङ्गमा सहकारी संस्थाहरूको वर्तमान अवस्थाको अध्ययन प्रतिवेदन
३. केदार न्यौपाने, नेपालमा सहकारी व्यवसायको विकासक्रम र युवा, युवा- २०७८ युवा तथा खेलकुद मन्त्रालय
४. निर्वाचन आयोग (२०७३), निर्वाचनमा लैंगिक तथा सामाजिक समावेशीकरण २०७४, निर्वाचन आयोग, कान्तिपथ काठमाडौं ।
५. निर्वाचन आयोगका दस्तावेजहरू
६. राष्ट्रिय योजना आयोग २०१७, दीगो विकास लक्ष्य आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, राष्ट्रिय योजना आयोगको सचिवालय
७. Financial Inclusion in Nepal, A country Paper Presented to A SAARCFINANCE Webinar, Nepal Rastra Bank, December 2020

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरूमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

"दिगो विकास र सामाजिक चेतनाको लागि सहकार्य"

**कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.**

**Kalyankari Saving & Credit Co-operative Ltd.**

लुभु, ललितपुर

फोन नं.: ०१-५५८०४६२, ५५८०३५२

इमेल: skalyankari@yahoo.com

**ऐंचो पैंचो**

**बचत तथा ऋण सहकारी संस्था लि.**

**AINCHO PAINCHO**

Saving and Credit Cooperative Ltd.

का.म.न.पा.-१०, कलेज मार्ग कालिमाटी,काठमाडौं

फोन नं.: ०१-५१६५०२१, ५१६५२४६

इमेल: ainpin16@gmail.com

**द्रब्य**

**बचत तथा ऋण सहकारी संस्था लि.**

**Drabya**

Saving and Credit Cooperative Ltd.

मध्यपुर थिमि-८, बोडे, भक्तपुर

फोन नं.: ०१-६६३३८६६

इमेल: drabyasahakari@gmail.com

**नेचुरल**

**बचत तथा ऋण सहकारी संस्था लि.**

**Natural**

Saving and Credit Cooperative Ltd.

प्रधान कार्यालय: चावहिल, चुच्चेपाटी, काठमाडौं

फोन नं.: ०१-४९१७१०९, ४९१३६८२

इमेल: info@naturalcooperative.com.np

वेवसाईट: www.naturalcooperative.com.np

# सहकारी क्षेत्रमा तरलता व्यवस्थापन: चुनौति, सवाल र समाधान





**प्रकाशप्रसाद पोखरेल**
पूर्व प्रमुख कार्यकारी अधिकृत
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

नेपालमा सहकारी क्षेत्रमा तरलताको किन कमी हुन्छ ? तरलता सम्बन्धी सवाल र चुनौतीहरूको विश्लेषण, वित्तीय व्यवस्थापनमा यसको भूमिका र सही तरलता कायम र व्यवस्थापन गर्ने केही रणनीति र समाधानका बारेमा यस लेखमा चर्चा गर्ने जमर्को गरेको छु ।

सहकारी व्यवसाय सामाजिक, सामुहिक र प्रजातान्त्रिक तवरले संञ्चालित एक उद्यम हो । सहकारीमा सदस्यहरूको शेयर लगानी र बचत हुन्छ । सहकारीमा आवश्यकताका आधारमा सदस्यहरूमा नै व्यवसायिक प्रयोजनका लागि ऋण परिचालन गरी सदस्यको आर्थिक सक्षमतामा सुधार ल्याउने उद्देश्य हुन्छ । सदस्य विस्तार, बचत, शेयर र ऋण परिचालन, यो चक्र जीवन्त चलिरहन्छ । सहकारीको प्रभावकारी संचालनका लागि साधारणसभाबाट सहकारी संचालक समिति, लेखा सुपरीवेक्षण समितिको गठन हुन्छ । संचालक समितिले गरेको कार्य कानूनी, नीतिसंगत एवं योजना मुताविक छ, छैन भनेर हेर्न र सुपरीवेक्षणका लागि साधारणसभाबाट नै निर्वाचित एक लेखा सुपरीवेक्षण समिति हुन्छ भने दैनिक कार्य व्यवस्थापन र संचालनका लागि प्रमुख कार्यकारी अधिकृत र मातहतका कर्मचारीहरूको संरचना हुन्छ ।

**सहकारी संचालनका अन्तर्राष्ट्रिय ७ सिद्धान्त:**

सहकारीको व्यवस्थित प्रणाली र पद्धति विकास गरी सहकारी संचालन पद्धतिलाई अक्षुण्य राख्न अन्तर्राष्ट्रिय सहकारी महासंघले सहकारी संचालनका अन्तर्राष्ट्रिय ७ सिद्धान्त, आधार र नैतिक मूल्य पनि स्थापित गरेको छ भने बचत तथा ऋण सहकारी संचालनका लागि विश्व ऋण परिषदले थप चार सिद्धान्तहरू (सदस्य शिक्षा, सुशासन, संञ्चालन र सुरक्षा एवं स्वस्थता) को पनि प्रतिपादन गरी व्यवहारमा आएको छ । सहकारीको सुशासन एंव कुशल व्यवस्थापनका लागि सहकारी नीति, सहकारी ऐन, नियमावली, निर्देशिकाहरू, निर्देशनहरू र स्वयम् संस्थाले निर्माण गरेको विनियम र दैनिक कार्य संचालनका लागि आवश्यक आन्तरिक कार्यविधिहरू, रणनीतिक योजना, बार्षिक कार्ययोजना समेत निर्माण गरी लागू गरिएको हुन्छ, जसले व्यवस्थापनलाई दैनिक कार्य संचालनका लागि नीतिगत वातावरण र कार्यगत स्वतन्त्रतासहित कुशल र प्रभावकारी व्यवस्थापनका लागि आत्मविश्वास बढाउँछ । अतः सहकारीले दैनिक कार्य सम्पादन गर्न आवश्यक कार्यविधिहरू, रणनीतिक योजना, निर्माण गरेका छन् कि छैनन् ? निर्माण गरे पनि

व्यवहारमा प्रयोग भएको छ कि छैन र सो कार्यान्वयन गर्ने वातावरण संस्थामा छ कि छैन ? यो महत्वपूर्ण सवाल हो, जसले सहकारीको समग्र व्यवस्थापन र सुशासन अवस्थाको चित्रण गर्दछ । हाल नेपालमा सहकारी व्यवस्थापन र संचालनमा सिद्धान्त परिपालनमा बिचलन देखिएको छ । साथै मूल्य मान्यताहरूको पालनामा र कानून परिपालनाको अवस्थामा पनि कमजोरी देखिन्छ, जसको मुख्य कारण सहकारीका शेयर सदस्यहरूमा सहकारी शिक्षा, जिम्मेवारी, दायित्व वोध र सहकारीको पद्धति एवं सोही अनुसारको व्यवहारप्रतिको बुझाइमा कमी हुनु हो । सहकारी संचालनको जिम्मा लिएका संचालक समितिको जिम्मेवारी र जवाफदेहिताको स्तर कमजोर हुनुका साथै संचालकहरूले आफ्नो उत्तरदायित्वबाट पछि हट्ने, र स्यमंसेवी भावना पनि हराउदै जानु, संचालक समितिको चयनमा फिट एण्ड प्रोपर टेस्ट लागु नहुनु मुख्य समस्या हो ।

### वित्तीय सहकारीको मुख्य कार्य बचत संकलन, बचत एवं ऋण परिचालन:

सहकारी विशेषतः वित्तीय सहकारीको मुख्य कार्य भनेको बचत संकलन, संकलित बचत एवं पुँजीलाई ऋण परिचलनमार्फत कोषको सही सदुपयोग र व्यवस्थापन गर्नु हो । यो कार्य ज्यादै जोखिमपूर्ण, संवेदनशील र चुनौतिपूर्ण पनि छ । नेपालको परिप्रेक्षमा वित्तीय सहकारीको परिचालन,जसमा पनि तरलता व्यवस्थापन ज्यादै सवेदनशील बिषय हो । तरलतासहितको व्यवस्थापनले सहकारीको प्रभावकारी तथा कुशलतामा पनि बृद्धि भई सहकारीको ख्यातिमा पनि श्रीबृद्धि कायम हुन्छ भने तरलताको सही व्यवस्थापन भएन भने छिनमा नै संहकारीको संचालन ठप्प हुने, सदस्यले मांग गरेको समयमा बचत फिर्ता दिन सकिएन भने सहकारीको शाख गुम्ने र विश्वासमा न्हास आउने, ठूलो नोक्सानी हुने र अन्त्यमा सहकारी बन्द हुने अवस्थामा पुग्दछ । हाल नेपालमा यस प्रकारको समस्या र परिदृष्य साथै प्रबृत्ति केही सहकारी संस्थाहरूमा देख्न थालिएको छ, जसको मुख्य कारण सही वित्तीय र तरलताको उचित व्यवस्थापन नहुनु हो । एकै सदस्यमा ठूलो ऋण लगानी, अनिवार्य नियमित बचतको अनुपात अन्य बचतको तुलनामा अत्यन्तै कम हुनु, संचालक तथा सरोकारवालाहरूमा ऋण (DOSRI Loan) लगानीको मात्र बढ्नु, अनुत्पादक क्षेत्रमा लगानीको अनुपात बढ्नु, जमिन तथा रियल स्टेटमा ठूलो मात्रामा लगानी गर्नु र हाल उक्त व्यवसायमा मन्दी देखिनु जसले गर्दा भाखा नाघेको ऋणमा बृद्धि हुने, ऋण जोखिम खर्च बढी व्यवस्था गर्नुपर्ने, नियमित किस्ता नउठ्दा दैनिक नगद परिचालनमा समस्या उत्पन्न भई समग्रमा तरलतामा समस्या सिर्जना हुने र व्यवस्थापनमा समस्या देखिने गरेको छ ।

### संघीयतापछि सहकारीको संरचना:

संघीयतापछि सहकारीको संरचना पनि संघ, प्रदेश र स्थानीय तहमा पुगेको छ । सवै तहमा सहकारी संस्थाको दर्ता एवं नियामकीय क्षेत्रको अख्तियारीले पनि सहकारी जसमा पनि मुख्य रूपमा वित्तीय कारोवार गर्ने संस्थामा थप जटिलता र संवेदनशीलता उत्पन्न भएको देखिन्छ । सहकारी संस्थाको सञ्चालनको संगठनात्मक परिचालन संरचना तीनै तहमा भएको कानूनी संरचना, विधि, नियमन, अनुगमन र नीतिगत विविधताका कारण पनि व्यवस्थापनमा थप चुनौती बढेको छ । जसमा पनि स्थानीय तहमा धेरै सहकारीहरू रहने साथै स्थानीय तहमा

> तरलतासहितको व्यवस्थापनले सहकारीको प्रभावकारी तथा कुशलतामा पनि बृद्धि भई सहकारीको ख्यातिमा पनि श्रीबृद्धि कायम हुन्छ भने तरलताको सही व्यवस्थापन भएन भने छिनमा नै संहकारीको संचालन ठप्प हुने, सदस्यले मांग गरेको समयमा बचत फिर्ता दिन सकिएन भने सहकारीको शाख गुम्ने र विश्वासमा न्हास आउने, ठूलो नोक्सानी हुने र अन्त्यमा सहकारी बन्द हुने अवस्थामा पुग्दछ ।

सहकारी विज्ञको कमी र कमजोर अनुगमन पद्धतिले जटिलता ल्याएको छ भने बहु तहगत व्यवसाय, एउटै प्रारम्भिक संस्था जिल्ला तहका संघहरू, प्रदेश तहका संघहरू र केन्द्रीय तहका संञ्जालमा बहुआवद्धता, बहुकारोबार गर्नुपर्ने बाध्यता, व्यवस्था र झन्झटिलो प्रावधान अनि बहुतहगत रूपमा गरिएको व्यवसायले झन बढी जटिलता, संवेदनशीलता सगँसगै जोखिम र थप चूनौति निम्त्याएको छ । प्रभावकारी व्यवस्थापनका लागि विद्यमान कानूनी संरचनामा संसोधन र संचालन एवं व्यवस्थापनमा नविनतम सोंच जरूरी देखिन्छ । विशेषतः बचत तथा ऋण सहकारीहरू अलग्गै वित्तीय सहकारी ऐनबाट निर्देशित हुने वातावरण सहित सञ्जालिकृत सहकारी अभियानको रूपमा विकास हुन जरूरी छ । यसवाट सेवाको गुणस्तर, पहुँच बृद्धि तथा लागत न्यूनीकरण गर्न सकिन्छ । विश्व अभ्यासमा सफल बचत ऋण सहकारी अभियान नीतिगत केन्द्रीयता र कार्यगत स्वायत्ततामार्फत एउटै सञ्जालको रूपमा विकास भइसकेको छ । यो निर्माणको जिम्मा विशेषतः केन्द्रीय सञ्जालको हो । यसका लागि नीतिगत वातावरण सरकारले तयार गरिदिनु पर्दछ भने स्वयम् प्रारम्भिक सहकारी सस्था र संञ्जालहरूको पनि आवश्यक गृहकार्य र प्रयत्न आवश्यक देखिन्छ ।

नेपालको परिप्रेक्षमा हाल सहकारी क्षेत्रमा तरलताको कमजोरी हुनुमा विभिन्न कारणहरु छन्, जसको मुख्य कारण संहकारी सञ्चालनको सिद्धान्तमा बिचलन, कमजोर वित्तीय व्यवस्थापन, नेपालका धेरै सहकारीहरूमा उचित वित्तीय व्यवस्थापन अभ्यासहरूको अभावले गर्दा र कोषहरूको गलत विनियोजन र वित्तीय अस्थिरता हुन्छ । पुँजीमा सीमित पहुँच पनि तरलता कमजोरी हुने अर्को महत्वपूर्ण कारण हो, जसमा सहकारी संस्थाहरूले पुँजीका बाह्य स्रोतहरु, जस्तै बैंक तथा वित्तीय संस्थाहरूको विपन्न बर्ग क्षेत्र कर्जा (जुन सहकारीको पहुँचका लागि नीतिगत समस्या पनि छ) र नेपाल सरकार र विभिन्न निकायहरूबाट न्युन लागतका कोषहरूमा सहकारीको पहुँच पनि नहुनु । तरलताका लागि वित्तीय संयन्त्र नहुनु र सहकारीहरूको आफ्नै केन्द्रीय तरलता कोषहरू नहुनु । पर्याप्त सदस्यहरूको योगदान नहुनु, सहकारीहरुको बचत विविधिकरणमा कमी, अनिवार्य नियमित बचतको मात्र घट्दै जानु आवधिक बचतको अनुपाद भने बृद्धि हुनु, जसले गर्दा संस्थामा तत्काल बचत बढ्ने तत्काल बचत

न्युन हुने समस्या हुनुकासाथै तरलतामा पनि कुप्रभाव पर्छ ।

**आर्थिक चुनौतीहरू:**

आर्थिक अवस्था र बाह्य कारकहरू, जस्तै आर्थिक मन्दी वा राजनीतिक अस्थिरताले सहकारीहरूको वित्तीय स्थिरतालाई असर गर्छ र यस्तो अवस्थाबाट तरलता कमी हुन जान्छ । सहकारीमा आवद्ध सदस्यहरूको आयमा विविधीकरणको अभाव र सहकारीहरूको पनि आफ्नो गतिविधि वा लगानीमा सीमित विविधीकरण गरेका हुन्छन्, जसले गर्दा वित्तीय संन्तुलनमा कमी भई नियमित तरलतामा प्रभाव पर्दछ ।

तरलता अभाव हुनुमा नियामक सवालहरू पनि हुन्छन्, जसले नियामकीय र अनुपालन सवालहरू जस्तै कम्तिमा १५ देखि २० प्रतिशत तरलता कायम राख्नु पर्ने प्रावधान, जुन सहकारीहरूको वित्तीय स्वास्थ्यलाई असर गर्दछ ।

**सुशासित समस्याहरू:**

कमजोर शासन संरचना, र सहकारीहरु भित्र जवाफदेहीताको कमी एवं वित्तीय व्यवस्थापनमा अपरिपक्कताले तरलतामा समस्या निम्त्याउँछ । वित्तीय सेवाहरूमा सीमित पहुँच नेपालका ग्रामीण क्षेत्रहरूमा, जहाँ धेरै सहकारीहरु सञ्चालन हुन्छन्, वित्तीय सेवाहरूमा सीमित पहुँचले उनीहरूको तरलता व्यवस्थापन विकल्पहरूलाई बाधा पुऱ्याउँछ । यसका अलवा, वित्तीय क्षेत्रमा तरलता समस्या पर्नका केही कारणहरूमा सम्पत्ति-दायित्व बेमेल (Asset-Liability Mismatch), एक्कासी बचत फिर्ता (Sudden Withdrawals), अपर्याप्त नगद सञ्चिति, अन्तरवित्तीय बजार वा सहकारी संस्थाहरूबाट छोटो अवधिको ऋण सहयोग कारोवारहरु परिचालन गर्न कठिनाइ भएमा तरलताको अभाव हुन्छ । सम्पत्तिको गुणस्तरमा ऱ्हास, नियामक निकायबाट कडा तरलता सम्बन्धी निर्देशनहरू, बजार विश्वास र धारणा (नकरात्मक समाचार, यर्थाथता नबुझि भ्रामक प्रचारबाजी, वित्तीय बजारका असंन्तुष्ट बर्गहरूको अभियान), आर्थिक मन्दी तथा महामारी एवं असहज अवस्था र कमजोर जोखिम व्यवस्थापन जस्तै अपर्याप्त जोखिम मूल्याङ्कन व्यवस्थापन अभ्यासहरूले वित्तीय संस्थाहरूले अत्यधिक जोखिम सिर्जना भई सम्भावित अप्रत्याशित घाटा बढ्ने र तरलता समस्याहरु निम्त्याउँछ । सहकारी क्षेत्रमा तरलता सुधार गर्नका लागि राम्रो वित्तीय व्यवस्थापन, सुशासन र नियामकीय सहयोगको माध्यमबाट यी समस्याहरूलाई सम्बोधन गर्न आवश्यक छ । सदस्यहरु बीच वित्तीय साक्षरता प्रवर्द्धन गर्न र बचत एव ंलगानीको संस्कृतिलाई बढावा दिनुले सहकारी संस्थाहरूमा तत्काल तरलता व्यवस्थापनमा सहयोग पुग्ने देखिन्छ ।

सहकारीमा वित्तीय स्थायित्व र दीगोपनाका लागि तरलताको अहम् भूमिका रहन्छ र यसको सही व्यवस्थापन चुनौतिपूर्ण कार्य पनि हो, यद्यपि तरलता कायम राख्ने केही रणनीतिहरूको कार्यान्वयन गर्न सकिएको खण्डमा सहज अवस्था सिर्जना हुन सक्छ । प्रभावकारी वित्तीय व्यवस्थापन जस्तै स्रोतहरूको प्रभावकारी स्रोत परिचालन र वेस्टेज कम गर्ने, नयाँ तथा नविनतम वित्तीय सेवाको विकास, सदस्य शिक्षा, सम्पति दायित्व व्यवस्थापन (यसमा दायित्व ऋण तथा बैंकमा भएको निक्षेपहरूको म्याचुरीटिको अनुगमन, निर्क्यौल र तत्काल व्यवस्थापन गर्ने), जगेडा कोषमा बृद्धि तथा तरलता कोष निर्माण र व्यवस्थापनलाई पनि जोड दिने, तरलतालाई असर गर्ने सम्भावित जोखिम व्यवस्थापन रणनीतिहरू तय गरी व्यबहारिक कार्यान्वयन साथै तरलताका कारण भविष्यमा आईपर्ने संभावित प्रतिकुलता र जोखिम पहिचान र रोकथामका लागि कार्य गर्ने जसलाई हामी Stress Testing पनि भनिन्छ । नियामकीय अनुपालन तथा रिपोटिङ्ग मापदण्डहरू तयार गरी लागू गर्ने, कोष स्रोतहरूमा पहुँच अभिबृद्धि गर्ने जसका लागि सञ्जालहरूसँग आवश्यक समन्वय गरी भविष्यमा पर्न सक्ने ऋण रकम एकिन गरिराख्ने र ठूलो ऋण लगानीमा कम गरी सानो ऋणमा विविधिकरण गर्ने । वित्तीय व्यवस्थापन र सञ्चालनलाई सुव्यवस्थित र प्रभावकारी परिचालन गरी लागत घटाउन र तरलताको उचित कायम राख्न र संरक्षण गर्न प्रविधिलाई अवलम्बन गर्ने र नोटिफिकेशनको प्रयोग गरी समयमा नै व्यवस्थापन गर्ने । आकस्मिक योजना बनाई तरलता संकटलाई सम्बोधन गर्ने जसमा आपतकालीन कोषको विकास र संञ्जाल वा कारोवार गर्ने बैंकसँग पनि आपतकालीन स्रोत पहुँच विस्तार गर्ने, नियमित रूपमा तरलता सूचकहरूको अनुगमन र विस्तृत प्रतिवेदनहरु तयार र विश्लेषण गरी संचालक समिति, उच्च व्यवस्थापन बीच छलफल गर्ने र नियामक निकायमा नियमित प्रतिवेदनहरू पेश गर्ने । तरलता व्यवस्थापनका लागि सदस्यहरूको संलग्नता, सदस्यहरुलाई वास्तविक सूचना सम्प्रेषण र अपनत्व बृद्धि गर्ने, जसको लागि बचत, लगानी, भाखा नाघेको ऋण, नियमित बचतको महत्व र अवस्थाको बारेमा जानकारी गराई आवश्यक सहयोग

सहकारी क्षेत्रमा तरलता सुधार गर्नका लागि राम्रो वित्तीय व्यवस्थापन, सुशासन र नियामकीय सहयोगको माध्यमबाट यी समस्याहरूलाई सम्बोधन गर्न आवश्यक छ । सदस्यहरु बीच वित्तीय साक्षरता प्रवर्द्धन गर्न र बचत एव ंलगानीको संस्कृतिलाई बढावा दिनुले सहकारी संस्थाहरूमा तत्काल तरलता व्यवस्थापनमा सहयोग पुग्ने देखिन्छ ।

र अनिवार्य बचत संकलनको लागि आह्वान गर्ने जसको कारणले सदस्यसँगको अपनत्व कायम एवं बृद्धि हुने देखिन्छ । पारदर्शिता, जवाफदेहिता, र विवेकपूर्ण वित्तीय निर्णय सुनिश्चित गर्नका लागि सहकारीमा भएका विद्यमान प्रशासनिक संरचनाहरूमा संसोधन तथा थप गर्ने । संञ्जाल व्यवस्थापन पनि तरलता व्यवस्थापनका लागि आवश्यक र महत्वपूर्ण रणनीति हो, जसका लागि सञ्जालमा आवद्धता र कारोवार बढाउने एवं असल अभ्यासको आन्तरीकिकरण गर्ने । नेपालका सहकारी संस्थाहरूले यी रणनीतिहरूलाई विशिष्ट परिस्थितिमा अनुकूल बनाउनु र वित्तीय क्षेत्रमा विकसित चुनौतीहरु र अवसरहरूलाई सम्बोधन गर्न नियमित रूपमा आफ्नो तरलता व्यवस्थापन अभ्यासहरूको समीक्षा, र अनुकूलन गर्नु अनिवार्य र महत्वपूर्ण हुन्छ । प्रभावकारी तरलता व्यवस्थापन रणनीतिहरु लागू गर्न नियामक निकायहरु, संञ्जाल र सहकारी विशेषज्ञहरूबाट मार्गदर्शन लिनु पनि लाभदायक हुन सक्छ ।

नेपालमा सहकारीका लागि तरलता व्यवस्थापनमा केही उदीयमान सवालहरूको पनि विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

**तरलता जोखिमः** सहकारीहरूले सदस्यहरूको परित्याग र सञ्चालन खर्चहरु पूरा गर्न पर्याप्त तरलता कायम गरी चुनौतीहरु सामना गर्न सकिन्छ । देशमा भएको तीव्र आर्थिक वृद्धि वा आर्थिक उतार-चढावले यो जोखिम बढाउन सक्छ । नियामक परिवर्तनहरु (Regulatory Changes): सरकारी नियमहरु र सहकारीहरूसँग सम्बन्धित नीतिहरूमा परिवर्तनहरूले तरलता व्यवस्थापनलाई असर गर्न सक्छ । यस्तो अवस्थामा सहकारीहरु अद्यावधिक रहनु पर्छ र वित्तीय सञ्चालनलाई असर गर्ने नयाँ नियमहरूमा अनुकूलन गर्न सक्नु पर्दछ ।

**ऋण पोर्टफोलियो गुणस्तरः** निष्क्रिय ऋणले तरलतालाई दबाउँछ । सहकारीहरूमा ऋण असुली गर्ने, ऋण योग्यताको मूल्याङ्कन र व्यवस्थापन गर्न प्रभावकारी रणनीतिहरु अवलम्बन गर्ने, जसमा सदस्यले ऋण तिर्न सक्ने क्षमता विश्लेषण, आम्दानीको स्रोतको पनि पहिचान र विश्लेषण आवश्यक देखिन्छ ।

**डिजिटल रूपान्तरणः** डिजिटल बैंकिङ र भुक्तानी प्रणालीमा परिवर्तन गर्न लगानी आवश्यक हुन्छ,जसले तरलतालाई असर गर्न सक्छ । यद्यपि, डिजिटल समाधानहरु अँगालेर परिचालन दक्षता बढाउन सक्नुपर्छ र सोही अनुसार सदस्यहरूलाई प्रविधि शिक्षा दिनु पर्ने हुन्छ ।

**ब्याज दर जोखिमः** ब्याज दरमा उतार-चढावले निक्षेप र ऋण पोर्टफोलियो दुवैलाई असर गर्न सक्छ । सहकारीहरूले ब्याजदर जोखिम र तरलतामा पार्ने प्रभावलाई व्यवस्थापन गर्न रणनीतिहरु बनाउनुपर्छ, जसको लागि समय समयमा आवधिक रूपमा व्याजदर समायोजन गर्ने परिपाटीको विकास गर्नुपर्दछ ।

**सम्पति दायित्व बेमेल (Asset-Liability Mismatch):** तरलता व्यवस्थापनका लागि सन्तुलित सम्पत्ति र दायित्व संरचना कायम राख्न आवश्यक छ । सम्पति र दायित्वको मिसम्याच भएमा यसले आर्थिक मन्दीको समयमा तरलता समस्या झन निम्त्याउन सक्छ । जसको लागि सम्पति र दायित्वको विश्लेषण, व्याज दर, नगद प्रवाह विश्लेषण, लगानीमा विविधिकरण र पोर्टफोलियो व्यवस्थापन, जोखिम विश्लेषण, आम्दानीको स्रोत बढाउने, नियामकीय प्रावधान पूरा गर्ने, संञ्चार र प्रतिवेदन तयारी विश्लेषण गर्ने, परिदृष्य योजना र विश्लेषण गर्ने ।

> सहकारीहरूले सदस्यहरूको परित्याग र सञ्चालन खर्चहरु पूरा गर्न पर्याप्त तरलता कायम गरी चुनौतीहरु सामना गर्न सकिन्छ । देशमा भएको तीव्र आर्थिक वृद्धि वा आर्थिक उतार-चढावले यो जोखिम बढाउन सक्छ । नियामक परिवर्तनहरु सरकारी नियमहरु र सहकारीहरूसँग सम्बन्धित नीतिहरूमा परिवर्तनहरूले तरलता व्यवस्थापनलाई असर गर्न सक्छ । यस्तो अवस्थामा सहकारीहरु अद्यावधिक रहनु पर्छ र वित्तीय सञ्चालनलाई असर गर्ने नयाँ नियमहरूमा अनुकूलन गर्न सक्नु पर्दछ ।

**सदस्य शिक्षाः** सदस्यहरूलाई बचत राख्नु कायम राख्नुको महत्व र सहकारीको वित्तीय स्थायित्वको बारेमा शिक्षित गर्नाले अचानक आपतकालिन बचत फिर्ताको दबाव कम गर्न मद्दत पुग्छ र तरलता व्यवस्थापनमा सहजता हुन सक्छ ।

**बाह्य चुनौतीः** कोभिड-१९ महामारी जस्ता घटनाहरूले आर्थिक गतिविधिहरूलाई बाधा पुऱ्याउँछ र तरलतालाई पनि असर गर्छ । यस्ता बाह्य झट्काहरु (External Shocks) सामना गर्न सहकारीहरूलाई आकस्मिक तथा व्यवसाय निरन्तरता योजना (Business Continuity Plan-BCP) निर्माण गरी व्यहारिक रूपमा कार्यान्वयन गर्ने । यी समस्याहरूलाई सम्बोधन गर्न, नेपालमा सहकारीहरूले तरलता व्यवस्थापनको बलियो नीतिहरु विकास गर्नुपर्छ, नियमित परिदृष्य योजना र भविष्यमा आउन सक्ने प्रेशरको परीक्षणहरु गर्नुपर्छ र आफ्ना सदस्यहरूसँग यथार्थ रूपमा खुला सञ्चार गर्नुपर्छ । सहकारीका लागि तरलता व्यवस्थापनमा सुधार गर्न निम्न रणनीतिक दृष्टिकोणको व्यवहारिक प्रयोग आवश्यक पर्दछ, जसले तरलता व्यवस्थापनका लागि सहिदिशानिर्देश गर्दछः

१) **कोषका स्रोतहरुको विविधिकरणः** सहकारीहरूले सदस्य निक्षेप भन्दा बाहिर आफ्नो कोषका स्रोतहरु विविधिकरण गर्नुपछ । उधारो व्यवस्थापन (Credit amount/ period Analysis), संञ्जाल ऋणको पर्याप्तता र क्रेडिट लाइनहरूमा पहुँच जस्ता विकल्पहरु खोज्दा तरलता तनावको समयमा मद्दत गर्न सकिन्छ ।

२) **प्रभावकारी सम्पति दायित्व व्यवस्थापन (Assets Liabilities Management-ALM):** सम्पत्ति र दायित्वहरूको परिपक्वतासँग मेल खाने ALM अभ्यासहरु लागू गर्नुपर्दछ । जसको लागि नियमित रूपमा सहकारीको नगद प्रवाह आवश्यकताहरूको मूल्याङ्कन र सोही अनुसार लगानी व्यवस्थापन र ऋण पोर्टफोलियोहरूको लाईन अप गर्नुपर्दछ ।

३) **तनाव परीक्षण (Stress Testing)** : कसरी आर्थिक मन्दी वा अचानक सदस्य परित्याग, अस्वभाविक बचत फिर्ता जस्ता विभिन्न परिदृश्यहरूले तरलतालाई असर गर्छ भनेर पुर्व मूल्याङ्कन गर्न नियमित तनाव

परीक्षणहरु सञ्चालन गर्नुपर्दछ । यसले कमजोरीहरु पहिचान गर्न र भविष्यमा आउन सक्ने आकस्मिक परिस्थितिहरूको लागि योजना बनाउन मद्दत गर्दछ र उचित तरलता व्यवस्थापनका लागि समयमा नै पूर्व सावधानी अपनाउन सकिन्छ ।

४) **प्रविधिको आत्मसाथ (Technology Adoption):** नविनतम प्रविधिको परिचालन एवं प्रयोगमा दक्षता सुधार गर्न आवश्यक छ । उचित प्रविधिको आत्मसाथले लागत घटाउन मद्दत पुऱ्याउछ,जसको लागि डिजिटल बैंकिङ र भुक्तानी प्रणालीहरु अँगाल्नु पर्दछ । संस्थाले प्रयोग गरेको प्राविधिको बारेमा सदस्यहरूलाई प्रशिक्षित, आकर्षित गर्नु पर्दछ, जसले सहकारीको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि बढाउन सक्छ र थप स्रोत संकलनका लागि पनि फलदायी हुन्छ ।

५) **जोखिम मूल्याङ्कन (Risk Assessment):** निष्कृय ऋणहरु न्यूनीकरण गर्न सदस्यहरूको क्रेडिट जोखिमको निरन्तर मूल्याङ्कन र अनुगमन गर्नुपर्दछ । प्रभावकारी क्रेडिट स्कोरिङ र जोखिम व्यवस्थापन प्रक्रियाहरु लागू गर्नुपर्दछ, जसले जोखिमको सही मुल्याकंन भई आवश्यक सजकता समयमा नै अवलम्बन गर्न सकिन्छ, जसले तरलता व्यवस्थापनमा सहयोग पुग्दछ ।

६) **सदस्य शिक्षा (Educating Member)** : सदस्यहरूलाई बचत विशेषतः अनिवार्य बचत कायम राख्नु र सहकारीको वित्तीय स्थिरताको महत्वबारे शिक्षित गर्नु आवश्यक र अनिवार्य हुन्छ । सदस्यहरू बीच पारदर्शी सञ्चारले संकटको समयमा अनावश्यक बचत फिर्ता रोक्न मद्दत गर्न सकिन्छ भने अनिवार्य बचतमा समेत बृद्धि गर्न सकिन्छ र तरलता कोष र भैपरी आउने कोष र बचतको मात्रमा पनि बृद्धि गर्न सकिन्छ ।

७) **नियामक अनुपालन (Regulatory Compliance):** सहकारी संस्थाहरू नियामक परिवर्तनहरूमा अद्यावधिक रहनु पर्दछ । सबै सान्दर्भिक कानून र नियमहरूको अनुपालन सुनिश्चित गर्नुपर्दछ, जसको लागि व्यवस्थापक र समिति पनि सजग रहने र नियामक निकायको निर्देशनहरूप्रति जानकारी र आवश्यक समन्वय गरिरहनु पर्दछ । सहकारीहरूले कुनै पनि अनुपालन चुनौतीहरु नेभिगेट गर्न नियामक निकायहरूसँग मिलेर काम गर्नुपर्छ र जसको लागि नियमित समन्वय र सहकार्य आवश्यक हुन्छ ।

८) **आकस्मिक तथा व्यवसाय निरन्तरता योजना (Contingency and Business Continuity Plan)** : विभिन्न तरलता परिदृश्यहरूको लागि विस्तृत आकस्मिक योजनाहरु विकास गर्नु पर्दछ । यी योजनाहरूमा सहकारीको अस्तित्व र स्थायित्व सुनिश्चित गर्न संकटको समयमा लिनुपर्ने कार्यहरु समावेश गर्नुपर्दछ, जसको लागि वैकल्पिक योजनाहरू, तत्काल समाधान गर्ने सानो समुह ९त्तगष्अप च्भकउयलकभ त्भक० को निर्माण र कार्यान्वयनका लागि आवश्यक कार्यनीति, कार्यविधिहरू र तत्काल निर्णय गर्न सक्ने अधिकारहरू पनि संचालक समितिबाट समयमा नै निर्णय गरि प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापन समुहलाई अख्तियारी प्रदान गर्नुपर्दछ ।

९) **सहयोग तथा संञ्जाल व्यवस्थापन (Collaboration and Network Management):** सहकारीको आवद्धता आफनो सञ्जालमा हुन आवश्यक छ, समयानुसार अद्यावधिक तरलताका लागि स्रोतहरूको पहुँच विस्तार गर्न र सहयोग लिन, संघ तथा सहकारीका नेटवर्कहरूसगँ समन्वय र सहकार्य अनिवार्य हुन्छ । यस्ता संञ्जाल सहकार्य र सहयोगी प्रयासहरूले थप कोषमा पहुँच विस्तार र आवश्यक व्यवस्थापनमा विशेषज्ञता सेवा पनि प्राप्त हुने र विभिन्न रणनीतिक सहयोगहरूमा पहुँच विस्तार हुन्छ र असहज परिस्थितिको समाधान गर्न सकिन्छ ।

१०) **जोखिम व्यवस्थापन समिति (Risk Management Committee)** : तरलता जोखिमको निरीक्षण गर्न जिम्मेवार र समर्पित जोखिम व्यवस्थापन समिति, विभाग र शाखा स्थापना गर्नुपर्दछ । यस प्रकारको समितिले तरलता रणनीतिहरूको निर्माण, नियमित समीक्षा र अद्यावधिक गर्नुपर्छ र आवश्यक रणनीतिहरूलाई तत्काल कार्यान्वयन गर्नुपर्दछ । जसले तरलता लगायत विभिन्न जोखिम व्यवस्थापनमा सहयोग पुग्दछ ।

११) **तालिम र क्षमता विकास (Training and Capacity Building):** तरलता व्यवस्थापनका उत्कृष्ट अभ्यासहरु र जोखिम न्यूनीकरणको बारेमा संचालक तथा उच्च व्यवस्थापनविच समान बुझाइ बढाउन नियमित छलफल, प्रशिक्षण र क्षमता विकासका लागि लगानी गर्नुपर्दछ जसले विद्यमान र आउनसक्ने परिदृष्यको विश्लेषण गर्न पनि सहयोग पुग्दछ ।

१२) **अनुगमन र प्रतिवेदन (Monitoring and Reporting):** नियमित रूपमा तरलता मेट्रिक्स ट्र्याक गर्न नियमित र समक्ष निगरानी र रिपोर्टिङ प्रणालीहरु तयार गरी लागू गर्नुपर्दछ । यसमा ट्र्याकिङ नगदप्रवाह, तरलताअनुपात, र तरलतामापदण्ड र नीतिको पालना समावेश गरी कार्यान्वयन गर्नुपर्दछ यो नियमित प्रक्रिया भएकोले यसलाई सबै पक्ष संचालक र उच्च व्यवस्थापनले ध्यानदिन जरूरी देखिन्छ ।

१३) **बाह्य सहयोग एवं समर्थन (External Support):** तरलता चुनौतीहरूलाई प्रभावकारी रूपमा नेभिगेट गर्न वित्तीय विशेषज्ञहरु, सहकारीका संघहरु, संञ्जाल र नियामक निकायहरूबाट मार्गदर्शन र आवश्यक परामर्श पनि समय समयमालिनु पर्दछ र सोहि अनुसार आफ्नो संस्थाको आवश्यक रणनीतिहरू तयार गरी लागू गर्न सक्नु पर्दछ ।

१४) **उपयुक्त तरलता नीतिको विकास (Development of Apt Liquidity Policy):** सहकारीको तरलता व्यवस्थापन उद्देश्यहरु, जोखिम सहनशीलता, र पर्याप्त तरलता स्तर कायम राख्न सहकारीमा रणनीतिहरूको रूपरेखा स्पष्ट र उचित तरलता नीति विकास गर्नु पर्दछ, जसले नियमित तरलता व्यवस्थापन र भविष्यमा आईपर्ने तरलता संकट निवारणका लागि पनि सहयोग पुग्दछ ।

संक्षेपमा, सहकारीमा माथि उल्लेखित विविध तरलता समस्या, सवालहरू र चुनौतीहरू आउँछन् । यो नियमित प्रक्रिया पनि हो जसको लागि उल्लेखित रणनीतिहरु लागू गरेर सहकारीहरूले तरलता व्यवस्थापनका यस्ता असल अभ्यासहरूको व्यवहारिक कार्यान्वयन गरी वित्तीय स्थायित्व सुधार गर्न सकिन्छ । असल अभ्यासहरूको अवलम्बनले आफ्ना सदस्यहरूलाई अझ राम्रो र प्रभावकारी वित्तीय सेवा प्रदान गरी तरलताको सहि व्यवस्थापन गर्न सकिन्छ । यद्यपि, यी रणनीतिहरूलाई प्रत्येक सहकारीको विशिष्ट आवश्यकता र परिस्थितिहरूमा अनुकूलन गर्न आवश्यक हुन्छ, किनकि प्रत्येक सहकारीहरूको सवाल तथा चुनौतीहरु फरक हुन सक्छन् ।

*Feedback: Pokharel.prakash@gmail.com*

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरूमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शुभलाभ**
बहुउद्देश्यीय सहकारी संस्था लि.
**Shubhalabh**
Multipurpose co-operative Ltd.
Lagankhel, Lalitpur, Tel : 01-5551590,5553570, 5004107
Fax : 977-1-5004222,
Email : shubha_mcl@ntc.net.np
website : www.shubhalabh.com

**प्रगति महिला उत्थान**
बचत तथा ऋण सहकारी संस्था लि.
PRAGATI MAHILA UTTHAN
Saving & Credit Co-operative Ltd.
बालाजु, गंगाहलको साइड, काठमाडौं, नेपाल
फोन नं. ०१-४३९०४४१

**बहुआयामिक कृषि**
बचत तथा ऋण सहकारी संस्था लि.
BAHUAAYAMIK KRISHI
Saving & Credit Co-operative Society Ltd.
नागार्जुन नपा.-४, सितापाइला, काठमाडौं, नेपाल
फोन नं. : ०१-५२३३१०२

**विद्युतकर्मी**
बहुउद्देश्यीय सहकारी संस्था लि.
ELECTRICITY WORKERS
Multipurpose Cooperative Society Ltd.
बागबजार, काठमाडौं
फोन नं.: ०१-४२५१४०१
इमेलः bkbssl1@gmail.com

# भिजनरी संस्था निर्माणको आवश्यक तत्व





**रामसूदन तिमल्सिना**
संचार अधिकृत
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

सन् १९९४ मा प्रकाशित *'बिउल्ड टु लास्ट'* पुस्तक व्यवसाय व्यवस्थापनका लागि आज पनि उत्तिकै सान्दर्भिक छ । *'बिउल्ड टु लास्ट'* का लेखक जिम कोलिन्स र जेरी पारोसले दुरदर्शी संस्था/कम्पनी पहिचान गर्न अनुसन्धान पद्धति प्रयोग गरेका थिए । कुनै पनि संस्थालाई सय बर्षसम्म जिवित राख्न चाहानुहुन्छ भने *'बिउल्ड टु लास्ट'* पुस्तक मार्गदर्शन स्रोत हुन सक्छ । ५० वर्ष भन्दा बढी समयसम्म सफलतापूर्वक संचालन भएका व्यवसायीक संस्थाहरूको अध्ययन/अनुसन्धानबाट जन्मिएको पुस्तक हो यो । यो अध्ययनपछि लेखकद्वयले भिजनरी संस्था/कम्पनी निर्माण गर्न के कस्ता कुराको आवश्यकता रहन्छ भनेर सिद्धान्त तयार गर्न सक्षम भएको पाइन्छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले लक्ष्य विशाल राख्न आग्रह गर्दै लाक्षणिक रूपमा भनेका छन्, *'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक ।'* यस पुस्तकले पनि यसैलाई प्रमाणित गर्ने गरी भनेका छन् कि, सफल संस्थाहरूसँग उद्देश्य प्राप्तिको बलियो भावना हुन्छ । उनीहरु मुल्य मान्यताहरुद्धारा निर्देशित हुन्छन् । त्यस्ता संस्थाहरूले गर्ने निर्णय र व्यवहार नाफा कमाउनमात्र केन्द्रीत हुँदैन । मुल्यमा आधारित यस्ता संस्थाहरूको बलियो कल्चर (संस्कृति) निर्माण भएको हुन्छ । साथै, समयअनुसार अनुकुल र परिवर्तन गर्ने क्षमता भिजनरी संस्थाहरूसँग हुन्छ । उनीहरु नयाँ प्रविधि र व्यापार मोडेललाई आत्मसाथ गर्न डराउँदैनन् । तर, यसलाई आफ्नो मुल्य-मान्यता र उद्देश्यसँग मेल खाने गरि प्रयोग गर्दछन् । दुरदर्शी संस्थाहरूले आफ्नो सफलतालाई टिकाइ राख्नका लागि धेरै अभ्यास गरेका हुन्छन् । उत्पादनमा गुणस्तर सुनिश्चिता गर्न र व्यवसायलाई व्यवस्थित राख्न यस्ता संस्थाले स्पष्ट प्रणाली र प्रक्रिया अवलम्बन गरेका हुन्छन् । त्यसमा उनीहरु कटिबद्ध देखिन्छन् । यस्ता संस्थाहरूले आफ्नो मुल्य मान्यतालाई सार्वजनिक गर्ने र संस्थाको उद्देश्यप्रति प्रतिबद्ध जनशक्ति खोज्नमा पनि ध्यान केन्द्रीत गरेको हुन्छन् ।

पुस्तकमा सफल कम्पनीहरूको मुख्य विशेषताहरूलाई विश्लेषण गरिएको छ । हेवलेटप्याकार्ड, ३ एम, प्रोक्टर र ग्याम्बल, र जोन्सन र जोन्सन लगायतका कम्पनीहरूको विश्लेषण गरिएको छ । यस्ता कम्पनीहरूका नेतृत्वमा रहेका व्यक्ति

दुरदर्शी रहेको देखिन्छ । संस्था सफल हुन र यसको दीगोपनाका लागि दुरदर्शी नेतृत्वको आवश्यक रहन्छ । यस्ता कम्पनीले उत्कृष्ट उत्पादन, सेवा र प्रतिभाको विकासमा आफूलाई केन्द्रीत गरेको पाइन्छ । सुधार र नविनताका लागि सधै अग्रसर रहेका देखिन्छन ।

समय अनुसार लचिलो हुन नसक्ने मान्छे प्रतिस्पर्धामा कमजोर हुदै जान्छ । संस्थाको हकमा पनि यो विषय लागु हुन्छ । जोखिम लिन र नयाँ प्रयोग गर्न आँट गर्ने संस्थागत क्षमताले नै आफूलाई अब्बल रूपमा उभ्याउन सक्छन् । सफल संघ/संस्थाले दीगो विरासत निर्माण गर्न सक्षम भएको देखिन्छ । त्यस्ता संस्थाले वर्तमान नेतृत्वका कार्यकालभन्दा बाहिर गएर आफूलाई विस्तार गरेको देखिन्छ । उनीहरु समुदायमा समेत सकारात्मक प्रभाव पार्न प्रतिबद्ध रहेको पाइन्छ ।

नेपालका हकमा हेर्ने हो भने यस्तो लिगेसी बनाएका संस्था दर्जन बढी भेटिन्छन् । उदाहरणका लागि भुरमल्ल चौधरीले जुद्ध सडकमा कपडा पसल राखेर व्यवसायमा प्रवेश गरे । त्यसपछि उनका छोरा लुंणकरण दास चौधरीले त्यसको नेतृत्व समाले र नेपालबाट अमेरिका र युरोपमा जुट निर्यात थाले । त्यसपछि यो विस्तारीत हुदै एक अग्रणी उद्यम बनेको छ । आज विनोद चौधरीको नेतृत्वमा चौधरी ग्रुप १६० भन्दा बढी कम्पनीहरु र १२३ ब्रान्डहरु समावेश गरी विश्व बजारमा उपस्थिति रहेको छ । जहाँ १५ हजार भन्दा बढी कर्मचारीहरूले काम गर्दछन् ।

त्यस्तै, ४८ बर्षदेखि व्यापारमा रहेको लक्ष्मी ग्रुपसँग यतिबेला २० कम्पनी छ र १७ सय बढी कर्मचारी छन् । यस्ता इतिहास बोकेका कम्पनी नेपालमा पनि नभएका होइनन् । तिनीहरूबाट पनि हामीले सिक्न सक्छौं । संस्थागत दुरदृष्टिका कारण दीगो विरासत निर्माण भएको देखिन्छ ।

कस्ता संस्था दुरदर्शी हुन् त ? उद्देश्यप्रति मजबुत रहेका संस्थाहरू नै दुरदर्शी हुन् । यी संस्था नाफाबाट मात्र होइन उच्च उद्देश्यले प्रेरित भएका हुन्छन् । उद्देश्यमा स्पष्ट भएपछि चुनौतीहरु र संकटहरूमा समेत अझ प्रभावकारी रूपमा कार्य गर्न सक्षम हुन्छन् । कतिपय संकटको समयमा यस्ता मुल्यमा आधारित रहेका संस्थाहरूले नागरिकको सुरक्षा र कल्याणका लागि कार्य गरेका उदाहरण छन् । जसले सार्वजनिक विश्वास पुनर्स्थापित गर्न सहयोग मात्र गरेनन् संस्थाको प्रतिष्ठा कायम राख्न समेत ठूलो मद्दत पुगेको थियो । ठूलो मिसनको हिस्सा बन्न चाहाने प्रतिभावान जनशक्तिलाई समेत उद्देश्यमुलक संस्थाहरूले आकर्षित गर्दछन् । सकारात्मक संस्कृति सिर्जना गर्न, कर्मचारीहरूबीच नवीनता, सहयोग र समर्पण बढाउन भिजनरी संस्थाले योगदान गर्दछन् । यस्ता संस्थाले दिर्घकालिन सफलता हासिल गरेको पाइन्छ ।

दिर्घकालिन, प्रेरणादायी र चुनौतीपूर्ण लक्ष्य हुनु भनेको संस्थाको कार्य र निर्णयलाई उत्प्रेरित र मार्गदर्शन गर्न सफल हुनु हो । १९९० को दशकमा आइवीएम को लक्ष्य कम्प्युटर उद्योगमा निर्विवाद लिडर बन्नु थियो । जसले त्यो कम्पनीको रणनीति, दिशा र फोकसलाई मार्गदर्शन गर्न मद्दत गर्‍यो । यी लक्ष्य प्रेरणादायी मात्र थिएनन् चुनौतीपूर्ण पनि थिए । तर कम्पनीले भविश्यका लागि स्पष्ट दृश्य प्रदान गरेको थियो ।

जसका कारण कर्मचारी र सरोकारावालाहरूको साझा लक्ष्य बन्न पुग्यो । जब कुनै संस्थामा सबैजना एउटै दिर्घकालिन दृष्टिकोण लिएर काम गर्दछन् यसले एकता र साझा उद्देश्यको भावना सिर्जना गर्छ र शक्तिशाली प्रेरक विन्दु तयार हुन्छ । दिर्घकालिन लक्ष्य वास्तविकतामा आधारित हुनुपर्छ । अस्वभाविक लक्ष्य सेट गर्नाले भने कर्मचारी उत्प्रेरित हुन सक्दैनन् भने सरोकावालाहरूसँगको विश्वसनियता समेत गुमाउन पुग्छ ।

यस्ता संस्था घडी निर्माणको अभ्यास गर्दछन । समय बताउन केन्द्रीत हुदैन भनिन्छ । उनीहरू छोटो अवधिमा पाउने सफलता वा बाह्य असर र घटनाहरूमा प्रतिक्रिया दिनेभन्दा पनि बलियो स्थायी संस्था निर्माणलाई प्रथामिकता दिन्छन् । घडी निर्माण गर्नु भनेको दीगो प्रतिस्पर्धात्मक फाइदाहरू सिर्जना गर्ने, बलियो संगठनात्मक संस्कृति निर्माण गर्ने, दिर्घकालिन बृद्धिका अवसरहरूमा लगानी गर्नमा ध्यान केन्द्रीत गर्ने गरी दिर्घकालिन रुपमा टिक्न तयारी गरिएको संस्था हो ।

छोटो अवधिको लाभ भन्दा दिर्घकालिन सफलतालाई प्राथमिकता दिने संस्था नेपालमा पनि धेरै छन् । बलियो संगठनात्मक संस्कृति निर्माणका ध्यान केन्द्रीत गर्ने, अनुसन्धान र विकासमा लगानी गर्ने र स्थायी उत्पादन र सेवा सिर्जना गर्ने भएकाले यस्ता संस्था लामो समयसम्म टिक्न सक्षम भएको हो । समय अनुसार परिवर्तन हुन इच्छुक हुनु र लामो अवधिमा सान्दर्भिक र प्रतिस्पर्धी रहनको लागि अनुकुल हुनु यसका विशेषता हुन् । द्रुत रूपमा परिवर्तन हेर्न व्यापारिक वातावरणमा विगतमा काम गरेकाले

छोटो अवधिको लाभ भन्दा दिर्घकालिन सफलतालाई प्राथमिकता दिने संस्था नेपालमा पनि धेरै छन् । बलियो संगठनात्मक संस्कृति निर्माणका ध्यान केन्द्रीत गर्ने, अनुसन्धान र विकासमा लगानी गर्ने र स्थायी उत्पादन र सेवा सिर्जना गर्ने भएकाले यस्ता संस्था लामो समयसम्म टिक्न सक्षम भएको हो । समय अनुसार परिवर्तन हुन इच्छुक हुनु र लामो अवधिमा सान्दर्भिक र प्रतिस्पर्धी रहनको लागि अनुकुल हुनु यसका विशेषता हुन् । द्रुत रूपमा परिवर्तन हेर्न व्यापारिक वातावरणमा विगतमा काम गरेकाले भविश्यमा काम नगर्न सक्छ र अनुकुलन र परिवर्तन गर्न क्षमता दिर्घकालिन सफलताको लागि महत्वपूर्ण छ ।

भविश्यमा काम नगर्न सक्छ र अनुकुलन र परिवर्तन गर्न क्षमता दिर्घकालिन सफलताको लागि महत्वपूर्ण छ ।

त्यसैगरी लक्ष्य प्राप्त गर्न गणना गरिएको जोखिम लिन उनीहरू इच्छुक हुन्छन् । उनीहरूलाई थाहा छ नविनता ल्याउन, प्रतिस्पर्धामा अगाडि रहन जोखिम लिन आवश्यक छ । महत्वपूर्ण लगानी गर्नु अघि र साहसी कदमहरू लिनु अघि गहिरो विश्लेषण गर्दछन् । सम्भावित अवरोधहरू सामना गर्न सक्ने स्रोतहरू सुनिश्चिता गरिएको हुन्छ । वाल्ट डिज्नीसँग एउटा थिम पार्कको दर्शन थियो । जहाँ बच्चाहरू र वयस्कहरू सँगै आउन सक्छन् र रमाईलो गर्न सक्छन् । उद्योग विशेषज्ञहरू र सम्भावित लगानीकर्ताहरूबाट व्यापक शंकाको बाबजुद डिस्नीले आफ्नो सपनालाई पछ्याइरह्यो र १९५५ मा डिज्नील्यान्ड निर्माण गर्न आफनै पैसा लगानी गर्‍यो । आज डिज्नी ल्याण्ड र डिज्नी वर्ल्ड संसारका सबैभन्दा लोकप्रिय र लाभदायक थिम पार्कहरू बन्न सफल भए ।

त्यस्तै अमेजनले परम्परागत खुद्रा उद्योगलाई अनलाईन सपिङको सुरूआत गरेर बाधा पुर्‍यायो । जबकि एप्पलले आइपड र आइट्युन्सको परिचय दिएर संगित उद्योगमा क्रान्ति ल्यायो ।

यद्यपि सफल संस्थाहरूले जोखिम व्यवस्थान र सम्भावित डाउनसाइडहरू कम गर्नुपर्छ भन्ने महत्वलाई पनि बुझेका हुन्छन् । पहिले त राम्ररी बजार अनुसन्धान गर्नुपर्छ । सम्भावित जोखिमहरू मूल्यांकन गर्ने र कुनै पनि नकारात्मक परिणामहरूलाई कम गर्न आकस्मिक योजनाहरू विकास गर्ने गर्दछन् । उनीहरूले पहिले त कुनै पनि अवरोधहरू ह्यान्डल गर्न वित्तीय स्रोत र सक्षमताहरू छ कि छैन भनेर सुनिश्चित गर्दछन । यस्ता संस्थाहरूले सबै कुरा निरन्तर परिवर्तन भैरहेको छ भनेर बुझद्छन् । उनीहरू सान्दर्भिक र प्रतिस्पर्धी रहन अनुकुलक हुन्छन् । उनीहरू अबको समयमा लाभदायक वा लोकप्रिय नहुने व्यापार मोडलहरू, उत्पादनहरू र प्रविधिहरू त्याग्न डराउँदैनन् । यसको सट्टा नविनतामा ध्यान केन्द्रीत गर्दछन् ।

विजुली मोटर्स निर्माणमा केन्द्रीत जिइले समय अनुसार आफुलाई परिवर्तन गरी बल्ब, पावर उत्पादनमा विस्तार भयो । १९८० को दशकमा जीइले वित्तीय सेवाहरूमा विविधिकरण गर्न थाल्यो । यसको अर्थ निरन्तर आवश्यक र नयाँ क्षेत्रहरूमा विस्तार गरेर दुरदर्शी कम्पनीहरू प्रतिस्पर्धामा अगाडी रहन र दिर्घकालिन रूपमा आफ्नो प्रासंगिकता कायम राख्न सक्षम हुन्छन् । उनीहरूलाई यो थाहा छ कि सफलता एउटा मात्र उत्पादन वा प्रविधिसँग जोडिएको छैन ।

नयाँ अवसरहरूको खोजीमा आफ्नो मुल मुल्य/मान्यता वा मिशनलाई भने त्याग्दैनन् । नयाँ चुनौती सामना गर्न आफ्नो रणनीति र कार्यहरू गर्दा मौलिक सिद्धान्तहरूमा टिकी रहन्छन् । नार्डस्ट्राम एक बलियो र स्थायी संस्कृति भएको कम्पनी हो । कम्पनीको संस्कृति असाधारण ग्राहक सेवा प्रदान गर्न केन्द्रीत छ । यो एक शताब्दीभन्दा बढीको लागि यसको सफलताको मुख्य कारण हो । यसले आफ्ना कर्मचारीहरूलाई ग्राहक सन्तुष्टिलाई प्राथमिकता दिने निर्णयहरू गर्न अधिकार दिन्छ । यसले तिनीहरूलाई त्यस्तो गरेमा पुरस्कृत गर्दछ । यसले कर्मचारीहरूबीचको स्वामित्वको बलियो भावना र उत्तरदायित्वको संस्कृतिलाई नेतृत्व गरेको छ । जसले कम्पनीको सफलतालई ड्राइभ गरेको छ ।

साउथवेस्ट एयरलायन्स र डिज्नीहरूले पनि दिर्घकालिन सफलतामा योगदान पुर्‍याउने बलियो संस्कृति निर्माण र कायम राख्न सफल भएका छन् । साउथ वेस्ट एयरलाइन्ससँग रमाईलो, हास्य र अनौपचारिकताको संस्कृति छ । जबकी डिज्नीसँग रचनात्मकता, नविनता र कल्पनासीलताको संस्कृति छ ।

यस्ता संस्थाले आफ्ना कर्मचारीलाई सशक्तिकरण गर्दछन् । तिनीहरूमा विश्वासको संस्कृति सिर्जना गर्दछन् । कर्मचारीलाई निर्णय लिन र आफ्नो कामको स्वामित्व लिन आवश्यक पर्ने स्वायत्तता र स्रोतहरू दिन्छन् । यसले कर्मचारीहरूबीच गर्व र स्वामित्वको भावना निम्त्याउँछ । साउथवेस्ट एयरल्यान्सले आफ्ना कर्मचारीहरूलाई उनीहरूले ग्राहकहरूसँग कसरी अन्तक्रिया गर्छन भन्ने कुरामा ठूलो स्वायत्तता दिन्छन् । यसका लागि प्रोत्साहित गर्दछन् । उनीहरूले बस्ने व्यवस्था, सामान ह्यान्डलिंग गर्ने कुरामा आफै निर्णय लिन्छन् । उनीहरूलाई शुल्क माफ गर्ने, फिर्ता गर्ने, ग्राहक अनुभव सुधार गर्न मद्दत गर्ने अन्य निर्णयहरू गर्न अधिकार दिए । यसले बलियो संस्कृति निर्माण गर्न सक्षम भएको छ । यसले उसलाई प्रतिस्पर्धीहरूबाट अलग राखेको छ । यसले यस एयरलाइन्सलाई सबैभन्दा सफल र प्रशंसनिय एयरलान्समध्ये एक बनाउन मद्दत गरेको छ ।

भिजनरी संस्थाहरूले अल्पकालिन लाभहरूभन्दा दिर्घकालिन सफलतालाई प्राथमिकता दिन्छन् र रणनीति पहलहरूमा लगानी गर्दछन् । जसले तत्काल लाभ प्रदान नगर्न सक्छ तर समयसँगै दीगो बृद्धि र मुल्य सिर्जना गर्छ । जोन्सन एन्ड जोन्सन १३० बर्षभन्दा बढी समयदेखि व्यवसायमा छ । आर्थिक मन्दी र अन्य चुनौतीहरू सामना गर्ने ट्र्याक रेकर्ड छ । तिनीहरूले अनुसन्धान र विकास, उत्पादन सुरक्षा र वातावरणीय स्थिरतामा लगानीलाई प्राथमिकता दिन्छन् । यसका लागि उनीहरू छोटो अवधिको नाफा त्याग्न तयार हुन्छन् । दिर्घकालिन ध्यान केन्दीत गरेर उसले आफूलाई नविनतम, गुणस्तर र सामाजिक उत्तरदायित्वको लागि बलियो प्रतिष्ठाको साथ एक विश्वसनिय र भरपर्दो ब्रान्डको रूपमा स्थापित गर्न सक्षम भएको छ ।

टोयोटाले पनि निरन्तर सुधारको संस्कृति, गुणस्तर सुरक्षा र वातावरणीय दीगोपनाप्रति प्रतिबद्ध भएकाले आफ्नो ब्राण्डलाई अब्बल बनाएको छ । टोयोटाको दिर्घकालिन फोकसले यसलाई विश्वको सबैभन्दा ठूलो र सबैभन्दा सफल अटोमेकरहरूमध्ये एक बन्न सक्षम बनाएको छ । त्यसैगरी यस्ता कम्पनीहरूले एक अर्काका लागि बलिदान गर्नुको सट्टा दुवैको फाइदाहरू प्राप्त गर्न सहयोग गरिरहेका हुन्छ । अस्वस्थ प्रतिस्पर्धामा उत्रदैनन् । जसले उनीहरूलाई दीगो बनाउँछ ।

कुनै पनि संघ/संस्था दीगो हुनुमा नेतृत्वका भूमिका अहम हुन्छ । भिजनरी संस्थाहरूसँग बलियो नेतृत्व टोली हुन्छ । संस्थाको सफलताको मुख्य कारक नै नेतृत्व हो । संस्थाको उद्देश्य, मूल्यहरू र दिर्घकालिन सफलताका लागि प्रतिबद्ध नेतृत्व टोलीको आवश्यकता रहन्छ । एक मजबुद नेतृत्वले संस्थालाई दिशा निर्देश गर्ने, कर्मचारीलाई प्रेरित गर्ने र संस्थालाई लक्ष्य प्राप्तिको ट्र्याकमा हिडाउने काम गर्दछ । यस्ता संस्था अल्पकालिन नतिजा र व्यक्तिगत लाभमा मात्र केन्द्रीत हुदैनन् बरू उद्देश्य र दिर्घकालिन परिप्रेक्ष्यमा केन्द्रीत हुन्छन् । यस्ता संस्थाका नेता बलियो संस्कृति सिर्जना गर्न सक्षम हुन्छन् । नेतृत्वसँग स्पष्ट दृष्टिकोण हुनुपर्छ । कर्मचारीलाई त्यो दृष्टिमा काम गर्न प्रेरित र उत्प्रेरित गर्न सक्षम हुनुपर्छ ।

जिम कोलिन्स र जेरी पारोसको विउल्ट टु लास्टले बहुमूल्य अन्तदृष्टि प्रदान गरेको छ । संस्थाको दिर्घकालिन सफलताका लागि प्रतिबद्ध रहने मजबुद नेतृत्वको महत्वलाई यसले हाइलाइट गरेको छ । संकट र अवरोधहरूको सामना गर्ने क्षमता, दिर्घकालिन बृद्धिसँगै छोटो अवधिको नाफामा सन्तुल्न राख्ने प्रेरणा दिएको छ ।

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरुमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


**शुभश्री**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**SHUBHASHREE**
Saving & Credit Co-operative Ltd.
शंखघर चोक, मध्यमपुर थिमि-४, भक्तपुर
फोन नं. ०१-५०९३३५२

**शुभप्रवा**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**SHUBHAPRAVA**
Saving & Credit Co-operative Ltd.
चावहिल, चुच्चेपाटी, काठमाडौं
फोन नं. ०१-४४६१७५६
इमेल: shubhaprava.cop@gmail.com

**चाईना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.**
**China Trade Multipurpose Co-oprative Ltd.**
P.O.Box No.: 25464, DRN Tower,
Mahabouddha, Kathmandu
Tel: 5714002, 5714048, Fax: +977 1 5713763
Email: info@chitcol.com
Web: www.chitcol.com

**ध्रुवतारा**
**बहुउद्देश्यीय सहकारी संस्था लि.**
**DHURBATARA**
Multipurpose Co-operative Ltd.
पुल्चोक, ललितपुर
फोन नं.: ०१-५४०९४८८
इमेल: dhrubataramultipurpose@gmail.com

# बचत ऋण सहकारीलाई स्तरीय बनाउने सवाल





गणेश प्रसाद तिमल्सिना

सहकारी विभागको पछिल्लो तथ्याङ्कअनुसार हाल मुलुकमा ३२००० हाराहारीमा  सहकारी संस्थाहरू दर्ता रहेका छन् । सहकारी संस्थाहरूको संख्यात्मक विकास भएपनि गुणात्मक विकास हुन सकेन । सहकारी संस्थाहरू स्वअनुशासनमा चल्ने संस्था भएपनि त्यसको अभ्यास सहकारी क्षेत्रमा पूर्ण रूपमा हुन सकेको छैन । यो किन भइरहेको छैन भनेर अनुसन्धान गर्ने संस्था पनि नेपालमा छैनन् भन्दा पनि हुन्छ ।

सहकारी ऐन २०४८ ले पनि संस्थाहरूलाई अनुशासनमा राख्ने त्यस्तो व्यवस्था गर्न सकेन । यद्यपि सहकारी संस्थाहरू र तिनका सेवालाई स्तरीय बनाउन सकिएन भने लामो समय थेग्न सकिदैन भन्ने निष्कर्षमा राज्य पनि पुगिसकेको छ । सहकारी ऐन कानुन, मुल्य, मान्यता र मापदन्ड पालना नगर्ने संस्थाहरूका कारण समुदायमा आधारित रहेर जनतालाई प्रत्यक्ष वित्तिय र गैरवित्तीय सेवा प्रदान गर्ने संस्थाहरू ओझेलमा परिरहेका छन । सहकारी संस्थाहरू सवैलाई थोरै जनशक्ति भएको सहकारी विभागले अनुगमन र निरीरक्षण गर्न सक्दैन । तसर्थ विषयगत  सहकारी संस्थाका केन्द्रीय संघहरूलाई साधन सम्पन्न बनाई जवाफदेही र उत्तरदायी बनाउन सके संस्थाहरुलाई जनउत्तरदायी र स्तरीय बनाउन सकिन्छ । अब सहकारी संस्था विशेष गरि वित्तीय कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाहरूलाई स्तरिय बनाउन कुन कुन क्षेत्रमा सुधार गर्न आवश्यक छ त्यस बारेमा चर्चा गर्न उपयुक्त हुन्छ ।

**लेखा अभिलेखमा एकरुपता**

सहकारी संस्थाहरूको लेखा राख्ने विषयमा स्तरीयता कायम गर्न सके संस्थामा हुने जोखिम कम गर्न सकिन्छ भन्ने सवालमा सबैको एकमत रहन्छ भन्ने मेरो बुझाई छ । लेखामानका अन्तराष्ट्रिय मान्यताका आधारमा लेखा अभिलेख गर्न सके एक हदसम्म स्तरिय संस्था निर्माण गर्न सकिन्छ । लेखासंग सम्वन्धीत महालेखा परिक्षक कार्यालय, आईक्यान, अडान, केन्द्रीय लेखामान बोर्ड आदी लगायतका संस्थाहरूसंगको समन्वय एवं

सहकार्यमा एउटा सर्वमान्य लेखामान तयार गरी सम्पूर्ण बचत तथा ऋणको एवं वित्तिय कारोवार गर्ने सहकारी संस्थाहरूलाई अनिवार्य गर्न सकेमात्र स्तरिय संस्थाको परिकल्पना गर्न सकिन्छ ।

**संस्थाका आन्तरिक नीतिमा सुधार**

संस्थाहरू नीति प्रधान नभई नेता प्रधान हुदा संस्थामा समस्या देखिएका छन् । धेरै संस्थाहरू आफु अनुकुल निर्णयका भरमा चलेका छन । सञ्चालक समितिले गरेका निर्णयलाई नै नीति मानी कार्य गर्दा संस्थाहरू समस्यामा परेका छन् । नीतिगत रूपमा संस्था सञ्चालन गर्न बचत तथा ऋण सहकारी संस्थाको हकमा कम्तिमा ५ वटा नीतिहरू (बचत, ऋण, बित्तिय व्यवस्थापन, मानव संसाधन र सुशासन नीति) अनिवार्य रूपमा लागु गर्न सके सहकारी संस्थाहरूलाई स्तरिय वनाउन सकिन्छ । संस्थाहरूलाई जिम्मेवार, व्यवस्थित र योजनाबद्ध ढंगले चल्ने बनाउन व्यवसायीक योजना, रणनीतिक योजना, संस्था सञ्चालनका लागी आवश्यक कार्यविधिहरू विकास गर्न लगाई लागु गर्न सकेको खण्डमा स्तरिय संस्था बनाउन सकिन्छ । त्यस्ता संस्थाहरूप्रति जनमानसको विश्वास कायम हुन सक्दछ । अन्यथा ओरेन्टल र गुण सहकारीको भोगाई अन्य संस्थाहरूले पनि नभोग्नुपर्ला भन्न सकिन्न ।

**नविनतम सूचना प्रविधिको प्रयोग**

आजको युगमा नविनतम सूचना प्रविधिको प्रयोग नगर्ने निकायहरूले उल्लेख्य प्रगति गर्न सक्दैनन् । प्रवाह गरेका र गरिने सेवाहरूमा सूचना प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । कामलाई छिटो छरितो रूपमा गर्न थोरै जनशक्तिवाट धेरै काम गर्न र संस्थाहरूको कार्यसञ्चालन खर्च घटाउन समेत सूचना प्रविधिको आवश्यक छ । संस्थाहरूको कार्य सञ्चालन खर्च घटाउन सके सदस्यलाई वितरण गर्ने मुनाफामा बृद्धि गर्न सकिन्छ । नविनतम सूचना प्रयोग गर्न सके संस्थाका महत्वपूर्ण तथ्यांक सुरक्षित राख्न सहयोग पुग्दछ । तथ्यांक बाट विश्वासिलो सूचना प्रणलीको विकास गर्न सहज हुन्छ । हाल हामीसंग यथार्थ तथ्यांकको अभावमा योजना निर्माणमा प्रत्यक्ष असर परिरहेको छ ।

**उत्पादन तथा सेवाहरुको विविधिकरण**

बचत तथा ऋण सहकारी संस्थाहरूले प्रवाह गर्ने सेवा सुविधामा समेत स्तरिय बनाउन आवश्यक देखिन्छ । थोरै प्रकारका बचत र ऋण सेवाहरू सदस्यहरूका रूचिका विषय हुन सक्दैनन । संस्थाका सदस्यका फरक फरक रूचिलाई समेट्ने गरि बचत र ऋणका प्रोडक्ट तयार गर्न सके संस्थाप्रति सदस्यहरूको विश्वास बढ्छ । त्यसका लागि सदस्य सर्वे, बजार अनुसन्धानलगायतका कार्य पनि गर्नुपर्छ ।

**वित्तीय स्वस्थता र सुरक्षाको सवाल**

बचत ऋण कारोवार गरिरहेका संस्थाहरूको वित्तीय स्वस्थता नाप्ने औजारको रूपमा रहेको पर्ल्स अनुगमन प्रणालीलाई अनिवार्य गरि त्यसका सूचांकको आधारमा संस्थालाई अगाडि बढाउन सके स्तरीय संस्थाको परिकल्पना गर्न सकिन्छ । संस्थाले सदस्यसंग लिने विभिन्न शुल्कहरू जस्तैः प्रवेश शुल्क, ऋण व्यवस्थापन शुल्क, हर्जना आदिको एउटा मापदण्ड तोक्नुपर्ने आवश्यकता छ ।

संस्थाहरूले तडक भडकसंग बार्षिक साधारण सभामा खर्च गर्ने, कर्मचारीहरूको स्तर नतोक्ने, माथिल्लो तहमा कार्यकारी सञ्चालक वा कार्यकारी प्रमुख आदी पद श्रृजना गरि सञ्चालकवाट नै दैनिक प्रशासनिक काम हुने गरेका छन् । त्यसमा एउटा मापदण्ड तोकी सञ्चालकवाट व्यवस्थापनको काममा बन्देज लगाउने, कर्मचारीहरूको तह निर्धारण गरि न्यूनतम पारिश्रमिक तोक्नुका साथै कार्य सञ्चालन खर्चको लागी स्तर निर्धारण गरि तोक्न अनिवार्य देखिन्छ ।

संस्थाका लगानी सुरक्षित राख्न ७५ प्रतिशत भन्दा वढी लगानी उत्पादनमुलक क्षेत्रमा गर्नुपर्ने, ऋण लगानी गर्दा ५ सी को विश्लेषण अनिवार्य गर्ने र विना धितो ऋण लगानीको सीमा तोक्नुपर्ने देखिन्छ । संस्थाको आर्थिक पाटोका साथसाथै भौतिक सम्पत्तीको विमा गरि भविष्यमा हुन सक्ने जोखिमवाट सहकारी संस्थाहरूलाई जोगाउन सकिन्छ ।

संस्थाहरूले तडक भडकसंग बार्षिक साधारण सभामा खर्च गर्ने, कर्मचारीहरूको स्तर नतोक्ने, माथिल्लो तहमा कार्यकारी सञ्चालक वा कार्यकारी प्रमुख आदि पद श्रृजना गरि सञ्चालकवाट नै दैनिक प्रशासनिक काम हुने गरेका छन् । त्यसमा एउटा मापदण्ड तोकी सञ्चालकवाट व्यवस्थापनको काममा बन्देज लगाउने, कर्मचारीहरूको तह निर्धारण गरि न्यूनतम पारिश्रमिक तोक्नुका साथै कार्य सञ्चालन खर्चको लागी स्तर निर्धारण गरि तोक्न अनिवार्य देखिन्छ ।

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरूमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## शुभकामना
**बचत तथा ऋण सहकारी संस्था लि.**
**SUBHAKAMANA**
**Saving & Credit Cooperative Society Ltd.**
सूर्यविनायक, भक्तपुर
फोन नं.: ०१-६६१९१४०,६६१३९६१
इमेलः subhakamanasaccos@gmail.com

## प्रिमियम बचत तथा ऋण सहकारी संस्था लि.
**Permium Saving & Credit Co-operative Ltd.**
नारायण आर्केड, ईन्द्रचोक, काठमाण्डौ, नेपाल
फोन नं.: ०१-४२२८८४५

## सुयोग्य
**वचत तथा ऋण सहकारी संस्था लि.**
**Suyogya Saving & Credit Co-operative Society Ltd.**
कोटेश्वर-३५, सेती ओपी मार्ग, पो.ब.नं. ८९७३, NPC : ६५६-३३, काठमाडौं
फोन नं : ०१-४६००९९८
ई-मेल : suyogyacoop@gmail.com

"सफलताका लागि हरपल सहयोगी"
## बाबा बचत तथा ऋण सहकारी संस्था लि.
**Baba Saving & Credit Co-operative Ltd.**
शंखधर चोक, मध्यपुर थिमि-४, भक्तपुर
फोन नं.: ०१-५०९३५८०

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरुमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


**बाबियाखर्क**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**BABIYAKHARKA**
**Saving & Credit Cooperative Society Ltd**
शान्तिनगर, काठमाण्डौं
फोन नं.: ०१-४१०८५१४

**सिद्धार्थ**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**SIDDHARTHA**
**Saving & Credit Cooperative Society Ltd.**
मध्यपुर थिमि-४, शंखधर चोक, भक्तपुर
फोन नं.: ०१-५०९३४२६, ५०९३२१९
इमेलः siddhartha_saccos@hotmail.com

Since 2000
कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
**Kumari Saving & Credit Co-Operative Ltd. (KUSCCOOP)**
**Head Office:** Mitrapark, Chabahil, Kathmandu
Ph: 4478006, 4465102, 4465104, 4465274, 4465256
**Member Service Centre:** Manang Plaza, Thamel Kathmandu
Ph: 4412842, 4413553, 4422528
E-mail: info@kumarisaving.com.np, Website: www.kumarisaving.com.np

**बसाहा**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**BASAHA**
**Saving & Credit Cooperative Society Ltd.**
गणपति भवन, पहिलो तल्ला
मिनभवन, काठमाडौं
फोन नं.: ०१-४१०६५६६, ४१०६६०९

# लघु उद्यम विकासमा सहकारी





निर्मल सिग्देल

न्यून आय भएका गरीव तथा विपन्न परिवारहरूका लागि आय-आर्जनका कार्यक्रम मार्फत स्व-रोजगारका अवसर सृजना गरी जीविकोपार्जनमा सुधार गर्ने कार्यमा स्थानीय श्रोतको अधिकतम परिचालन गरी समुदायस्तरमा उद्यमशीलताको क्षेत्रमा व्यापक काम गर्नुपर्ने देखिन्छ । उद्यमशीलतालाई आर्थिक विकासको महत्वपूर्ण रणनीतिका रूपमा लिनुपर्छ । पछिल्लो समय स्टार्टअफलाई प्रोत्साहन गर्ने, लगानी गर्ने कार्यले व्यापकता पाएको छ । स्थानीय अर्थतन्त्रको महत्वपूर्ण घटकका रूपमा साना व्यवसाय रहने भएकाले यस विषयलाई प्राथमिकताका साथ अगाडि बढाउनु पर्छ । कम लागतको रोजगारी सिर्जना गर्ने अवधारणाका रूपमा लघु उद्यमलाई लिन सकिन्छ । साना व्यवसायहरूले स्थानीय अर्थतन्त्रमा बहुराष्ट्रिय कम्पनी र ठूला लगानीकर्ताको तुलनामा बढी योगदान पुऱ्याएको विभिन्न अध्ययनले देखाएको छ । दीगो विकास लक्ष्य हासिल गर्नका लागि पनि स्थानीय साधन स्रोतबाट स्थानीय समुदायको उत्थान हुन आवश्यक छ । उद्यमशीलता र स्थानीय स्वामित्वमा रहेका व्यवसायहरु कठिन समयमा पनि टिकाउन सकिने व्यवसायका रूपमा पनि लिन सकिन्छ ।

अझ युवालाई स्वरोजगार बनाउन सरकारले उद्यमशीलताको क्षेत्रमा विगतका वर्षहरूमा भन्दा बढी लगानी गर्नु पर्ने देखिन्छ ।  युवा हरेक देशका उत्तराधिकारी हुन् । स्वस्थ र उद्यमी युवा जनसंख्या भएको मुलुकले समग्र विकास र प्रगति गरेका पाइन्छ । हामीले पनि यो अवसरलाई बेलैमा उपयोग गर्न सक्नुपर्छ । आज प्राविधिक क्रान्तिले स्वास्थ्य, सेवा, सूचना र कनेक्टिभिटीका कारण मानिसको जीवनलाई परिवर्तन गरिदिएको छ । नेपालमा भने धेरै युवा रोजगारीका लागि विदेशी रहेको अवस्था छ । यो परिपेक्ष्यमा सरकारले नयाँ रोजगारी सिर्जना गर्न र उद्यमशीलताको दर बढाउनका लागि राण्नीतिक रूपमा केन्द्रीत हुन आवश्यक छ । युवा उद्यमी बन्ने अवसरहरु सिर्जना गर्ने र त्यसको प्रवर्द्धन गर्न सकेको खण्डमा युवाले भरिएको नेपाल रूपान्तरण हुन केहि समय पनि लाग्दैन । युवा उद्यमशीलताले अर्थतन्त्तलाई दीगो बनाउन मद्दत गर्न

सक्छ । आज उद्यमशीलताको अवस्थालाई त्यस समाजको प्रगतिको संकेतका रूपमा लिइन्छ । अमेरिकामा आईटी व्यवसाय युवा उद्यमशीलताको आधार हो । त्यसैले हरेक युवालाई उद्यमशीलतामा सामेल हुने अवसर सिर्जना गराउने नीतिगत सहज व्यवस्था हुन आवश्यक छ । युवा उद्यमशीलताले समाजको सामाजिक साथै सांस्कृतिक र आर्थिक प्रगतिमा प्रभाव पार्ने भएकाले यसलाई सामान्य विषयका रूपमा लिने भुल गर्नु हुदैन ।

यसै परिप्रेक्ष्यमा नेपाल सरकारले लघु उद्यमको माध्यमद्वारा न्यूनआय भएका गरीव परिवारहरूको आय वृद्धि गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउने लक्ष्यका साथ आ.व. ०७५/७६ मा ७७ वटै जिल्लाका ७५३ स्थानीय तहहरूमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन गरिरहेको छ । यस कार्यक्रममा श्रोत सम्भाव्यता अध्ययन, सामाजिक परिचालन, उद्यमशीलताको विकास, प्राविधिक सीप, लघु कर्जामा पहुँच, उपयुक्त प्रविधिमा पहुँच, बजारीकरण तथा व्यवसायिक परामर्श एवम् सहयोग जस्ता पक्षहरू समेटिएको छ । यस अवधारणालाई एकीकृत लघु-उद्यम विकासको सफल मोडेलको रूपमा लिईएको छ ।

यस मोडलमा समेटिएका पक्षहरू निकै सवल भएता पनि उद्यम विकास सहजकर्ताको प्रभावकारी र कुशलतापुर्वक परिचालन गर्न आवश्यक देखिन्छ । उक्त कार्यक्रमको सञ्चालनका लागि नीतिगत व्यवस्था गर्न निर्देशिका तथा कार्यविधिहरू निर्माण समेत गरिएको छ । जिल्ला उद्यम विकास कार्यक्रम कार्यविधि तथा लघु उद्यम विकास कोष सञ्चालन निर्देशिका २०६४ तथा गाउँ लघु उद्यम विकास योजना तर्जुमा तथा कार्यान्वयन निर्देशिका २०६६ तथा नयाँ मस्यौदा २०७४, गरीबी निवारणका लागि लघु-उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ आदि निर्माण भएका छन् । नीतिगत रूपमा यति धेरै काम भएको भए पनि लघु उद्यम विकासको क्षेत्रमा अझै संरचनागत विकास हुन नसक्नु विडम्बना नै मान्नुपर्छ । यति सम्म छ की स्थानिय तहमा उद्यम विकास शाखा स्थापना भएको अवस्था छैन् भने स्थानिय तहले उद्यम विकास रणनीतीक योजना समेत तयार गरेका छैनन् । जसको कारण उद्यमशीलताको क्षेत्रमा सोचे अनुसार उपलब्धि हुन सकेको छैन । त्यसकारण कानुन, नीति, नियम बनेर मात्र हुदैन । त्यसको कार्यान्वयन पक्ष मजबुद भएन भने ती कागजमा सीमित रहन्छ त्यसैले यसको कार्यान्वयनमा जोड दिनुपर्छ । गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनको दौरानमा महशुस गरिएको आधारमा सहजकर्ताको आवश्यकता र भूमिका विशेष रहेको पाइन्छ । स्थानीय, प्रदेश र संघीय सरकारले सहजर्कताको भूमिकालाई अझै आत्मसाथ गर्न नसकेको हो कि भन्ने देखिन्छ । सहर्जकर्ताले उद्यमी निर्माणका लागि पुलको रूपमा काम गर्ने भएकाले यसको परिचालनमा स्थानीय सरकारको विशेष चासो हुनु आवश्यक छ । समुदायसँग सोझै सम्पर्क हुने स्थानीय सरकारको सहजीकरण विना स्थानीय स्तरमा उद्यमविकास हुन कठिन छ । स्थानीय सरकारले यसलाई आफ्नो क्षेत्रको जनसमुदायको आर्थिक, सामाजिक र साँस्कृतिक उत्थानको महत्वपूर्ण कार्यक्रमका रूपमा लिर्दै तत्काल उद्यम विकास शाखा स्थापना गर्नुपर्छ ।

मेड्पा निर्देशिका २०७७ अनुसार उद्यम विकास सहजकर्ता, यस्ता दक्ष प्राविधिक जनशक्ति हुन जसले समुदाय स्तरमा रहेको विपन्न समुदायको जीवनयापन तथा जीवनस्तरलाई सुधार गर्न, उद्यमशीलता विकासको औजार प्रयोग गर्न सक्षम हुन्छन । जस अन्तर्गत व्यवसाय गर्न उत्प्रेरणा जगाउने, व्यवसाय गर्ने विधि/तरिका सिकाउने, सीप सिकाउने, व्यवसाय गर्न आवश्यक पूँजीको तथा प्रविधिको वारेमा सहजीकरण गर्ने र बजारीकरण गर्न आवश्यक प्राविधिक सहयोग गर्ने जस्ता कार्य गरी उद्यमशीलताका व्यवहारमा परिवर्तन गर्न निरन्तर रूपमा सहजीकरण गर्दछन् भन्ने कुरा उल्लेख छ । अर्थात उद्यमशीलता विकासको मोडल कार्यान्वयन गर्ने मुख्य जनशक्तिको रूपमा उद्यम विकास सहजकर्तालाई लिइएको छ । अहिले सम्म नेपालमा करीब ५ हजार ७ सय, जस मध्ये एकेडेमिक तर्फ ९२२ र सीप परिक्षण तर्फ ४७७८ उद्यम विकास सहजकर्ता उत्पादन भैसकेकाले यी दक्ष जनशक्तिको स्थायी रूपमा परिचालन गर्नेतर्फ स्थानीय, प्रदेश र संघीय सरकारको योजना बन्नुपर्छ । नेपालमा युवालाई गरिखाने अवसर सिर्जना व्यवहारमा नै गर्ने हो भने मेड्पा कोशेढुङ्गा सावित हुन सक्छ । सहजकर्ता सरकारको ह्युमन क्यापिटल हो । यसको परिचालन गरेको खण्डमा नेपालभित्रै युवाले आफ्नो सपना साकार गर्न सक्छन् ।

प्रत्येक स्थानीय तहमा उद्यम विकास सहजकर्ता परिचालन गर्दा लघु-उद्यमको मोडल अनुसार नियमित कार्य गर्न, आय आर्जन, स्वरोजगार, सामाजिक परिचालन, व्यवसायिक परामर्श, व्यवसायिक योजना तयारी, उद्यमशीलता तालिम, वित्तीय साक्षरता, बजारीकरण, प्राविधिक सीप, उपयुक्त प्रविधिमा सहजीकरणमा मद्दत पुग्छ । स्थानीय तहमा भएका सहकारी, लघु वित्तीय संस्थामा उद्यमशीलता विकास आदि कार्यमा प्राविधिक सहयोगमा थप योगदान समेत उद्यम विकास सहजकर्तालाई परिचालन गर्दा पुग्ने देखिन्छ । यस्ता दक्ष प्राविधिक जनशक्तिहरूलाई महिला उद्यमशीलता विकास कार्यक्रम, राष्ट्रपति उत्थानशील कार्यक्रम, युवा स्व-रोजगार कार्यक्रम, सामुदायिक सिकाई केन्द्र, सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र, गाउँपालिका, नगरपालिका, वडा कार्यालय साथै विभिन्न परियोजनाहरूमा परिचालन गर्दा समुदायस्तरमा उद्यमशीलताको विकास गरी जीविकोपार्जनमा सुधार हुनुका साथै लघु-उद्यम विकासको विधि/प्रक्रिया अनुसार प्रभावकारी रूपमा कार्य गर्न सहज हुने देखिन्छ । यस्ता दक्ष जनशक्तिको स्थायी व्यवस्थापनमा सरकारले समयमा नै ध्यान दिनुपर्ने देखिन्छ । नत्र यी जनशक्ति पनि पलायन हुने अवस्था सिर्जना हुन सक्छ । प्राविधिक जनशित्क निर्माण गर्न सहज छैन । तयार भएका दक्ष जनशक्तिको स्थायित्व भएन भने उनीहरूमा नैराश्यता सिर्जना हुन सक्छ । त्यो अवस्था सिर्जना हुन नदिनका लागि स्थानीय, प्रदेश साथै संघीय सरकारले लोक सेवामार्फत नै उनीहरूको स्थायीत्वका लागि नीतिगत व्यवस्था गर्नुपर्छ ।

साथै दक्ष जनशक्तिको उपयोग गर्नका लागि सरकारले कानुन तथा नीतिलाई समयसापेक्ष रूपमा परिमार्जन गर्दै लैजानुपर्छ । जसका कारण उनीहरूलाई देशभित्र नै प्रभावकारी रूपमा काम गर्ने वातावरण सिर्जना होस् । देशको आवश्यकता अनुसार तयार भएका दक्ष जनशक्तिलाई आवश्यकता परेको खण्डमा अझै उच्चस्तरको प्रशिक्षणको व्यवस्था पनि गर्न सकिन्छ । यदि सरकारले उद्यमशीलता विकासलाई प्राथमिकतामा राखेको खण्डमा यो जनशक्तिलाई भ्याइ नभ्याइ हुने अवस्था रहन्छ । विकसित देशहरूले त अन्य देशका दक्ष जनशक्तिलाई समेत आकर्षण गर्नका लागि भिसामा सजिलो बनाइदिने गरेका छन् । नेपालले पनि अब आर्थिक समृद्धिका लागि दक्ष जनशक्तिको स्थायित्वमा विशेष ध्यान दिने नीतिगत व्यवस्था गर्नैपर्छ । *(लेखक उद्यमशीलता विशेषज्ञ हुनुहुन्छ)*

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरुमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## क्यारिना

**बचत तथा ऋण सहकारी संस्था लि.**

**CARINA**

**Saving & Credit Co-operative Ltd.**

पुल्चोक, ललितपुर

फोन नं. : ०१–५४०९२१८, ५४०९२०६

इमेलः carinasaving@gmail.com

## पाँचतारा

**बचत तथा ऋण सहकारी संस्था लि.**

**PANCH TARA**

**Saving & Credit Co-operative Ltd.**

का.म.न.पा.-३२, मनोहरनगर, टाउनप्लानिङ्ग, काठमाडौं

फोन नं. : ०१-४९९०७०६

इमेलः 5starsahakari@gmail.com

## प्रणामी

**बचत तथा ऋण सहकारी संस्था लि.**

**PARANAMI**

**Saving & Credit Co-operative Ltd.**

का.म.न.पा.–२२, सबल वहाल, काठमाडौं

फोन नं. ०१–४२१५३९८, ४२५५७८७

इमेलः pranamisaccos@gmail.com

## सहयोगी

**बहुउद्देश्यीय सहकारी संस्था लि.**

**SAHAYOGI**

**Multipurpose Cooperative Ltd.**

**महालक्ष्मी न.पा.-८, क्वय् ढोका, ललितपुर**

**फोन नं. ०१-५५८०७३२**

**इमेल**: sahayogisahakari@yahoo.com

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरूमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

स्कोप
बचत तथा ऋण सहकारी संस्था लि.
SCOPE
Saving & Credit Co-operative Ltd.
सौगल-८, ललितपुर, नेपाल
फोन नं.: ०१-५५४६२५३
इमेलः scopesaccos@gmail.com

'सहकारीमा छन् जाति भाषा संस्कृति पेशा थरी थरी ।
समृद्ध नेपाल निर्माणको लागि सबैको भूमिका बराबरी ॥'
म्याग्दी
बचत तथा ऋण सहकारी संस्था लि.
MYAGDI
Saving & Credit Cooperative Ltd
गोंगबुचोक, काठमाडौं
फोन नं. : ०१-४३६५१०५, ४९८०४६७
www.myagdicoop.org.np

महिला
सहकारी संस्था लि.
WOMEN Co-operative Society Ltd.
कुलेश्वर, काठमाडौं, नेपाल
फोन नं. : ०१-४३०१६१९
इमेलः wcsmcp@yahoo.com

रूरू रेसुङ्गा
बचत तथा ऋण सहकारी संस्था लि.
RURU RESUNGA
Saving & Credit Cooperative Ltd.
हनुमानस्थान, काठमाडौं
फोन नं. ०१- ५७०७०४१

**व्यक्तित्व**

# अभियानलाई केही भएकै छैन: यज्ञराज ढुंगेल

**सहकारीमा नचिनेको व्यक्ति सदस्य हुने भन्ने त झन प्रश्नै आउँदैन । जो जहाँ बसे भए पनि चिनेको व्यक्तिलाई नै सदस्य बनाउने हो । मुख्य कुरा सहकारी संस्था चलाउने व्यक्तिहरूको आचरण र कार्यशैली कस्तो छ भन्ने कुरा हो । सहकारीमा व्यक्तिको आचरण र इमान्दारिता नै महत्वपूर्ण हुन्छ । के गर्ने र के नगर्ने भन्ने तत्व बोध गर्न सक्ने विवेकशील व्यक्तिहरूले मात्र सहकारी चलाउनुपर्छ ।**

यज्ञराज ढुङ्गेल वस्तुत शिक्षक हुन् र उनीले आफ्नो व्यवसायिक जीवन यात्रा आरम्भ गरेर अवकाश प्राप्त गरेको पेशा पनि शिक्षण नै हो । फरक फरक भूमिकामा सक्रिय हुँदै आएका दोलखाका यज्ञराज जीवनको उत्तरार्द्धमा आइपुग्दा भने शिक्षक कम सहकारी अभियन्ताको रूपमा बढी स्थापित हुन सफल छन् । हालसम्म उनीले 'हेड सर' सहित सहकारी सम्बन्धी करीब आधा दर्जन पुस्तक लेखिसकेका छन् ।

देशभरिकै सहकारीकर्मीहरूका माझमा नेपालकै उदाहरणीय सहकारी अभियन्ताको पहिचान बनाउन सफल यज्ञराज ढुङ्गेल जनसचेतन साकोसका संस्थापक हुन् । जनसचेतन साकोसलाई दोलखाको मात्र नभएर देशकै सवल, अग्रणी र उदाहरणीय संस्था बनाउन यज्ञराजको मेहेनत छ । उनी आफ्नो विगतलाई सम्झिँदै भन्छन्-'स्थानीय स्कूलमा म हेड माष्टर थिएँ । पञ्चहरूले हामीलाई दायाँ/बायाँ गर्न दिंदैनन् थिए । तर किन हो उनीहरूले नै मलाई 'साझा सहकारीको उपाध्यक्ष बनेर संस्थालाई हेर्दिनुपर्‍यो' भनी आग्रह गरे । शायद उनीहरूले त्यसो भनेको मैले लेखामा पनि दख्खल राख्छ भन्ने लागेर होला ! साझा सहकारी संस्था लि.मा क्रियाशील रहेका बेलादेखि नै म सहकारीमा लागेको थिएँ ।'



उनी थप्छन्, 'त्यो बेला कृषि विकास बैंकले साझालाई एकमुष्ट पैसा दिन्थ्यो र त्यो पैसा साझाले स्थानीय कृषकहरूलाई गाई-गोरू, खसी-बाखा र राँगा-भैंसी किन्न उपलब्ध गराउँथ्यो । त्यो साझा संस्थाका केही हर्ताकर्ताहरूले सरकारले उपलब्ध गराएको रासायनिक मलदेखि खाद्यान्न र तरकारी वालीको बिऊ आफूखुसी आफ्ना मान्छेलाई मात्र बाड्ने र स्थानीय केही व्यापारीहरूलाई समेत बेच्दा रहेछन् । त्यसो हुँदा मल र विऊ वास्तविक किसानसम्म पुग्नु अगाबै सकिने रहेछ ! शायद मलाई 'हेर्दिनुपर्‍यो' भनेको पनि त्यो कुरा पञ्चहरूलाई थाह भएर होला । साझा संस्थाका तत्कालिन हर्ताकर्ताहरूले ऋण लगानी गरेका ११ वटा तमसुक नै आफैंले थिचेर राखेका रहेछन् ! संस्थाको उपाध्यक्ष भएपछि ऋण असुली गर्न जाँदा पो थाहा भयो ! जुन ऋणिलाई सोध्दा पनि 'ऋण नै लिएको छैन' भन्छन् ! नभन्दै त्यो साझा संस्थाको हिसाब कागजमा मात्र राम्रो र व्यवहारमा सबै भताभुङ्ग भइसकेको रहेछ !'

**जनसचेतना साकोस स्थापना**

वि.सं.२०५० सालमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफस्कून) ले दोलखामा एउटा कार्यशाला गोष्ठी राखेको थियो । त्यो कार्यशाला गोष्ठीमा हेड सर यज्ञराज ढुङ्गेललाई पनि सहभागी हुने अवसर मिल्यो । त्यही कार्यशालामा उनलाई बचत तथा ऋण सहकारी संस्था खोलेर चलाउन मिल्छ भन्ने जानकारी प्राप्त भयो । त्यसपछि हेड सरले स्थानीय केही साथीहरूसंग छलफल गरेर सहकारी ऐन, २०४८ अनुसार जनसचेतना बचत तथा ऋण सहकारी संस्था लि (साकोस).को स्थापना गरिहाले । उनको अध्यक्षतामा गठन भई स्थापना भएको उक्त साकोसमा २० वर्ष अध्यक्ष पदमा रहेर योगदान गरेको स्मरण गर्दै उनी भन्छन्-'दोलखामा हामी भन्दा अगाडि दुईवटा संस्था स्थापना भइसकेका थिए । स्कूलका शिक्षक साथीहरूसंग छलफल गरी सहकारी संस्था खोल्नुपर्छ भन्ने प्रस्ताव गरें । मेरो प्रस्तावलाई शिक्षक साथीहरूले स्वीकार गर्नुभयो र हामी ३४ जना व्यक्तिहरू मिलेर प्रतिव्यक्ति २ सय रूपैयाँका दरले पैसा जम्मा गर्‍यौं । त्यसरी स्थापना भएको जनसचेतना साकोस आजको अवस्थामा आइपुग्दा साढे २ अर्बको संस्था हुनु र देशभरिकै सहकारी संस्थाहरूका लागि उदाहरणीय बन्न सफल हुनु भनेको आफैंमा गौरव गर्न लायक कुरा हो ।'

उनी त्यतिबेला सिक्ने ठाउँ समेत नभएको स्मरण गर्दछन् । तर अहिले अवसर भए पनि मानिसले सहकारी

शिक्षामा लगानी नगरेकोमा उनी चिन्तित छन् । 'पहिला त हामीलाई केही थाहा थिएन । कहाँ गएर के सिक्ने भन्ने पनि थाहा थिएन । वर्षको एक सय मात्र बचत गरेर पनि जनसचेतना साकोस चलायौं । अन्य केही स्रोत नभएपछि संस्था बन्द गर्ने हो कि भनेर पनि छलफल भयो ।



यसैबीचमा INDECUA (Institutional Development of Credit Union in Asia) ले एक कार्यक्रम गऱ्यो । त्यसपछि मात्र बल्ल थाहा भयो कि सहकारी संस्था ठूलो बनाउन सदस्यहरू धेरै बनाउनु पर्ने रहेछ । धेरै सदस्य भएपछि पैसा पनि धेरै नै जम्मा हुन्छ भन्ने थाहा भयो र हामीले सदस्य बृद्धिका लागि प्रयास गरेका थियौं । स्थापना भएदेखि २० वर्षसम्म साथीहरूले मलाई नै अध्यक्ष चयन गरेका थिए । वि.सं.२०७० सालबाट भने संस्थाको नेतृत्वदायी भूमिकाबाट मैले बिश्राम लिएको हुँ ।'

**पर्ल्स इण्डिकेर परिवर्तन भइरहन्छ**

विश्वमा कही पनि बित्तीय कारोबार सधैं शतप्रतिशत हुँदैन । कहिले सोंचे भन्दा राम्रो र कहिले सोंचे भन्दा ठीक विपरित पनि भइदिन्छ । अर्थात् बित्तीय क्षेत्रमा आवद्ध भइसकेपछि बीचबीचमा आइपर्ने बित्तीय उतारचढाव लगायतका चुनौतीहरूलाई सामना गर्दै अगाडि बढ्ने उनको राय छ । 'उतार चढाव हुन्छ भनेर नै लेखाजोखा गरिरहनु परेको हो । नेपालको सन्दर्भमा कूल कारोबारको ३ देखि ५ प्रतिशत खर्च गर्ने संस्था सहज रूपमा सञ्चालन हुन सक्छ । तर कूल कारोबारको ३ प्रतिशत पनि खर्च गर्न नसक्ने संस्थाहरूले एक जना कर्मचारी पनि पाल्न सक्दैनन् । कूल कारोबारको १० प्रतिशत खर्च गर्न पाउनु भनेको सहकारी संस्थालाई डुवाउनु हो ।' उनले भने ।

**असल व्यक्ति जति वर्ष नेतृत्वमा बसे पनि फरक पर्दैन**

'सहकारी सदस्यहरूको हितमा काम गर्ने निकाय भएको हुँदा इमान्दारिता र पारदर्शिता नै सहकारीको आत्मा हो । आफूले बनाएको बिनियमलाई 'मैले मिच्नु हुदैन' भन्ने व्यक्तिहरूले मात्र सहकारी चलाउन सक्छन् । नीति नियम एकातिर र काम अर्कोतिर हुनु भनेको व्यक्तिगत स्वार्थ हो । कानून बनाएर मात्र केही हुँदैन ।' उनी भन्छन्, 'के चोरलाई कानून बनाएर रोक्न सकिन्छ ? कानून बनाएर चोरीलाई न्युन गर्न सकिन्छ । तर निर्मूल गर्न सकिंदैन ।'

नेपालमा सहकारी क्षेत्रको वर्तमान अवस्थाबारे पनि उनी विश्लेषण गर्न पछि पर्दैन । उनको बुझाइ आमकोभन्दा अलि फरक छ । भन्छन्, 'यो अभियानका लागि राम्रो समय हो । सहकारी अभियान सकियो भन्छन् । के भएको छ र अभियान सकिनु ? अभियानलाई केही भएकै छैन । सहकारीको नाम लिएर कम्पनी चलाउनेहरूले चलाएको सहकारीमा समस्या आएको छ । त्यो त व्यवस्थापक र संञ्चालकहरूको समस्या हो । वास्तविक सहकारीमा कहाँ समस्या आएको छ ?'

सदस्यहरूबाट पैसा उठाएर गैर सहकारी क्षेत्रमा लगानी गरेको हुँदा समस्या आएको भन्दै काठमाडौं उपत्यका लगायत शहर केन्द्रित केही सहकारी बिग्रिए भन्दैमा सिङ्गो सहकारी अभियानलाई नै विग्रियो भन्न नमिल्ने उनको बुझाई छ । 'अभियान बिग्रिएको छैन । जनसचेतना साकोसको मात्र कुरा गर्नुहुन्छ भने पनि स्पष्ट हुन्छ । खै जन सचेतनमा समस्या छैन ! यस्ता सहकारी संस्थाहरू त देशभरिमा धेरै छन् । ३० हजार सहकारी संस्थाहरू मध्ये औलामा गन्न पुग्ने केही खराब नियतले चलाएका सहकारी संस्थाहरूमा समस्या आयो भन्दैमा अभियानलाई नै सकियो भन्न मिल्दैन ।' उनी अलि जोकिदै भन्छन्, 'सहकारीका नाममा सदस्यहरूसंग पैसा उठाएर अपचलन गर्नेहरूलाई त सरकारले पक्राउ गरेर उनीहरूको सम्पत्ति जफत गर्नुपर्छ र बचतकर्ताहरूको रकम फिर्ता दिनुपर्छ । जहाँसम्म एउटै व्यक्ति लामो समयसम्म सहकारी संस्थाको नेतृत्वमा बस्दा समस्या आएको भन्ने कुरा छ, त्यो म मान्दिनँ ।'

एक व्यक्ति २ कार्यकाल  भन्दा बढी सहकारी संघ/संस्थाहरूको पदाधिकारी भएर बस्न हुंदैन भन्ने कुरामा पनि उनी सहमत छैनन् । 'व्यक्तिको नियत सफा छ भने ५० वर्ष पनि एउटै व्यक्ति नेतृत्वमा बस्दा समेत फरक पर्दैन । दृष्टिकोण भएको र आफ्नो समाज र समुदायका लागि केही गर्छु भन्ने सोंच भएको असल व्यक्ति छ भने सहकारी संस्थाको नेतृत्वमा जति वर्ष बसे पनि फरक पर्दैन । तर असक्षम बदनियतको व्यक्ति एक वर्ष पनि नेतृत्वमा बस्नु हुँदैन ।' उनी भन्छन् ।

> मौजुदा नेतृत्वले युवालाई दायित्व हस्तान्तरण गर्न नचाहेर उनीहरूलाई अवसर दिंदा आफू पछाडि पर्ने हो कि भन्ने लघुताभाषले गर्दा सहकारी संघ/संस्थाहरूको नेतृत्वमा युवा तथा महिलाहरूको संख्या कम भएको हो । अर्को शब्दमा सहकारीमा युवाहरू आएका छन् । तर उनीहरूलाई नेतृत्वमा स्थापित गर्ने प्रयास भएको छैन ।'

### सहकारीमा युवाहरु किन आकर्षित भएनन् ?

युवाहरूलाई सहकारी संस्थाहरूको नेतृत्वमा अवसर नदिएका कारण उनीहरू सहकारीप्रति नै आकर्षित हुन नसकेको उनको बुझाई हो । 'तर शेयर सदस्यका रूपमा उनीहरूको सहभागीता पर्याप्त मात्रामा रहेको मैले पाएको छु । रोजगारीका दृष्टिले भन्नुहुन्छ भने शिक्षित युवाहरू आकर्षित हुन नसकेको वास्तविकतालाई स्वीकार गर्नैपर्छ ।' उनी भन्छन् । किन भन्ने कुरा भने अध्ययनको विषय बन्न सक्ने उनी बताउँछन् । तर ९१ हजार भन्दा बढी नागरिक सहकारी संघ/संस्थाहरूमा प्रत्यक्ष रोजगार भएको तथ्यलाई भने हामीले बिर्सिनु हुँदैन । सहकारीले प्रदान गरिरहेको रोजगारलाई थप व्यवस्थित र आकर्षित बनाउने भन्ने कुरा त लामो बहसको विषय हो । 'तर हामीले पनि सहकारीमा आकर्षक तलव र अन्य वित्तीय सुविधाहरू छन् भनेर बुझाउन पनि सकिरहेका छैनौं । अहिले सामाजिक सुरक्षा कोषमा अनिवार्य योगदान दिनुपर्ने भएपछि झन राम्रो भएको छ ।' उनी भन्छन् ,छन् ,'समग्रमा भन्नुपर्दा मौजुदा नेतृत्वले युवालाई दायित्व हस्तान्तरण गर्न नचाहेर उनीहरूलाई अवसर दिंदा आफू पछाडि पर्ने हो कि भन्ने लघुताभाषले गर्दा सहकारी संघ/संस्थाहरूको नेतृत्वमा युवा तथा महिलाहरूको संख्या कम भएको हो । अर्को शब्दमा सहकारीमा युवाहरू आएका छन् । तर उनीहरूलाई नेतृत्वमा स्थापित गर्ने प्रयास भएको छैन ।'

### सहकारीका नेताहरुले राजनीति पढेकाले सबै बिग्रियो

सहकारी संघहरूलाई राजनीति गर्ने थलोका रूपमा विकृत बनाइएको आरोप उनको छ । 'सहकारीका अगुवा नेताहरूले सर्वप्रथम सहकारी पढ्नुपर्ने थियो, अर्कै पढे । अर्थात् राजनीति पढे । राजनीतिले गर्दा सहकारी बिग्रियो । नेतृत्व नै राजनीतिक दलप्रति आसक्त भएपछि अन्य सबै बिग्रियो ।' उनी भन्छन्, 'त्यसैले नेपालको सहकारी अभियान ट्र्याक (लिंक) मा छैन । केही व्यक्तिहरूले अलिअलि सहकारी पढ्ने गरेको भए पनि अधिकांश सहकारीकर्मीहरू नै सहकारी पढ्दैनन् र सिद्धान्ततः निष्ठावान बनेर आचरणमा पनि बस्दैनन् । त्यही भएर नै अहिले सहकारीमा समस्या आएको हो ।' उनले सहकारी बुझेको व्यक्तिले मात्र अभियानको नेतृत्व गर्नुपर्छ भन्ने अभियानमा नै आफू रहेको बताउँछन् । 'तर दुर्भाग्य नै भन्नुपर्छ यहाँ सहकारीको नेतृत्व लिन राजनीतिक दलबाट टिकट लिनुपर्छ । दलको टिकट लिन नसकेकाले नै म अभियानबाट बाहिरिएको हुँ । एक दुई जना बदमास भए पनि गाली गर्नु, प्रायःसबै उस्तै भएपछि कतिलाई गाली गर्नु ? त्यसैले गाली गर्न नै छाडिदिएँ ।'

### सहकारीमा व्यक्तिको आचरण र जीवनशैली नै महत्वपूर्ण

'एकको लागि सबै र सबैका लागि एक' भन्ने सहकारीको विश्वव्यापी नारा सम्पूर्ण सहकारीकर्मीहरूले आफ्नो लागि गायत्री मन्त्र नै मान्नुपर्छ । मेरो लागि अरू छँदैछन् नि, मैलें त अरूका लागि काम गर्नुपर्छ । स्वयम् स्फूर्त भएर गर्ने स्वयम् सेवा नै सहकारी हो । अहिले नेपालको सहकारी अभियानमा समस्या आउनुको मुख्य कारण आफूलाई छाती फूलाएर ठूलो सहकारीकर्मी भएको प्रदर्शन गर्न खोज्ने तर सहकारीको सिद्धान्त, मूल्य, मान्यता, आदर्श र व्यवहार विपरित आचरण गर्ने प्रबृति रहेको हेड सरको अध्ययनले बताउँछन् । 'सहकारी भनेको व्यक्तिको जीवनशैली पनि हो । कस्तो जीवन यापन गर्ने भन्ने हरेक व्यक्तिले निर्णय लिन सक्छ भने जस्तै सहकारी संस्था पनि सदस्यहरूमा भर पर्छ । सदस्यहरूको आचरण र जीवनशैलीले नै सहकारीको स्तर निर्धारण गर्दछ । अरूलाई पनि आफू जस्तै बनाउनु सहकारी हो ।' भन्छन्, 'तर अहिले अरूको पैसा लिएर आफ्नो निजी सम्पत्ति संग्रह गरेर घरजग्गामा लगानी गरेका कारण नै अहिलेको समस्या आएको हो । सहकारीको सिद्धान्त, मूल्य र मान्यता अनुसार त सहकारीमा कहिल्यै पनि समस्या आउँदैन । '

सहकारी संस्थाको कार्य क्षेत्र जत्रो बनाए पनि हुने उनको बुझाई छ । तर व्यवस्थापन त्यही अनुरूपको हुनुपर्छ । शुरूवाती चरणमा सहकारीको कार्यक्षेत्र मन्दिरको घण्टी बजेको सुनिने स्थानसम्म मात्र हुनुपर्छ भन्ने थियो भनिन्छ । अब त्यस्तो कुरा गरेर पुग्दैन । यद्यपि प्रारम्भिक सहकारी संस्थाहरूको कार्यक्षेत्र एक जिल्लामा सीमित राख्दा उचित हुने उनी बताउँछन् । प्रविधिको प्रयोग गर्दै सदस्यहरूको आवश्यकता र मांग अनुसार समय सापेक्ष भएर चल्दा राम्रो हुन्छ । मूल कुरो सहकारीको नीति, सिद्धान्तमा चल्नुपर्छ । नीति र सिद्धान्तमा चल्यो भने समस्या नै आउँदैन । 'सहकारीमा नचिनेको व्यक्ति सदस्य हुने भन्ने त झन प्रश्नै आउँदैन । जो जहाँ बसे भए पनि चिनेको व्यक्तिलाई नै सदस्य बनाउने हो । मुख्य कुरा सहकारी संस्था चलाउने व्यक्तिहरूको आचरण र कार्यशैली कस्तो छ भन्ने कुरा हो । सहकारीमा व्यक्तिको आचरण र इमान्दारिता नै महत्वपूर्ण हुन्छ । के गर्ने र के नगर्ने भन्ने तत्व बोध गर्न सक्ने विवेकशील व्यक्तिहरूले मात्र सहकारी चलाउनुपर्छ ।' उनी भन्छन्- 'सहकारी संस्थालाई सदस्यमैत्री बनाउन र व्यवसायिक रूपमा सञ्चालन गर्न संस्थागत सुशासन हुनुपर्छ । सुशासन भनेको मान्छेको आचरणमा भरपर्ने कुरा हो । सहकारीको सिद्धान्त, मूल्य र मान्यता अनुसार संस्थालाई सञ्चालन गर्नुपर्छ र संस्था सञ्चालकहरूले पनि अक्षरस पालना गर्ने प्रयत्न गर्नुपर्छ । संस्थाको बिनियमलाई पूर्ण रूपमा पालना गर्ने र कार्यान्वयन गर्ने प्रण गर्नुपर्छ । व्यक्तिगत मुलाहिजा (स्वार्थ) मा लाग्नु हुँदैन । नीति, विधि र प्रविधिलाई आत्मसाथ गरेर अरूको लागि आफूले केही गर्न सकियो भने आफ्ना लागि अरू भइहाल्छन् ।'

### सहकारीमा भाषण

सहकारी संघ/संस्थाहरूमा समस्या आउनुका कारणहरू मध्ये एउटा भाषण मात्र दिनु रहेको उनको बुझाई छ । 'सहकारीमा भाषण गराउने नै होइन । बाहिरको व्यक्तिलाई ल्याएर त झन भाषण गर्ने नै होइन । वार्षिक साधारणसभा भनेको छ, राजनीतिक दलहरूको नेतादेखि गैर सहकारी अनेक व्यक्तित्वहरूलाई बोलाएर भाषण गराउँछन् । शेयर सदस्यहरू उठेर हिडिसकेका हुन्छन् तर नेताको भाषण सकिएकै हुँदैन । गाउँको विकास गर्न भनेर सहकारी अभियान चलाएको भाषणले गर्दा नै गाउँ खाली भइसकेका छन् ।'

### सहकारी अभियानको भविश्य सधैं उज्ज्वल

सहकारी अभियानको भविश्य उज्वल छ । 'बदनियतले स्थापना भएका सहकारी संस्थाहरू सबै मर्छन् । त्यस्ता सहकारी संस्थाहरूको नेतृत्वले जनताको पैसा उठाएर घर जग्गामा लगाएका छन् र व्यक्तिगत लाभ लिएका छन् । सहकारीमा बसेर निजी लाभका लागि बदमासी गर्नेहरूलाई अभियानले बचाउन खोज्नु भनेको क्यान्सर रोगलाई लुकाएर मान्छेलाई बचाउन खोज्नु जस्तै हो ।' उनी भन्छन्, 'यदि सहकारीलाई बदनाम गर्नेहरूलाई कार्वाही नगरी जोगाउन खोजिन्छ भने सिङ्गो अभियान नै सखाप हुन्छ । आश्चर्यको कुरा त तिनीहरूलाई नै अभियानले जोगाउनु पर्ने ! त्यस्ता सबै मर्नुपर्छ र अब त्यसो गर्नेहरू पनि मर्नुपर्छ ।'

'मर्ने जति मरिसकेपछि बँचेखुँचेकाहरू रहन्छन् । तिनै बँचेखुँचेकाहरू फेरि राम्रो हुन्छन् । त्यसपछि मात्र सहकारी अभियान अगाडि बढ्छ । मेरो नजरमा इमान्दार सहकारी संस्थाहरू कुनै बिग्रिएका छैनन् । शायद त्यसैले होला म त सहकारी अभियानको भविश्य सधैं उज्ज्वल देख्छु ।' उनी भन्छन् ।

### सहकारीको आदर्श व्यक्ति बन्न बाँकी छ

'नेपालमा सहकारीको आदर्श व्यक्ति बन्नै बाँकी छ । सहकारी बुझेर मात्र हुँदैन । सहकारी बुझेर आचरणमा बस्ने व्यक्ति नै सहकारीको आदर्श व्यक्ति हुन्छ । तर मेरो दृष्टिमा त्यस्तो व्यक्ति नै भेट्टाउन सकेको छैन ।' *(प्रस्तुतिः केदार बाँस्कोटा)*

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरुमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


## स्टार

**बहुउद्देश्यीय सहकारी संस्था लि.**

**Star**

**Multipurpose Cooperative society Ltd.**

विराटनगर-१२, रोडशेषचौक, विराटनगर, मोरङ

फोन नं.: ०२१-४७४८९८

इमेल: starcoop71@gmail.com






## नोबल

**बहुउद्देश्यीय सहकारी संस्था लि.**

**NOBAL**

**Multipurpose Cooperative Ltd.**

मानभवन, ललितपुर

फोन नं.: ०१-५५२००१९, ५००८२४५




# सहकारीमा पठन संस्कृति बढ्यो





केदार बाँस्कोटा

अध्ययन, चिन्तन र मनन् भन्दा पनि सहकारी व्यवसायको दीगो विकास र स्थायित्वका लागि नीतिगत र व्यवस्थापकीय काममा नै प्रायः सधैं व्यवस्त भइरहने सहकारी अभियानका अगुवा नेताहरूमा पछिल्लो समय पठन संस्कृति बढ्न थालेको छ ।

विश्व व्यापी कोरोना महामारी र त्यस लगत्तै सहकारीमा पनि बित्तीय समस्या चुलिएर छताछुल्ल भएर पोखिन थालेपछि सहकारीका अगुवा नेताहरूमा पठन संस्कृति बढ्न थालेको हो ।

केही अगुवा सहकारी अभियान्ताहरूले सहकारी सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय पुस्तकहरू पढ्दै गरेको बताएका छन् भने केहीले सहकारी सम्बन्धी नीति निर्माताहरू मध्येकै भएकाले सहकारी अभियानलाई आवश्यक पर्ने नीति वा कानून यस्तो हुनुपर्छ भनेर सिफारिस गर्नुकासाथै सहकारीको विश्वव्यापी सिद्धान्त, मूल्य, मान्यता र आदर्शसहितको सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ मा समावेश गर्न सुझाव दिएको समेत बताएका छन् ।

त्यस्तै केही अगुवा सहकारी अभियन्ताहरूले ठ्याक्कै यसै लेखकको यही किताब पढेको भन्नुभन्दा पनि नेपालको सहकारी अभियानमा बेलाबेलामा आइरहने समस्याहरूलाई लिएर लेखिएका र पत्रपत्रिकाहरूमा प्रकाशित भएका समाचार, लेख-रचना, प्रतिवेदन र समीक्षात्मक टिप्पणीहरू पढ्ने र संग्रह गर्नेतिर बढी ध्यान केन्द्रित हुने गरेको बताएका छन् । कतिपयले सहकारी अभियान व्यवसायिक बन्न नसकेकोमा दुःख व्यक्त गरेका छन् भने कतिपयले नीति, नियम, सिद्धान्त, मूल्य मान्यता र आदर्शको पालना गर्नमा नेपाली सहकारी अभियान चुकिरहेको गुनासो गरेका छन् ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेलले सहकारी सम्बन्धी प्रायः सबै पुस्तकहरू भएसम्म पढ्ने गरेको बताउँदै पत्रपत्रिकाहरूमा प्रकशित सहकारी सम्बन्धी लघुबित्त र बित्तीय लेख, समीक्षा र समाचारहरू नछुट्टाई पढ्न मन लाग्छ । अग्रज सहकारीकर्मीहरूले लेख्नु भएका कितावलाई पनि छुटाउन मन लाग्दैन । अहिले केशव बडाल सरकै किताव पढिरहेको छु । तर पछिल्लो समय भने धार्मिक किताबहरू पढ्नतिर मन आकर्षित हुन थालेको छ ।

सहकारी र राजनीति सम्बन्धी करीब डेढ दर्जनको हाराहारीमा पुस्ताकहरू प्रकाशन गरिसक्नु भएका पूर्वमन्त्री एवं राष्ट्रिय सहकारी महासंघका निर्वमान अध्यक्ष केशव बडालले नोबेल पुरस्कार विजेता भारतीय अर्थशास्त्री अमर्त्य सेनको "Roll of Cooperative" र "गरीबी और अकाल" अध्ययन गरिरहेको र यसपछि "The Hidden Alternative

सहकारी अभियन्ताहरूले ठ्याक्कै यसै लेखकको यही किताब पढेको भन्नुभन्दा पनि नेपालको सहकारी अभियानमा बेलाबेलामा आइरहने समस्याहरूलाई लिएर लेखिएका र पत्रपत्रिकाहरूमा प्रकाशित भएका समाचार, लेख-रचना, प्रतिवेदन र समीक्षात्मक टिप्पणीहरू पढ्ने र संग्रह गर्नेतिर बढी ध्यान केन्द्रित हुने गरेको बताएका छन् ।

Cooperative Vallu Past, Present & Future" अध्ययनको प्राथमिकतामा रहेको बताउनुभयो ।

अर्का अगुवा सहकारी अभियन्ता एवं बागमती प्रदेशका पूर्व मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले ठ्याक्कै किताबको नाम लिएर भन्नुभन्दा पनि नेपालको सहकारी अभियानलाई नीतिगत र व्यवस्थापकीय दृष्टिले सवल बनाउनका लागि आवश्यक पर्ने कानून निर्माताहरू मध्येको एक भएकाले प्रायः सधैं सहकारी सम्बन्धी विभिन्न पुस्तक र पत्रपत्रिकाहरू पढिरनु पर्ने बताउनुभयो । सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ र हाल संसदमा प्रस्तावित केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकमा समावेश गर्नका लागि समेत तीन खम्बे अर्थनीतिलाई सवल बनाउनका लागि सहकारीमैत्री कर नीति आउनुपर्ने सुझाव दिएको बताउँदै नेपाल स्वास्थ्य केन्द्रीय सहकारी संघका पूर्व अध्यक्ष समेत रहिसक्नु भएका सांसद पाण्डेले हरेक दिन एउटा न एउटा सहकारी संस्था समस्यामा परिरहँदा समेत अभियानकर्ताहरू भाषण मात्र गर्दै हिडिरहेको बताउनुभयो । साथै उहाँको गुनासो छ–अनुगमन गर्ने नसक्नेगरी सहकारी संस्थाहरू स्थापना भएकाले अनियन्त्रित भइरहेको छ र भिडतन्त्रले सहकारीमा अराजकता बढाइरहेको छ । तर अगुवा सहकारी अभियानकर्ताहरूले राम्रा सहकारी संस्थाहरूप्रति ध्यान दिनै सकेनन् ।'

पूर्वमन्त्री एवं राष्ट्रिय सहकारी महासंघका संस्थापक अध्यक्ष दीपक प्रकाश बाँस्कोटाले सहकारीको विकास र स्थायित्वका लागि नेपाललाई आवश्यक पर्ने सान्दर्भिक पुस्तकको लेखन तथा प्रकाशनको तयारीमा लागिरहेको बताउँदै राजनीति र सहकारी नै आफनो जीवन भएकाले सहकारी सम्बन्धी मात्र नभएर आवश्यकता र रूचीका आधारमा पुस्तक पढ्ने बानी रहेको बतानुभयो । धेरै वर्ष पहिला नै अध्ययन गरिसकेको खप्तड बाबाको "बिचार विज्ञान" र "स्वास्थ्य विज्ञान" पुस्तक दोहोऱ्याएर पढिरहेको बताउनुभयो ।

त्यस्तै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका पूर्व अध्यक्ष तथा सहकारीविद कैलाश भक्त प्रधानाङ्ग आफ्नो अध्ययनको विषय नै सहकारी भएकाले लामो समयदेखि सहकारी सम्बन्धी किताब र पत्रपत्रिकाहरूमा प्रकाशित हुने लेख, समाचार, टिप्पणी र समीक्षाहरू पढ्ने र संकलन गर्ने गरेको बताउनुहुन्छ । विगत २३/२४ वर्षदेखि नेपालबाट प्रकाशित हुने कुन पत्रिकाले सहकारीको विषयमा कहिले के प्रकाशन गरेको छ भन्ने कुरा पाएसम्म आफूले संकलन गर्दै आइरहेकाले ठ्याक्कै यही पुस्तक पढ्दै गरेको भन्ने नै हुँदैन भन्दै उहाँले सहकारीको कानूनी सुधार र व्यवसायिक सुद्धतामा आफ्नो ध्यान केन्द्रित हुन थालेको बताउनुभयो ।




राष्ट्रिय सहकारी महासंघका सञ्चालक तथा राष्ट्रिय सहकारी बैंक लि.का अध्यक्ष के.बी.उप्रेती "समृद्ध अर्थतन्त्रका लागि सहकारी" र सहकारी समस्या समाधान कार्यदलले तयार पारेको बित्तीय प्रतिवेदन अध्ययन गरिहेको बताउनुहुन्छ । आफ्नो सम्पूर्ण जीवन नै सहकारीमा समर्पित भएकाले सहकारी सम्बन्धी गहन लेख र पुस्तकहरू अध्ययन गर्नु मेरा लागि आवश्यकता हो । तर दुःखको कुरा बित्तीय क्षेत्रमा मान्छेको जीवनमा जस्तै बेलाबेलामा उतार चढावहरू आउने गर्दछ भन्ने आम सहकारीकर्मीहरूलाई बुझाउनै सकिएन । सहकारी भनेको हाम्रै संस्था हो, समस्यामा पर्दा सदस्यहरूले नै बचाउनुपर्छ भनेर सहकारीका शेयर सदस्यहरूले बुझेर व्यबहार गरिदिए अहिलेको समस्या कहिल्यै आउने थिएन । आफ्नो सहकारी संस्थासंग बुझ्ने भन्दा पनि शेयर सदस्यहरू हल्लाको पछि लाग्दा अहिलेको समस्या आएको हो ।

त्यस्तै राष्ट्रिय सहकारी महासंघका सञ्चालक तथा नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष खेम बहादुर

पाठकलाई सहकारी, लघुबित्त र कृषि सम्बन्धी पुस्तक, लेख-रचना र समाचारहरू खोजीखोजी पढ्न मन लाग्छ । उहाँ भन्नुहुन्छ-सहकारीलाई जोखिमबाट बचाउन सकिने, बित्तीय साक्षरता सम्बन्धी बिश्लेषण, कृषिमा आधुनिक औजारको प्रयोग, किसानलाई हित हुने स्वस्थकर सहकारी व्यवसायको विकास र प्रवर्द्धनमा वल पुऱ्याउने, कृषि सहकारीको बजार विस्तार र प्रवर्द्धन गर्ने खालको लेख र पुस्तकहरू पढ्नु मेरो आवश्यकता हो । रूची लाग्ने सहकारी सम्बन्धी प्रायः सबै पाठ् यसामग्रीहरू पाएसम्म पढ्छु । सहकारीमा अहिले समस्या आयो भन्दैमा आत्तिहाल्नु पर्ने अवस्था छैन । समस्या आन्तरिक र चुनौती बाह्य हुन्छ । अहिले सहकारीमा समस्या हैन चुनौती आएको छ ।'

नेपाल पशुपंछी तथा मत्स्य केन्द्रीय सहकारी संघका अध्यक्ष बाबुराम अधिकारी यतिबेला ठ्याक्कै यही किताव पढिरहेको भन्ने नभएर पनि केशव बडाल सर र चित्रा कुमारी थाम्सुहाङ सुब्बाले लेख्नु भएको सहकारी सम्बन्धी किताबहरू पढेको छु । म पशुपंछी सहकारीसंग जोडिएकाले हाल पुस्तक पढ्ने भन्दा पनि पशुपंछीको स्वास्थ्यमै ध्यान केन्द्रित गरेको छु । ८ लाख भन्दा बढी चौपाया पशुहरू लम्की स्कीन नामक रोगबाट प्रभावित भइसकेका र हजारौंको संख्यामा मरिसकेका छन् । मानिसमा नसर्ने भए पनि सो रोगको औषधि हाल नभएकाले पशुचिकित्सकहरूले रोकथामका लागि आफ्नो क्षमताले भ्याएसम्म काम गरिरहेका छन् । सचेतना अपनाइएको भए पनि ७७ वटै जिल्लामा यो रोग भयावह अवस्थामा हुँदा किसानहरू ठूलो मर्कामा परेका छन् ।

यसैगरी नेपाल पर्यटन केन्द्रीय सहकारी संघका अध्यक्ष रामशरण शर्मा घिमिरे सहकारी सम्बन्धी पछिल्लो समय पढेको पुस्तक हो-**"के.बी."** भन्नुहुन्छ । उहाँ भन्नुहुन्छ-सहकारी सम्बन्धी प्रकाशित सामग्री र पोर्टलहरू नछुटाई हेर्न मन लाग्छ । त्यसमा पनि पर्यटनसंग जोडिएका श्रब्य दृश्य सामग्रीहरू मेरो विशेष रूचीको क्षेत्र भएकोले त्यसैमा बढी ध्यान दिएर पढ्छु ।'

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल पछिल्लो डा. दीपक प्रकाश बाँस्कोटाको सहकारी अभियानसंग जोडेर लेखिएको पुस्तक **"निष्ठाको यात्रा"** पढिरहेको बताउनुहुन्छ । सहकारी अभियानमा आवद्ध भएकाले सहकारी सम्बन्धी विभिन्न पुस्तक, पत्रपत्रिका र नीति, नियमहरू आवश्यकता अनुसार अध्ययन गरिरहनुपर्ने बताउँदै राष्ट्रिय सहकारी महासंघका पूर्व सञ्चालक समेत रहिसक्नु भएका ढकाल अभियानका अग्रजहरूले लेखेका प्रायः सबै पुस्तकहरू पढ्ने गरेको बताउनुहुन्छ । उहाँ बताउनु हुन्छ-केशव बडालको **"समाजवाद तर्फको यात्रामा सहकारी"** र **"स्वतन्त्रता र स्वायत्तता"** के.बी. उप्रेतीको **"के.बी."** लगायतका पुस्तकहरू आफूले अध्ययन गरिसकेको छु ।'

सहकारी अभियानले परिस्थितिलाई चिरेर प्रारम्भिक संस्थादेखि केन्द्रीय सहकारी संघसम्मलाई विगतकै लयमा चलायमान गराउनुको विकल्प नरहेको बताउनु हुने वरिष्ठ उपाध्यक्ष ढकाल बित्तीय कारोबार गर्ने सहकारी संघ/संस्थाहरूमा बृद्धि हुँदै गएको तरलताले विश्वासको वातावरण सिर्जना हुदै गएको आभाष हुन थालेको बताउनुहुन्छ । उहाँको कथन छ-सरकार र अभियान मिलेर सहकारीको सदस्य भएको भ्रममा बचत गर्नेहरूको रकम सुरक्षित गर्ने र फिर्ता दिंदै जानुपर्छ र ग्राहकको रूपमा मात्र लिएर सहकारीको नाममा बजारबाट पैसा उठाउने बदनियत भएका गैरसहकारी चरित्र भएका र सहकारीको रकम अपचलन गर्नेहरूलाई प्रचलित कानून अनुसार दण्ड सँजाय नगर्ने हो भने हाल हौलाएको अराजकता पुनः दोहोरिन सक्दैन भन्न सकिंदैन ।'


# शुभकामना

**वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरुमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

## हसना भास्तिपुर
**बचत तथा ऋण सहकारी संस्था लि.**

**HASANA BHASTIPUR Saving & Credit Cooperative Ltd.**

**प्रधान कार्यालय :**
चन्द्रागिरी, नपा.-१२, बलम्बु (भास्तिपुर) काठमाडौं
फोन नं. ०१-४३१६१७३, ४३१६१७४

**सेवा केन्द्र**
चन्द्रागिरी, नपा.-१२, हाइवे बलम्बु, काठमाडौं
फोन नं. ०१-४३१०९६०, ४३१०५७१

चन्द्रागिरी, नपा.-९, मच्छेगाँउ, टौखेल, काठमाडौं
फोन नं. ०१-५२१४१७५

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरूमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अग्रज**
बचत तथा ऋण सहकारी संस्था लि.
डल्लु-१५, काठमाडौं, नेपाल
फोन नं.: ०१-५३७३९८३

**जनधन**
बचत तथा ऋण सहकारी संस्था लि.
कालिमाटी, काठमाडौं
फोन नं.: ०१-४२८३६८४

**सर्वश्री**
बचत तथा ऋण सहकारी संस्था लि.
कटुन्जे-८, सूर्यविनायक, भक्तपुर,
फोन नं.: ०१-५०९२१४३

**भोलेनाथ**
बचत तथा ऋण सहकारी संस्था लि.
लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: ०१-४००५०२४, २०५१६१२

**शोभाश्री**
बचत तथा ऋण सहकारी संस्था लि.
बसुन्धरा, काठमाडौं
फोन नं. ०१-४९६२१५३, ९६६२१९१

**कालीगण्डकी**
सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.
गोगंबु, काठमाडौं
फोन नं.: ०१-४३६२९२६

**सहकारी ऋण कोष**
बचत तथा ऋण सहकारी संस्था लि.
ज्यागल, कोपुण्डोल, ललितपुर
फोन नं. ०१-५५३०५८१, ५२६१२११

**ब्राइट**
बचत तथा ऋण सहकारी संस्था लि.
बागबजार, काठमाडौं
फोन नं. ०१-४२३९५८४, ४२२०८९१

# सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही १० लाख थपिए



पछिल्लो पाँच वर्षको अवधिमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको सङ्ख्या करिब दश लाखले बढ्दा सोही अवधिमा सरकारले सामाजिक सुरक्षातर्फ व्यहोर्नुपर्ने दायित्वको अंश करिब चारगुणाले बढेको देखिएको छ ।

चालु आर्थिक वर्षको बजेट प्रस्तुत गर्दैगर्दा अर्थमन्त्री डा प्रकाशशरण महतले तलबभत्ता, प्रशासनिक खर्च, सामाजिक सुरक्षा, सार्वजनिक ऋणको साँवा–ब्याज भुक्तानीका लागि मात्रै सरकारले रु १२ खर्ब ८० अर्ब बराबर विनियोजन गर्नुपरेको उल्लेख गर्नुभएको थियो । यी शीर्षकको खर्च सरकारको अनिवार्य दायित्व हो ।

चालु आवका लागि कुल रु १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट ल्याएको सरकारले सामाजिक सुरक्षातर्फ खर्च गर्नका लागि मात्रै कुल वार्षिक विनियोजनको नौ प्रतिशत अर्थात् रु एक खर्ब ५७ अर्ब ७३ करोड बराबर छुट्याइएको छ । नागरिकको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा उपभोगमा सहयोग पुऱ्याउने उद्देश्यले सरकारले गैरयोगदानमूलक कार्यक्रमका रूपमा सञ्चालन गर्दै आएको सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीको सङ्ख्या बढ्दो क्रममा देखिएको छ ।

लाभग्राहीको सङ्ख्या बढेसँगै त्यसको दायित्व बहनका लागि सरकारलाई आर्थिक भार पनि क्रमशः बढ्दो क्रममा छ । सामाजिक सुरक्षातर्फ सरकारलाई वर्षेनी बढिरहेको दायित्वबारे गम्भीर भएर सोच्नुपर्ने र सामाजिक सुरक्षा कार्यक्रमलाई पुर्नपरिभाषित गर्नुपर्ने बेला आएको अर्थतन्त्रका जानकार बताउनुहुन्छ । राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा पुष्पराज कँडेल सामाजिक सुरक्षाका कार्यक्रमबाट राज्यलाई पर्न गएको भारलाई सन्तुलन र व्यवस्थित बनाउन आवश्यक भइसकेको बताउनुहुन्छ ।

नेपालको औसत आयु बढिरहँदा बृद्धभत्ता पाउने उमेर हद बढाउनुपर्ने र दोहोरो सुविधा हटाइनुपर्ने उहाँको भनाइ छ । "नेपालीको औसत आयु बढेसँगै वृद्धभत्ता पाउने उमेर हद बढाउँदै लैजान आवश्यक छ । नक्कली बिल भरपाई बनाई दोहोरो सुविधा लिने लाभग्राहीलाई कडा सजायको व्यवस्था गरी राज्यको सम्पत्ति दुरुपयोग हुनबाट जोगाउनुपर्छ", कँडेलले राससससँग भन्नुभयो, "लोककल्याणकारी राज्यमा सरकार सामाजिक सुरक्षाको दायित्वबाट अलग हुन सक्दैन । वास्तविक लाभग्राहीलाई भत्ताबाट बञ्चित नबनाउने र दुरुपयोगबाट जोगाउने काम सरकारले गर्नुपर्छ ।"

पछिल्ला वर्षहरूमा निरन्तर बढ्दो क्रममा रहेको सामाजिक सुरक्षातर्फको दायित्वलाई व्यवस्थित गर्न भत्ता आवश्यक पर्ने लक्षित वर्गको पहिचान गरी त्यसको वितरण प्रणाली व्यवस्थित गर्न आवश्यक रहेको धारणा अर्थविद् डा चन्द्रमणि अधिकारी राख्नुहुन्छ । सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही पहिचानमा राज्य चुकेको उहाँको बुझाइ छ । "जसलाई सामाजिक सुरक्षा भत्ता आवश्यक छ सोही वर्गलाई जीवन धान्ने गरी दिनुपर्छ । आर्थिक रूपमा सम्पन्न वर्गलाई पनि भत्ता वितरण गरी राज्यमाथि आर्थिक भार थप्नु ठीक होइन । राज्यको अनिवार्य दायित्वको रूपमा रहेको सामाजिक सुरक्षा भत्तालाई अब नयाँ ढङ्गले सोच्न आवश्यक छ" उहाँले भन्नुभयो ।

सामाजिक सुरक्षा भत्ता कार्यक्रमको परिभाषा, मापदण्डलाई समयानुकूल परिमार्जन गरी सोहीअनुरूप कार्यविधि तयार पार्नुपर्ने उहाँको भनाइ छ । सामाजिक सुरक्षा वितरणका लागि नीतिगत सुधारमार्फत् दोहोरो सुविधा हटाउनुपर्ने, उमेर हदलाई बैज्ञानिक बनाई बढ्दो भारलाई सन्तुलिन गर्न सकिने उहाँ बताउनुहुन्छ ।

### कति छन् सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही ?

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागअन्तर्गतको सामाजिक सुरक्षा शाखाका अनुसार आव २०७५/७६ मा सामाजिक सुरक्षा भत्ता पाउने मानिसको सङ्ख्या २८ लाख २७ हजार पाँच सय १८ थियो । गत आव २०७९/८० सम्म आइपुग्दा यस्तो सङ्ख्या ३८ लाख दुई सय ७७ जना पुगेको छ । यो तथ्याङ्क हेर्दा पछिल्लो पाँच वर्षमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको सङ्ख्या नौ लाख ७२ हजार सात सय ५९ जनाले बढेको छ । सामाजिक सुरक्षा ऐन, २०७५ को पछिल्लो संशोधित व्यवस्थाअनुसार ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने, लोपोन्मुख जातिलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार रहेको छ ।

आव २०७६/७७ मा कुल भत्ता पाउने लाभग्राहीको सङ्ख्या तीस लाख ६२ हजार दुई सय २७ जना थियो । जुन अघिल्लो आवको तुलनामा दुई लाख ३४ हजार सात सय नौ जनाले बढी हो । त्यस्तै आव २०७७/७८ मा यस्तो भत्ता पाउने लाभग्राहीको सङ्ख्या ३४ लाख ५५ हजार चार सय ४६ जना पुगेको देखिन्छ । जुन त्यो भन्दा अघिल्लो आवको तुलनामा तीन लाख ९३ हजार दुई सय १९

ले बढी हो ।

सामाजिक सुरक्षा भत्ता पाउन लाभग्राहीको सङ्ख्या अघिल्लो आव २०७८/७९ मा ३६ लाख दुई हजार सात सय पाँच पुगेको देखिन्छ । जुन यस अघिको आवको तुलनामा एक लाख ४७ हजार दुई सय ५९ ले बढी हो भने गत आवमा आव २०७८/७९ को तुलनामा एक लाख ९७ हजार पाँच सय ७२ ले बढी हो ।

लोककल्याणकारी राज्यको उद्देश्य प्राप्तिका लागि 'कोखदेखि शोकसम्म सामाजिक सुरक्षा' भन्ने नारा लिएर गर्भावस्थादेखि मृत्यु संस्कारसम्म जीवनचक्रका सबै चरणमा सामाजिक सुरक्षाको प्रत्याभूत गराउने सरकारको नीति छ । चालु आव २०८०/८१ का लागि मात्रै सरकारले ज्येष्ठ नागरिक भत्तालगायत सामाजिक सुरक्षा कार्यक्रमका लागि रु एक खर्ब ५७ अर्ब ७३ करोड बजेट विनियोजन गरेको छ ।

सरकारी वा सार्वजनिक पदमा वहाल रहेको व्यक्ति, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सङ्गठित संस्थाबाट नियमित रूपले पारिश्रमिक, निवृत्तीभरण, अवकाश सुविधा वा अन्य सुविधा पाइरहको व्यक्तिले भने सामाजिक सुरक्षा भत्ता पाउँदैनन् । भत्ता वितरणका लागि वास्तविक लाभग्राही पहिचानमा समस्या हुने गरेको, दोहोरो सुविधा लिने गरेको, लाभ लिनुपर्ने केहि व्यक्ति छुटेकोलगायतका समस्या विगत वर्षदेखि नै सुनिने गरेका छन् ।

अहिले सामाजिक सुरक्षा भत्ताको भुक्तानी बैंकिङ प्रणालीबाट हुने भएकाले विगतमा जस्तो दोहोरोपन नरहेको र पारदर्शीता बढेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागअन्तर्गतको सामाजिक सुरक्षा शाखाका निर्देशक दिलकुमार तामाङ बताउनुहुन्छ । "भत्ता पाउनुपर्नेले नपाएको, मृत्यु भइसकेकाले लगत कट्टा नगरेको लगायतका केही त्रुटिलाई विभागले नियमित अनुगमन र नियमन गरिरहेको छ । सामाजिक सुरक्षा भत्ता वितरणमा भएको अनियमिततालाई रोक्न बैङ्कि प्रणालीमा आवद्ध भएका हौँ । यसलाई अझ थप प्रभावकारी बनाउन विद्युतीय माध्यमबाट (इएफटी) रकम भुक्तानी गर्ने क्रममा छौँ" उहाँले भन्नुभयो ।

सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई थप व्यवस्थित बनाउन विभाग यो वर्षभरिमा सबै पालिकामा विद्युतीय भुक्तानी प्रणाली (इलेक्ट्रोनिक फन्ड ट्रान्सफर-इएफटी) बाट भत्ता वितरण गर्ने तयारीमा रहेको निर्देशक तामाङ्ले जानकारी दिनुभयो । "गत आर्थिक वर्षमा ५० वटा पालिकामा इएफटी लागु गरेका थियौँ । चालु आर्थिक वर्षको पहिलो चौमासिकमा एक सय ९० पालिकामा गरिसक्ने र वर्षभरिमा सबै पालिकामा इएफटीबाट भत्ता वितरण गर्ने योजनामा छौँ" उहाँले भन्नुभयो ।

यसअघि सामाजिक सुरक्षाको रकम स्थानीय तहले तयार पारेको लाभग्राहीको अद्यावधिक विवरण र भुक्तानी आदेशको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित लाभग्राहीको बैंक खातामा भुक्तानी हुने गरेको थियो । अब इएफटीमा आवद्ध भएसँगै सिधैं पालिकाले लाभग्राहीको खातामा भत्ता जम्मा गर्न सकिने जनाइएको छ । लाभग्राहीको सङ्ख्यामा भएको वृद्धिसँगै प्रत्येक वर्ष खर्च निकासा बढिरहेको बताउनुहुँदै निर्देशक तामाङले भत्ता वितरणलाई थप व्यवस्थित बनाउन विभागले अध्ययन गरिरहेको समेत जानकारी दिनुभयो ।

### पछिल्लो पाँच वर्षमा चार गुणाले बढ्यो आर्थिक दायित्व

सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको सङ्ख्या बढेसँगै यसका लागि सरकारले वर्षेनी व्यहोर्दै आएको आर्थिक दायित्व पनि थपिँदै गएको छ । विभागका अनुसार आव २०७५/७६ का लागि सरकारले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनका लागि रु ४० अर्ब ९९ करोड १३ लाख ८६ हजार बजेट विनियोजन गरेको थियो । जसमध्ये उक्त आवमा रु ४० अर्ब २१ करोड ९६ लाख ७९ हजार बराबर खर्च भएको थियो । यस्तो रकम चालु आवसम्ममा आइपुग्दा रु एक खर्ब ५७ अर्ब ७३ करोड बराबर पुगेको छ । जुन करिब चार गुणाले वृद्धि हो ।

आर्थिक सर्वेक्षण २०७९/८० अनुसार आव २०७६/७७ का लागि रु ६८ अर्ब ३१ करोड चार लाख ७८ हजार बराबर विनियोजन भएकोमा रु ६६ अर्ब २२ करोड १७ लाख ५२ हजार बराबर खर्च भएको थियो । त्यस्तै, आव २०७७/७८ का लागि सरकारले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनका लागि रु ७० अर्ब ३९ करोड छुट्याएकामा रु ६८ अर्ब ६५ करोड बराबर खर्च भएको देखिन्छ । त्यस्तै अघिल्लो आव २०७८/७९ मा रु ९८ अर्ब एक करोड विनियोजन भएकोमा रु ९६ अर्ब ६ करोड बराबर खर्च भएको थियो । त्यस्तै, २०७९/८० मा सामाजिक सुरक्षा भत्ता वितरणका लागि सरकारले रु एक खर्ब पाँच अर्ब ७१ करोड बराबर विनियोजन गरेको थियो । जुन रकम गत आर्थिक वर्षका लागि सरकारले गरेको कुल बजेट विनियोजनको करिब छ प्रतिशत बराबर हो ।

### कस्ता व्यक्तिले पाउँछन् सामाजिक सुरक्षा भत्ता ?

सामाजिक सुरक्षा ऐनको व्यवस्थाअनुसार ज्येष्ठ नागरिक, अन्य ज्येष्ठ नागरिक र दलित नागरिक, एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख जाति र बालबालिका गरी सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही आठ प्रकारका रहेका छन् । गत असार मसान्तसम्म सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही सङ्ख्याको आधारमा ६८ वर्ष उमेर पुगेका १६ लाख २७ हजार नौ सय २१ जना ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता पाइरहेका छन् । ज्येष्ठ नागरिकले मासिक रु चार हजा वृद्धभत्ताका रूपमा पाइरहेका छन् ।

साठी वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरूका नागरिक र दलित समुदायका व्यक्तिले मासिक दुई हजारका दरले भत्ता पाउँछन् । गत असार मसान्तसम्ममा यस्तो भत्ता पाउने व्यक्तिको सङ्ख्या एक लाख ६९ हजार चार सय २३ जना रहेको छ । त्यस्तै, ६० वर्ष उमेर पुगेका सम्बन्धविच्छेद गरी अर्को विवाह नगरेका वा न्यायिक पृथकीकरण गरी बसेका महिलालाई र पतिको मृत्यु भएको ६० वर्ष उमेर पुगेका एकल महिला लाभग्राहीको सङ्ख्या दुई लाख १२ हजार छ सय ७० रहेको छ । यस्ता व्यक्तिलाई मासिक दुई हजार छ सय ६० का दरले भत्ता वितरण हुने गरेको छ । पतिको मृत्यु भएका विधवा महिलाको सङ्ख्या तीन लाख ६१ हजार एक सय ६१ जना रहेको छ । विधवालाई मासिक रु दुइ हजार छ सय ६० दरले सामाजिक सुरक्षा भत्ता वितरण हुने गरेको छ ।

पूर्ण अपाङ्गता भएका 'क' वर्ग' अर्थात् रातो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका व्यक्तिले मासिक तीन हजार नौ सय ९० दरले भत्ता पाउँछन् । गत असार मसान्तसम्ममा यस्ता सुविधा पाउने लाभग्राहीको सङ्ख्या ६६ हजार दुई सय ८१ जना रहेको छ । अति अशक्त अपाङ्गता भएका 'ख वर्ग' अर्थात् नीलो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका एक लाख ३८ हजार सात सय १६ लाभग्राही छन् । उनीहरूलाई मासिक रु दुइ हजार एक सय २८ बराबर भत्ता वितरण हुने गरेको छ ।

लोपोन्मुख आदिवासी तथा जनजातिअन्तर्गतका कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया गरी २२ हजार दुई सय आठ जनालाई मासिक तीन हजार नौ सय ९० का दरले भत्ता वितरण भइरहेको छ । सरकारले तोकेका निश्चित क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाँघेका एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानसम्मले मासिक रु पाँच सय ३२ का बराबर सामाजिक सुरक्षा भत्ता पाउँछन् । यस्तो सुविधा पाउने लाभग्राहीको संख्या गत असार मसान्तसम्ममा १२ लाख एक हजार आठ सय ९७ जना रहेको छ ।

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरुमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भक्तपुर जिल्ला**
**बचत तथा ऋण सहकारी संघ लि.**
सुर्यविनायक, भक्तपुर
फोन नं. : ०१-६६१४६०५

दर्ता नं.: ८७/०५६/०५७
भूतपूर्व ब्रिटिस गोर्खाली समूह तथा परिवारबाट सञ्चालित
**मितेरी**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**MITERI SAVING & CREDIT CO-OPERATIVE SOCIETY Ltd.**
Mahalaxmisthan-5, Lalitpu, Nepal
Tel : +977-1-5541144, 5550697
Fax : +977-1-5551530

**नव युवा**
**बचत तथा ऋण सहकारी संस्था लि.**
मिखाबहाल-११, ललितपुर
फोन नं. : ०१-५५५४४५८

**धौलाश्री**
**बहुउद्देश्यीय सहकारी संस्था लि.**
गोंगबु चोक, काठमाडौं
फोन नं. ०१-४३८३७०९

**निर्झर**
**बचत तथा ऋण सहकारी संस्था लि.**
त्रिपुरेश्वर प्लाजा, त्रिपुरेश्वर, काठमाडौं
फोन नं.: ०१-४२२८५३९

**बिनिमय**
**बचत तथा ऋण सहकारी संस्था लि.**
कमलाक्षी, काठमाडौं
फोन नं.: ०१-५३६५०३०

**गोगंबु सिद्धि**
**बचत तथा ऋण सहकारी संस्था लि.**
गोगंबु सिद्धि टोल, काठमाडौं
फोन नं.: ०१-४३५५९५७

**हिमशिखर**
**बहुउद्देश्यीय सहकारी संस्था लि.**
मध्यपुर थिमी-३, गठ्ठाघर, भक्तपुर
फोन नं.: ०१-५६३९४५४, ६६३०८७२

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरुमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


**यूनाईटेड पिपल्स**
**बहुउद्धेश्यीय सहकारी संस्था लि.**
का.म.न.पा-७, चुच्चेपाटी, चावहिल, काठमाडौं
फोन नं.: ०१-४४६८९२९

**निभाटो**
**बचत तथा ऋण सहकारी संस्था लि.**
महाराजगञ्ज, काठमाडौं, नेपाल
फोन नं.: ०१-४०१७५०३

**केदारनाथ**
**बचत तथा ऋण सहकारी संस्था लि.**
सुनपा-७, जगाती, भक्तपुर
फोन नं. : ०१-६६१६५२२

**सुम्निमा**
**बचत तथा ऋण सहकारी संस्था लि.**
सातदोवाटो, ललितपुर
फोन नं. ०१-५५३६६८७

**ग्लोबल**
**बचत तथा ऋण सहकारी संस्था लि.**
खरिबोट-०८, बालकुमारी, ललितपुर
फोन नं. : ०१-५५२२४५९

**विश्वास**
**बचत तथा ऋण सहकारी संस्था लि.**
मध्यपुर थिमि नगरपालिका-६, बाहाखा बजार, भक्तपुर
फोन नं. : ०१-६६३८६३३, ६६३६५५४
इमेलः bishwashsaving@gmail.com

**दीपावती**
**बचत तथा ऋण सहकारी संस्था लि.**
ल.पु.उ.म.न.पा वडा नं. ८, ललितपुर
फोन नं. : ०१-५५४३३१७

**मंगलदीप**
**बचत तथा ऋण सहकारी संस्था लि.**
प्रयागपोखरी-१२, लगनखेल, ललितपुर
फोन नं. : ०१-५४२४३११,
इमेलः mangaldeep521@gmail.com

उपयोगी

# उत्पादकत्व बृद्धिका लागि कार्यालय व्यवस्थापनको महत्व

यदि तपाई आफ्नो धेरै समय डकुमेन्ट्स, इमेल र मोबाइल चार्जमा समय विताउनु हुन्छ भने तपाईले बहुमूल्य उत्पादकत्व गुमाइरहनुभएको छ । प्रतिबद्धता, स्थिरता र योजनामा रहेर अगाडी बढ्ने प्रयास गर्नुभयो भने तपाईले राम्रो प्रतिफल पाउन थाल्नुहुनेछ । नापाले संस्था संचालनका लागि यी टिप्स दिएको छ जसले हाम्रो कामगर्ने स्थानलाई तनावमुक्त बनाई उत्पाधकत्व बृद्धिमा महत्वपूर्ण भूमिका खेल्न सकिन्छ ।



### काम गर्ने स्थानलाई व्यवस्थिति गर्ने

कार्यालयका महत्वपूर्ण स्थानमा अनावश्यक सामानहरूबाट छुटकार पाउनका लागि पहिलो कदम चाल्नुपर्छ । अनावश्यक थुपिएका कागजातलाई हटाउनुस् । आफ्नो दराज र डेक्समा रहेका ६ महिनादेखि कुनै काममा नआएका अनावश्यक कागजातहरूलाई फ्याकिदिनुस् । जब तपाईले अनावश्यक सामान हटाउनु हुन्छ तब तपाईलाई काम गर्न सहज हुन्छ ।

### कार्यालय पुर्नर्व्यवस्थित गर्ने

काम गर्ने तरिका अनुसार आफ्नो अफिसको फर्निचरको अवस्थालाई मुल्यांकन गर्दै नयाँ व्यवस्थिति गर्ने । फर्निचर, फाइल, फोहर फ्याक्ने टोकरी सहज रू छिटै उपयोग गर्ने स्थानमा राख्ने ।

### डेक्सटपलाई व्यवस्थि गर्ने

दैनिक आवश्यकताको आधारमा सामाग्री तथा ग्याजेष्टलाई डेक्सटपमा राख्ने । तीनहरूलाई सहजरपमा भेट्टाउने स्थानमा राख्नुपर्छ । आजको डिजिटल युगमा पेन/पेनसिलले भएिको बोटल डेक्समा आवश्यक पर्दैन । तर कम्प्युटर, फोन र केहि पेन, नोटकप्याट र स्ट्यालललाई हातले भेट्टाउने स्थानमा राख्नुपर्छ ।

### फाइलिङ प्रणालीको विकास गर्ने

सहज रूपमा व्यवस्थापन गर्ने सकिने फाइलिङ सिस्टमको विकास गर्नुपर्छ । हामीले आफ्नो व्यक्तिगतरूपमा फाइलिङ सिस्टमलाई विकास गर्न सक्छौं । हामीले अक्षरका आधारमा, प्रोजेक्ट, सदस्य वा अन्य केहि तरिकाबाट फाइलिङ गर्न सक्छौं । तर,जुन तरिकाबाट हामीले कागजी फाइलिङ सिस्टम अपनाएका छौं विद्युतिय प्रणालीमा पनि त्यहि प्रणाली अपनाउनुपर्छ । फाइनको मास्टर लिस्ट नाम दोहोरिन दिदैन । तपाईको अनुउपस्थितीमा पनि अरूलाई फाइल भेट्टाउनका लागि यसले सहज भूमिका खेल्छ । विदा बसेको समयमा पनि फाइलका लागि अफिसको कल उठाउनुपर्ने झन्झटबाट बच्न सकिन्छ । तत्काल चाहिने डकुमेन्ट अगाडि राख्नुपर्छ । जुन तत्काल सहज रुपमा भेट्टाउन सकिन्छ ।

### समय व्यवस्थापन

दैनिक काम गर्ने लिस्ट तयार गर्ने । ठूलो प्रोजेक्टलाई स–सानो स्टेप बनाएर अगाडी बढाउनुपर्छ । जसले समय व्यवस्थापन गर्न सहज हुन्छ । समय तालिकाअनुसार आफूलाई व्यवस्थित गर्ने । क्यालेन्डर निमार्ण गरि काम गर्दा समयसिमा भित्र काम सम्पन्न गर्न सकिन्छ । यसले काम गर्ने वातावरण सिर्जना गर्छ । तनाव मुक्त गराउँछ र सफलता हात लाग्छ ।

### सुचीमा रहेर संवाद गर्ने

संवाद गर्नुपर्नेहरूको सुची बनाएर फोन गर्ने वा इमेल तथा एसएमएस मार्फत संवाद संचाल गर्नुपर्छ । जसले संचारलाई व्यवस्थित गराउँछ ।

### डिजिटल व्यवस्थापन गर्ने

भौतिक व्यवस्थापन जतिकै महत्व छ विद्युतिय रूपमा गरिने व्यवस्थापन । सदस्य तथा प्रोजेक्ट अनुसार फोल्डर र सहयाक फोल्डर बनाउने । इमेलहरूको समयमा व्यवस्थापन गर्नुपर्छ । अनावश्यक इमेलहरूलाई इनबक्सबाट हटाइहाल्नुपर्छ । इमेल बक्स स्टोरेज युनिट होइन त्यसैले स्टोर गर्ने काम इमेल बक्समा नगरौं । यसका लागि तत्काल व्यवस्थापन गरौं । यी स–साना कामले पनि समयको व्यवस्थापन गर्न सहज हुन्छ । समय बचाओट गर्न सकिन्छ ।


"उद्यम सँगै बचत समुन्नत भविष्यको आधार,
CYC मोबाईल सेवा मार्फत बैंकिङ कारोबार"
Mobile Topup
Bank Fund Transfer
Account Details
Load Esewa
Load Khalti
Insurance Payments
NEA Payment
ADSL Payment
Airplane Ticket
Loan Kista Payments
Khanepani Payment
सबै समस्याको एउटै समाधान
सिवाईसी स्मार्ट एप


सिवाईसी
नगदलाई नाईं भनौ, QR लाई स्वीकारौं
Free
निशुल्क
सिवाईसी बिजनेस क्यू आर (QR)
अब सिवाईसीको बिजनेस क्यू आर
प्रयोग गरि जुनसुकै बैंक अथवा
वालेट मार्फत सजिलै भुक्तानी पाउनुहोस
Go digital, Go Smart
Sewa
सिवाईसी


अनेक
उपयोगिताहरुको लागि
एउटै SMART CHOICE
SCT-UPI | DEBIT CARD
SCT
SCT

# शुभकामना

वि.सं. २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११४४ तथा छठ पर्वको पावन अवसरमा हाम्रा सदस्य सहित देश तथा विदेशमा रहनुहुने नेपालीहरूमा सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**इमेज**
**बचत तथा ऋण सहकारी संस्था लि.**
ललितपुर-६, ललितपुर
फोन नं. : ०१-५५३३३०८
इमेलः imagesaccos@gmail.com

**नव धवलागिरी**
**बचत तथा ऋण सहकारी संस्था लि.**
टोखा-१०, सामाखुशी, काठमाडौं
फोन नं. : ०१-५९००८५६, ५९८३७७४

**रोयल**
**बहुउद्देश्यीय सहकारी संस्था लि.**
रोयल कम्प्लेक्स, बसुन्धारा, काठमाडौं
फोन नं. : ०१-४९५४०४६, ४९६४४५८
इमेलः info@royalcooperative.com.np

**गुडविल**
**बचत तथा ऋण सहकारी संस्था लि.**
चावहिल, काठमाडौं
फोन नं. : ०१-४५७८४१६, ४५६१७४६

**चण्डेश्वरी**
**बचत तथा ऋण सहकारी संस्था लि.**
केन्द्रीय कार्यालयः बनेपा-८, तिनदोबाटो, काभ्रे
फोन नं. : ०११-६६२९१४
इमेलः chandisaccos@gmail.com

**जनता**
**बचत तथा ऋण सहकारी संस्था लि.**
चित्रपुर, सूर्यविनायक नगरपालिका-४, भक्तपुर
फोन नं. : ०१-६६३३८९५
इमेलः janata.sccl@gmail.com

**सामूहिक**
**बचत तथा ऋण सहकारी संस्था लि.**
बोलछेँ, भक्तपुर
फोन नं : ०१-६६१३५१२, ६६११२४

**शुभविहानी**
**बचत तथा ऋण सहकारी संस्था लि.**
का.म.न.पा.-७, चावहिल, काठमाडौं
फोन नं : ०१-४४६३१२४


coop
National Cooperative Federation of Nepal
NCF
1993
नेपालीहरूको महान चाड बडा दशै,
दिपावली, नेपाल सम्वत् ११४४ तथा
छठ पर्व को
पावन अवसरमा सम्पूर्ण सहकारीकर्मीहरू, दाजुभाई
तथा
दिदिबहिनी एवं शुभेच्छुक महानुभावहरूलाई
न्ति, सुस्वास्थ्य एवं सम्वृद्धिको हार्दिक
मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
मिनराज कडेल
अध्यक्ष
तथा राष्ट्रिय सहकारी महासंघ परिवार
दिगो एवं मर्यादित सहकारी अभियानको नेतृत्वदायी महासंघ
NCF
NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
हरिहरभवन, पूल्चोक, ललितपुर
www.ncfnepal.com.np


विजया दशमी
को शुभकामना
यस संस्थाका सम्पूर्ण सेयर सदस्यहरु, संचालक समिति, लेखा तथा सुपरिवेक्षण समितिका पधाधिकारीहरु, सल्लाहकारहरु, विभिन्न उपसमिति, शुभचिन्तक, कर्मचारीहरु साथै देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा बडा दशैं २०८० को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
।। समृद्धिको प्रतीक ।।
मनिप्लान्ट
सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

महान चाड
दशैं २०८० को
शुभकामना
जेष्ट आइडियोलोजी
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
ZEST IDEOLOGY SAVING & CREDIT CO-OPERATIVE LTD.
प्रधान कार्यालयः
महालक्ष्मी कम्प्लेक्स, खिचापोखरी, न्यूरोड
फोन नं. ०१-५३६४६६४, ५३२५५७३, ५३५३६६३
सदस्य सेवा केन्द्रः
मैतीदेवी, काठमाडौं
फोन नं. ०१-४५१६४०१, ४५१७७२९
सनसिटी चोक, काडाँघारी, काठमाडौं
फोन नं: ०१-५९०१९७४, ५९०१९७५
zest_ideology@hotmail.com
www.zestideologycoop.com.np
facebook.com/zest.ideology



महान चाड
दशैं २०८० को
शुभकामना
अष्टमातृका बचत तथा ऋण सहकारी संस्था लि.
Astamatrika Saving & Credit Cooperative Ltd.
धोविघाट-३, चक्रपथ, ललितपुर, फोन नं.: ०१-५१८८६३१
इमेलः astamatrika2010@gmail.com




महान चाड
दशैं २०८० को
शुभकामना
श्री गणेश बहुउद्देश्यीय सहकारी संस्था लि.
Shree Ganesh Multipurpose Cooperative Ltd.
प्रयागपोखरी, ललितपुर, फोन नं.: ०१-५५५४२३०, ५५४१०९८
इमेलः shreeganeshm94@gmail.com

“आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं।”

विजयादशमी, शुभ-दीपावली, नेपाल संवत् ११४४ न्हूदँ तथा छठ पर्वको
सुखद् उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्य तथा शुभेच्छुकहरुमा सुख,
शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको लागि

**हार्दिक मंगलमय शुभकामना**

**तुईलाल श्रेष्ठ**
अध्यक्ष

**बालकुमारी** बचत तथा ऋण सहकारी संस्था लि. परिवार
BALKUMARI SAVING & CREDIT CO-OPERATIVE LTD.

शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर, फोनः ५०९३३२३, ५०९३४५५

उपाध्याक्ष : महेन्द्रकुमार जोशी । सचिव : पृथ्वीराम श्रेष्ठ । कोषाध्यक्ष : सुदिप श्रेष्ठ । सं. सदस्य : जीवनहरि श्रेष्ठ । सं. सदस्य शिवकृष्ण श्रेष्ठ । सं. सदस्य सूर्यलाल श्रेष्ठ
सं. सदस्य श्यामकृष्ण पाते श्रेष्ठ । सं. सदस्य सुनिलकुमार श्रेष्ठ । सं. सदस्य ओमकिशोर श्रेष्ठ । सं. सदस्य सुमति साहू श्रेष्ठ

www.balkumarisaccos.com

‘सहकारीको दिगोपना, स्वनियमन र सुशासन’


ncbl.coop
TOLL
FREE
बैंकका सेवा सुविधा सम्वन्धी जानकारी
टोल फ्री नम्वर १६६००१०३५५५ मा
कार्यालय समय भित्र सम्पर्क गरी प्राप्त गर्न सकिने
व्यहोरा सम्पूर्ण सहकारी संघ/संस्थाहरुमा सहर्ष जानकारी गराउँदछौं ।
National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
"हाम्रो लक्ष्य : सम्पूर्ण सहकारीको दिगो भविष्य"
NEDAC
coop